असार – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३२, अङ्क ६ | २०८० असार १६-३१ | पूर्णाङ्क ७४४



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरिशंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री नगेन्द्रकेशरी पोखरेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री पुष्पा पराजुली

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १ |
| इजलास नं. १ | ८ |
| इजलास नं. २ | ५ |
| इजलास नं. ३ | ३ |
| इजलास नं. ४ | ६ |
| इजलास नं. ५ | १२ |
| इजलास नं. ६ | ५ |
| **जम्मा** | **४०** |

| | |
|---|---|
| इजलास नं. ७ | ५ |
| इजलास नं. ८ | ८ |
| इजलास नं. ९ | ५ |
| इजलास नं. १० | ८ |
| इजलास नं. ११ | १ |
| इजलास नं. १६ | १ |
| **जम्मा** | **२८** |

**कूल जम्मा ४० + २८ = ६८**

# नेपाल कानून पत्रिकामा

## प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

## हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

## मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८०, असार – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| संयुक्त इजलास | | | १ - १ |
| १. | उत्प्रेषणसमेत | रामकुमार भण्डारी वि. वि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल चितवनसमेत | १ |
| इजलास नं.१ | | | १ - ११ |
| २. | उत्प्रेषणसमेत | नारायणदेव राणा वि. राष्ट्रिय खेलकुद परिषद्, काठमाडौंसमेत | १ |
| ३. | बन्दी प्रत्यक्षीकरण | रोजिना सुवेदी पुडासैनी वि. कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंसमेत | ३ |
| ४. | बन्दी प्रत्यक्षीकरण | बरूण श्रेष्ठ वि. काठमाडौं जिल्ला अदालत, काठमाडौंसमेत | ४ |
| ५. | उत्प्रेषणयुक्त परमादेश | अमर सिंह कोट्टारी वि. मार्मा गाउँपालिका, गाउँपालिकाको कार्यालय, लटिनाथ, दार्चुलासमेत | ४ |
| ६. | बन्दी प्रत्यक्षीकरण | शुसिलकुमार दुलाल वि. रौतहट जिल्ला अदालसमेत | ५ |
| ७. | उत्प्रेषणयुक्त परमादेश | नेपो इण्डष्ट्रिज प्रा.लि., काठमाडौं वि. भक्तपुर नगरपालिकाको कार्यालय, दरबार स्क्वायर, भक्तपुरसमेत | ७ |
| ८. | उत्प्रेषणयुक्त परमादेश | पिरामिड एडभर्टाइजिङ प्रा.लि., काठमाडौंसमेत वि. काठमाडौं महानगरपालिकाको कार्यालय, सुन्धारा | ८ |
| ९. | जबरजस्ती करणी गरी कर्तव्य ज्यान | इन्द्रदेव महतो वि. नेपाल सरकार, नेपाल सरकार वि. भरत महतोसमेत | ९ |
| इजलास नं. २ | | | ११ – १७ |
| १०. | बन्दी प्रत्यक्षीकरण | सोहेल मियाँ वि. पर्सा जिल्ला अदालत, वीरगन्ज | १२ |
| ११. | बन्दी प्रत्यक्षीकरण | परिवर्तित नाम गोकुलगंगा "०" वि. जिल्ला प्रहरी कार्यालय, रामेछापसमेत | १३ |
| १२. | बन्दी प्रत्यक्षीकरण | दीपेस राईको हकमा प्रेमाकुमारी गिरी वि. गोरखा जिल्ला अदालत, गोरखासमेत | १३ |
| १३. | बन्दी प्रत्यक्षीकरण | राज भन्ने बोजबहादुर भुजेल वि. उच्च अदालत पाटन, ललितपुर | १५ |
| १४. | करारको यथावत् परिपालना | रोड सो रियल स्टेट प्रा.लि., काठमाडौं | १६ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ३** | | | **१७ – १९** |
| १५. | उत्प्रेषणयुक्त परमादेश | भारत-सप्तकोशी जे.भी. वि. नेपाल क्रेडिट एण्ड कमर्स (एन.सी.सी. बैंक) लिमिटेडसमेत | १८ |
| १६. | लागु औषध (डाइजेपाम) | तीर्थकुमार रिजाल वि. नेपाल सरकार | १८ |
| १७. | उत्प्रेषण परमादेशसमेत | लोकबहादुर कार्की वि. महानगरीय अपराध महाशाखा, काठमाडौंसमेत | १९ |
| **इजलास नं. ४** | | | **१९ – २५** |
| १८. | वैदेशिक रोजगार कसुर | नरबहादुर खनाल वि. नेपाल सरकार | १९ |
| १९. | वैदेशिक रोजगार कसुर | नसिवुल कवारी वि. नेपाल सरकार | २० |
| २०. | उत्प्रेषणसमेत | वविता मालु वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौंसमेत | २१ |
| २१. | कर्तव्य ज्यान र हाडनाता करणी | सुनमाया भन्ने अनिशा तामाङ वि. नेपाल सरकार | २२ |
| २२. | लागु औषध चरेस | भिमकुमार राई वि. नेपाल सरकार | २३ |
| २३. | लागु औषध बिक्री वितरण | तेजबहादुर गुरूङ वि. नेपाल सरकार, सन्दीप पहारी वि. नेपाल सरकार | २४ |
| **इजलास नं.५** | | | **२५ – ३६** |
| २४. | बैंकिङ कसुर | नेपाल सरकार वि. मेखबहादुर थापा | २५ |
| २५. | बैंकिङ कसुर | नेपाल सरकार वि. महेश थापा | २६ |
| २६. | उत्प्रेषण | चाँदनी कुमारी यादव वि. ग्रामिण विकास केन्द्र नेपाल लौकाहा, रौतहटसमेत | २६ |
| २७. | मिलापत्र बदर दर्ता बदर दर्ता | सत्यनारायण यादवसमेत वि. सोहगिया देवी यादवसमेत | २७ |
| २८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. साधु भन्ने सुकदेव कुर्मीसमेत | २८ |
| २९. | बन्दी प्रत्यक्षीकरण | जुलकरी सैयाद मुसलमान वि. कारागार कार्यालय, नख्खु, ललितपुरसमेत | २९ |
| ३०. | घर टहरा भत्काइपाउँ | रामचन्द्र तिमिल्सिना वि. विषुणुमाया दमै | ३० |
| ३१. | अपुताली हक कायम दर्ता | नसीर उद्दिन मियाँसमेत वि. लैमुन मियाँ | ३१ |
| ३२. | बन्दी प्रत्यक्षीकरण | परिवर्तित सङ्केत नाम ५१(C) पिपरा वि. कपिलवस्तु जिल्ला अदालतसमेत | ३२ |
| ३३. | जबरजस्ती करणी | कमलराज गिरी वि. नेपाल सरकार | ३३ |
| ३४. | बन्दी प्रत्यक्षीकरण | परिवर्तित नाम ७१ मालाखेती ३६ (घ) समेत वि. जिल्ला प्रहरी कार्यालय, कैलालीसमेत | ३४ |

| | | | |
|---|---|---|---|
| ३५. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. दिपककुमार घले | ३५ |
| **इजलास नं.६** | | | **३६ – ४०** |
| ३६. | बहाल दिलाई घर खाली गराइपाउँ | सन्जु महर्जन वि. मधुसुधन श्रेष्ठ | ३६ |
| ३७. | ठगी | नेपाल सरकार वि. शरदचन्द्र गौतमसमेत | ३७ |
| ३८. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. प्रेम लामासमेत | ३८ |
| ३९. | उत्प्रेषण | भरतकुमार लकाई वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौंसमेत | ३८ |
| ४०. | नापी निर्णय बदर गरी अबन्डा जग्गा बन्डा गरी नामसारी दर्ता गरिपाउँ | ब्रजेन्द्र प्रसाद प्रधान वि. बनारसी प्रसाद प्रधान | ३९ |
| **इजलास नं.७** | | | **४० – ४४** |
| ४१. | ठगी | नेपाल सरकार वि. वैद्यनाथ प्रसाद कर्णसमेत | ४० |
| ४२. | लिखत बदर | नगिना साह कानू वि. पल्टनीया कनुईनसमेत | ४२ |
| ४३. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. विकास घिमिरेसमेत | ४२ |
| ४४. | डाँका | नेपाल सरकार वि. रोसन भन्ने राकेश कुमार यादवसमेत | ४३ |
| ४५. | भ्रष्टाचार | मोहनबहादुर रसाइली वि. नेपाल सरकार, अग्नीबहादुर शाही वि. नेपाल सरकार, नेपाल सरकार वि. हिरण्यप्रसाद ढुंगानासमेत | ४४ |
| **इजलास नं.८** | | | **४५ – ५१** |
| ४६. | बन्दी प्रत्यक्षीकरण | करबहादुर सार्की वि. उच्च अदालत दिपायल, महेन्द्रनगर इजलास, महेन्द्रनगरसमेत | ४५ |
| ४७. | उत्प्रेषणसमेत | हरिनारायण प्रसाद साह रौनियार वि. नेपाल नागरिक उड्डयन प्राधिकरण, काठमाडौंसमेत | ४५ |
| ४८. | कर्तव्य ज्यान | रेशम तामाङ (पाख्रिन) वि. नेपाल सरकार | ४६ |
| ४९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बिमला लोध | ४७ |
| ५०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गुनिसा थापामगर, नेपाल सरकार वि. सोमबहादुर थापामगर | ४८ |
| ५१. | चोरी, अपहरण तथा शरीर बन्धक, जबरजस्ती करणी र कर्तव्य ज्यान | नेपाल सरकार वि. बालकिशोर चौरसिया | ५९ |

| | | | |
|---|---|---|---|
| ५२. | डाँका चोरी | नेपाल सरकार वि. कालु पुनसमेत | ५० |
| ५३. | बन्दी प्रत्यक्षीकरण | धिरिन्द्राकुमारी उपाध्यायसमेत वि. जिल्ला प्रहरी कार्यालय, दैलेखसमेत | ५१ |
| **इजलास नं.९** | | | ५१ – ५७ |
| ५४. | उत्प्रेषण | बद्रीनरसिंह अधिकारी वि. नेपाल सरकार वाणिज्य मन्त्रालय, काठमाडौंसमेत | ५१ |
| ५५. | उत्प्रेषणसमेत | देवेन्द्रमान प्रधान वि. नेपाल सरकार, वाणिज्य मन्त्रालय, काठमाडौंसमेत | ५२ |
| ५६. | उत्प्रेषणसमेत | डम्बरप्रसाद पोखरेल वि. नेपाल विद्युत् प्राधिकरण, पदपूर्ति महाशाखा, काठमाडौं | ५३ |
| ५७. | उत्प्रेषणसमेत | देवेन्द्रमान प्रधान वि. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, पुल्चोकसमेत | ५५ |
| ५८. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. हरिकुमार मगरसमेत | ५६ |
| **इजलास नं.१०** | | | ५७ – ६६ |
| ५९. | लागु औषध हेरोइन | नेपाल सरकार वि. सन्दिप सेन, पदमबहादुर घर्ती क्षेत्री वि. नेपाल सरकार | ५७ |
| ६०. | जबरजस्ती करणी | राजकुमार यादव वि. नेपाल सरकार, विनोद यादव वि. नेपाल सरकार | ५८ |
| ६१. | मानव बेचविखन तथा ओसारपसार | कृष्णबहादुर तामाङ वि. नेपाल सरकार | ६० |
| ६२. | उत्प्रेषणसमेत | गौतम भण्डारीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | ६१ |
| ६३. | बन्दी प्रत्यक्षीकरण | सुमित भण्डारी वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ६२ |
| ६४. | लागु औषध खैरो हेरोइन | प्रविण भण्डरी वि. नेपाल सरकार | ६२ |
| ६५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बुलेन्द्र यादव | ६४ |
| ६६. | जबरजस्ती करणी | वीरेन्द्रनगर A वि. नेपाल सरकार | ६५ |
| **इजलास नं.११** | | | ६६ – ६७ |
| ६७. | बन्दी प्रत्यक्षीकरण | निशुङ लामाको नाउँमा निर्मला लामा तामाङ वि. काठमाडौं जिल्ला अदालतसमेत | ६६ |
| **इजलास नं.१६** | | | ६७ – ६८ |
| ६८. | बैंकिङ कसुर | नेपाल सरकार वि. उपेन्द्र प्रसाद चौधरी | ६७ |

## संयुक्त इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७६-WO-०३९३, उत्प्रेषणसमेत, रामकुमार भण्डारी वि. वि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल चितवनसमेत*

निवेदकलाई मिति २०६४।१२।१० मा विभागीय सजाय भएकोमा सोउपर अस्पतालका अध्यक्षसमक्ष दिएको पुनरावेदनको निवेदनमा कारबाही भई मिति २०६७।३।२५ मा नै निजउपरको कारबाही बदर भएको रिट निवेदन तथा विपक्षीको लिखित जवाफ बेहोरामा उल्लेख भएको देखिन्छ । यसरी निवेदक स्वयम्ले दिएको पुनरावेदनको निवेदनमा मिति २०६७।३।२५ नै मागबमोजिम सजाय बदर भइसकेपछि यी रिट निवेदक मिति २०७१।४।१४ मा पहिलोपटक हाजिर हुन अस्पताल गएको भनी रिट निवेदक स्वयम्ले स्वीकार गरेको देखिन्छ । मानव जीवन रक्षाका लागि स्थापित अस्पताल जस्तो एउटा संवेदनशील संस्थामा कार्यरत कर्मचारीले गर्नुपर्ने कर्तव्य, व्यवहार एवम् कामको नियमिततालाई कसैले पनि नजर अन्दाज गर्न सकिने विषय होइन। निवेदकको भनाइअनुसार पनि निज उक्त अस्पतालमा आफूले मुद्दा जितेपछि पहिलो पटक करिब चार वर्षपछि र अन्तिम पटक करिब आठ वर्षपछि मात्रै हाजिर हुन पाउँ भनी गएको देखिन्छ भने सोही विषयउपर यस अदालतमा भने झण्डै ९ (नौ) वर्षपछि मात्र उपचारका लागि प्रस्तुत रिट दायर गर्नु भएको देखिने।

आफ्नो अधिकारप्रति सजग रहने व्यक्तिलाई नै अदालतले मद्दत गर्दछ। यी रिट निवेदकले आफूलाई सेवाबाट हटाउने गरी भएको विभागीय कारबाहीको निर्णय अस्पतालका अध्यक्षबाट मिति २०६७।३।२५ मा बदर भएको हो, तर अस्पतालले हाजिर हुन आउनु भनेर जानकारी नदिएकोले ढिलो भएको कुरा प्रस्तुत रिटमा उल्लेख गरेकोसमेत देखिन्छ । रिट निवेदक आफूले अस्पतालका अध्यक्षसमक्ष दिएको पुनरावेदनमा के कस्तो कारबाही भयो ? निर्णय कहिले भयो ? भनेर सो सम्बन्धमा चासो र जानकारी लिने जिम्मेवारी निजमा नै सन्निहित रहने कुरा हो। न्याय प्राप्तिका लागि व्यक्ति स्वयम् उजुरी गर्न जानुपर्ने र सोको कारबाही प्रक्रियामा सामेल भई भएको निर्णयमा चित्त नबुझेमा उपर्युक्त समयमा कानूनी उपचार खोज्ने दाइयित्व सम्बन्धित पक्षको नै हुने हुँदा केवल थाहा पाइन भनी अरूलाई दोष दिएर निदाएर बस्ने पक्षले आफ्नो कर्तव्य गरेको मान्न सकिन्न । अतः कर्तव्य र अधिकार प्रति यी निवेदक सजग रहेको पाइएन । आफ्नो अधिकारको बेवास्ता गर्ने व्यक्तिलाई मद्दत गर्न अदालतलाई कर लाग्दैन भन्ने विलम्बको सिद्धान्त मानिने प्रचलन छ । अनुचित विलम्ब गर्ने व्यक्तिले मागेको उपचार प्रदान गर्दा कुनै अर्को व्यक्ति वा संस्थाको हक हितमा असर पर्न जान्छ भने अदालतले विलम्ब गर्नेलाई मद्दत गर्न सक्दैन। रिट निवेदक यस अदालतमा जुन उपचारको खोजीमा आउनुभएको छ रिट दर्ता हुँदा करिब नौ वर्ष अवधि व्यतीत भइसकेको देखिन्छ । यसबाट निवेदक आफ्नो अधिकार प्रति सजग भई उचित समयमा न्यायको ढोका ढकढकाउन सकेको नदेखिँदा विलम्बको सिद्धान्त (principle of laches) समेतका आधारमा प्रस्तुत रिट खारेज हुने।

इजलास अधिकृत: नवराज दुलाल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७८ फागुन १० गते रोज ३ शुभम्।

## इजलास नं. १

**२**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७६-WO-०२३९,*

*उत्प्रेषणसमेत, नारायणदेव राणा वि. राष्ट्रिय खेलकुद परिषद्, काठमाडौंसमेत*

निवेदक अध्यक्ष रहेको कुस्ती सङ्घको कार्यकाल मिति २०७६।२।२४ सम्म रहेको देखिन्छ। सो कार्यकाल सकिनुपूर्व माथि प्रकरणहरूमा विवेचना भएबमोजिम नयाँ कार्यसमितिको निर्वाचन गर्नको लागि निर्वाचन समितिको गठन गरी खेलकुद परिषद्मा निकासाको लागि पेस गरेको र मिति २०७६।२।१५ मा सो सङ्घको मिति २०७६।३।७ मा निर्वाचन गर्ने सूचना प्रकाशन गरेको पाइन्छ । यसरी रिट निवेदक अध्यक्ष रहेको कुस्ती सङ्घले नयाँ कार्य समिति निर्वाचनको तयारी गरी सोको अनुमतिको माग गरी खेलकुद परिषद्मा पठाएको अवस्थामा परिषद्ले त्यस विषयमा निर्णय गर्नुपर्ने देखिन्छ । मिति २०७६।३।९ मा एकै चोटि खेलकुद परिषद्ले रिट निवेदकको अध्यक्षतामा रहेको कुस्ती सङ्घलाई विघटन गरी राज महम्मद मियाँ अन्सारीको अध्यक्षतामा तदर्थ कमिटी गठन गरी नयाँ निर्वाचन गर्नेलगायतको कार्यादेश दिएको पाइन्छ । यसरी रिट निवेदकको कार्यसमितिलाई विघटन गर्नुपूर्व खेलकुद परिषद्ले रिट निवेदक अध्यक्ष रहेको कमिटीलाई कुनै निर्देशन दिएको र सो निर्देशनको पालना नगरेको र यस प्रकारको कार्य गरी कुस्ती खेलको नियम विपरीत हुने यस्तो यस्तो कार्य गरेको भनी देखाउन सकेको देखिँदैन। यसरी कुनै खेल सङ्घलाई कारबाही गर्नुपूर्व खेलकुद परिषद्ले त्यस्तो सङ्घलाई कारबाही गर्नुपर्ने कारणसहितको जानकारी दिई सोसम्बन्धमा त्यस्तो सङ्घको जवाफ लिई सो जवाफसमेत चित्त बुझ्दो नभएमा मात्र कारण खोली कारबाही गर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दाका रिट निवेदकको कार्य समितिलाई उपयुक्तअनुसारको कार्यविधिको पालना गरी निजको अध्यक्षतामा रहेको कार्य समितिलाई विघटन गरेको कुरा विपक्षी खेलकुद परिषद्ले कहीँ कतै खुलाउन सकेको देखिँदैन। यसरी रिट निवेदक रहेको कुस्ती सङ्घलाई विघटन गर्नुको आधार र कारणसमेत नखोली सफाइको मौकासमेत नदिई विघटन गरेको कार्यलाई कानूनसम्मत रहेको भन्न मिल्ने अवस्था नदेखिने।

यी रिट निवेदक अध्यक्ष रहेको कुस्ती सङ्घलाई खेलकुद परिषद्ले विघटन गरेको कार्य कानून विपरीत रहेको अवस्थामा यस सङ्घ र यस सङ्घलाई विघटन गरी राज महम्मद मियाँ अन्सारीको अध्यक्षतामा रहेको कुस्ती सङ्घको कानूनी अस्तित्व के हुने ? भन्ने प्रश्न खडा हुन आएको देखिन्छ। सो प्रश्नतर्फ विचार गर्दा, रिट निवेदकको अध्यक्षतामा रहेको कुस्ती सङ्घको पदावधि कानूनत: मिति २०७६।२।२४ मा नै समाप्त भएको देखिन्छ। सो मिति समाप्त भएपछि उक्त कमिटीलाई यस अदालतबाट पुनः निरन्तरता दिएको खण्डमा नेपाल कुस्ती सङ्घको विधान, २०६४ को धारा ३(१०) विपरीत हुने देखिँदा निजको अध्यक्षतामा रहेको कुस्ती सङ्घलाई अर्को निर्वाचन गराउन पाउने गरी निरन्तरता पाउँ भन्ने निवेदन जिकिर कानून सङ्गत देखिएन। रिट निवेदन खारेज हुने।

रिट निवेदक रहेको कुस्ती सङ्घको अवधि समाप्त भएको अवस्थामा निर्वाचन गर्ने प्रयोजनार्थ निर्वाचन समितिलाई मान्यता दिने वा नदिने भन्ने सम्बन्धमा खेलकुद परिषद्ले निर्णय गर्नुपर्ने देखिन्छ। निर्वाचन गराउनेतर्फ निर्णय नगरी मिति २०७६।३।९ मा रिट निवेदकको अध्यक्षतामा रहेको सङ्घको कार्य समितिलाई विघटन गरी राज महम्मद मियाँ अन्सारीको अध्यक्षतामा गठन गरिएको पुनर्गठित सङ्घ पनि अवैधानिक देखियो । यस्तो अवैधानिक सङ्घलाई मान्यता दिन नमिल्ने हुँदा सो पुनर्गठित सङ्घसमेत बदर हुने।

अतः रिट निवेदकको अध्यक्षतामा रहेको सङ्घका कार्य समितिका पदाधिकारीको अवधि मिति २०७६।२।२४ मा समाप्त भई सो कार्य समितिले समेत निरन्तरता पाउँ भन्ने निवेदन माग खारेज हुने गरी र मिति २०७६।३।९ मा राज महम्मद मियाँ अन्सारीको

अध्यक्षतामा गठित तदर्थ समिति पनि आजै यसै इजलासबाट बदर हुने भएबाट लामो समयसम्म नेपाल कुस्ती सङ्घ पदाधिकारी विहीन रहेको देखिँदा आदेश प्राप्त भएको तीन महिनाभित्र रिट निवेदकले पेस गरेको निर्वाचन समितिलाई आवश्यक परिमार्जन गरी निर्वाचन गर्नु गराउनु भनी खेलकुद परिषद्को नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत (उपसचिव): नवराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल चैत्र ३ गते रोज ३ शुभम् ।

**३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७७-WH-०१८७, बन्दीप्रत्यक्षीकरण, रोजिना सुवेदी पुडासैनी वि. कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंसमेत*

निवेदक जरिवानाबापत मिति २०७७।९।१९ देखि हालसम्म १८ दिन कैदमा रहेको देखिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) समेतका प्रचलित कानूनबमोजिम जरिवानाबापत कैद ठेक्नुपर्दा एक दिनको रू.३००।– का दरले गणना गरी कैद ठेक्नुपर्ने हुन्छ । यस प्रकार निवेदक उक्त १८ दिनको रू.५,४००।– बराबरको कैद बसिसकेको देखिन आयो । मुलुकी अपराध संहिता, २०७४ को दफा १४९ (३) (ग) मा "खण्ड (क) वा (ख) मा लेखिएदेखि बाहेक अन्य कुनै किसिमले ठगी गरेमा सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिवाना" हुने कानूनी व्यवस्था रहेको छ । सो उपदफाको खण्ड (क) मा "भ्रष्टाचार हुनेमा बाहेक नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा भएको कुनै संस्थालाई ठगी गरेमा दश वर्षसम्म कैद र एकलाख रूपैयाँसम्म जरिवाना" र खण्ड (ख) मा "आफ्नो नाम, दर्जा, पदवी, योग्यता ढाँटी ठगी गरेमा पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना" हुने व्यवस्था रहेको पाइन्छ । यी रिट निवेदकले उल्लिखित खण्ड (क) र (ख) बमोजिमको ठगी नगरी खण्ड (ग) बमोजिमको ठगीभित्र पर्ने कसुर गरेको देखिन आयो । हाल प्रचलित उल्लिखित कानूनअनुसार ठगी मुद्दामा रू.७०,०००– भन्दा बढी जरिवाना हुन सक्ने अवस्था नदेखिने ।

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" भन्ने तथा नेपाल कानूनलाई संशोधन एकीकरण समायोजन तथा खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुनेछ । तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुनेरहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुनेछ" भन्ने व्यवस्था रहेको देखिन्छ । यस अवस्थामा निवेदकलाई पहिले कसुर गर्दाको अवस्थामा हुनसक्ने जरिवानाको हदमा परिवर्तन गरी पछि आएको उल्लिखित ऐन, बमोजिमको सुविधाबाट वञ्चित गर्नुपर्ने कुनै कारण देखिँदैन । अहिले निवेदकलाई अदालतको फैसलाअनुसार लागेको कैद मिति २०७७।९।१८ मा असुल भएको र हाल निज जरिवानाबापत थप १८ दिन कैद बसेको पाइयो । यसरी जरिवानाबापत कैद बसी निजले दैनिक रू.३००।– ले रू. ५,४००।– बरावरको कैद बसेको देखिँदा सो रकम निजलाई हुने जरिवाना रू.७५,०००।– मा घटाउनुपर्ने देखियो । सो रकम घटाउँदा अब निजले रू.६९,६००।– जरिवाना लगत रहेको अदालतमा बुझाउन सक्ने र सो बुझाएमा कैद मुक्त हुनपर्ने देखिँदा अब निजलाई उल्लिखित ठगीसमेतको कसुरमा उच्च अदालत पाटनबाट मिति २०७७।३।१६ मा र बहुविवाह मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति

२०७६।१२।३ मा भएको फैसलाअनुसार भनी कैदमा राख्नु कानून प्रतिकूल हुने ।

तसर्थ, सुमन पुडासैनीलाई उल्लिखित मुद्दामा पूरानो कानूनबमोजिमको जरिवाना नदिएको भनी थुनामा राखिराख्ने कार्य गैरकानूनी हुने देखिएकाले निजलाई उल्लिखित ठगीसमेत र बहुविवाह मुद्दामा भएको फैसलाअनुसारको कुल जरिवाना रू.७५,०००।– मा निजले जरिवानाबापत पनि १८ दिन कैद बसी रू.५,४००।– बराबरको जरिवाना भुक्तान गरिसकेकोले अब बाँकी रहेको जरिवाना रू.६९,६००।– बुझाउन ल्याएका बखत बुझी कैदमुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत (उपसचिव): नवराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल माघ ७ गते रोज ४ शुभम् ।

**४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७७-WH-०१८१, बन्दीप्रत्यक्षीकरण, बरूण श्रेष्ठ वि. काठमाडौं जिल्ला अदालत, काठमाडौंसमेत*

रिट निवेदकले मुद्दाको म्याद थप, अभियोजनलगायतका सम्पूर्ण कार्य गैहकानूनी भएकोमा सर्वोच्च अदालत नियमावलीको नियम ४०, ४६, ४९, ५३ बमोजिम अभियोजन, थुनछेकलगायतका आदेश, निर्णयहरू उत्प्रेषणको आदेशले बदर गरी प्रस्तुत मुद्दामा कुनै न्यायिक कारबाही अघि नबढाउनु भनी प्रत्यर्थीहरूका नाममा प्रतिषेधात्मक परमादेशको आदेश जारी गरिपाउँ भनी लिएको दाबी सम्बन्धमा विचार गर्दा, उत्प्रेषण(Certiorari) कुनै प्रशासनिक, अर्धन्यायिक वा तल्लो न्यायिक निकायले कार्य सम्पादन गर्नेक्रममा गैरकानूनी निर्णय गरेमा त्यसलाई बदर गर्न माथिल्लो न्यायिक निकायले जारी गर्ने रिट हो । सो रिट सार्वजनिक पद धारण गर्ने अधिकारी वा निकायका नाममा आफ्नो क्षेत्राधिकार नाघेर वा क्षेत्राधिकार नभई कुनै प्रशासनिक वा अर्धन्यायिक वा तल्लो न्यायिक निकायले गरेको निर्णय गैरकानूनी र बदरभागी भएमा उत्प्रेषणद्वारा त्यस्तो निर्णय बदर गर्नको लागि जारी गरिन्छ । प्रतिषेध (writ of prohibition) भनेको न्यायिक वा अर्धन्यायिक निकायले अधिकार क्षेत्रभन्दा बढी अधिकार प्रयोग गरी वा कानून नाघेर कुनै काम कारबाही गर्न लागेमा त्यस्तो नगर्नु भनी माथिल्लो न्यायिक निकायले दिने आदेश हो । यसले सार्वजनिक पद धारण गर्ने अधिकारी वा निकायले कारणवश गैरकानूनी निर्णय गर्न लागेमा त्यस्तो गर्नबाट रोक्नको लागि जारी गरिने आदेश हो । प्रस्तुत रिट निवेदनमा निवेदकलाई सुरू काठमाडौं जिल्ला अदालतले डाँका चोरी मुद्दा र ज्यान मार्ने उद्योग मुद्दामा मुलुकी अपराध संहिता, २०७४ बमोजिमको कसुरमा मुद्दा दायर गरी अदालतबाट उक्त मुद्दाको पुर्पक्षको लागि थुनामा गएको अवस्था रहेबाट रिट निवेदन मागबमोजिम प्रत्यर्थीहरूका नाममा प्रतिषेधात्मक परमादेशको आदेश जारी गर्ने अवस्था नदेखिने ।

तसर्थ, निवेदकलाई डाँका चोरी तथा ज्यान मार्ने उद्योग मुद्दाको कसुरमा सुरू काठमाडौं जिल्ला अदालतले मिति २०७७।०७।२५ मा रिट निवेदक/ प्रतिवादीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी भएको आदेशलाई नै सदर गरी उच्च अदालत पाटनबाट भएको आदेश कानूनसम्मत हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत(उपसचिव): नवराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल माघ ७ गते रोज ४ शुभम् ।

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-WO-०७२४, उत्प्रेषणयुक्त परमादेश, अमर सिंह कोट्टारी वि. मार्मा गाउँपालिका, गाउँपालिकाको कार्यालय, लटिनाथ, दार्चुलासमेत*

समानान्तर अधिकारक्षेत्रको प्रयोग गरी उपचार

माग गरेको विषयमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४१(१) मा "निवेदकले निवेदनमा उच्च अदालत र जिल्ला अदालतसमेतको समानान्तर अधिकारक्षेत्रमा पर्ने विषयमा ती अदालतहरूमा कुनै निवेदन दिएको वा कानूनी कारबाही चलाएको छैन भन्ने बेहोरा स्पष्टरूपमा खुलाउनुपर्ने" व्यवस्था रहेको देखिन्छ । यस्तै उच्च अदालत नियमावली, २०७३ को नियम ३१(१) मा "बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध र अधिकारपृच्छा जस्ता सर्वोच्च अदालत र उच्च अदालतको समानान्तर अधिकार क्षेत्रअन्तर्गतपर्ने विषयमा निवेदन दिँदा वा लिँदा सो विषयमा कानूनी उपचारको लागि सर्वोच्च अदालतमा कुनै निवेदन दिएको वा कानूनी कारबाही चलाएको छ, छैन भन्ने बेहोरा स्पष्ट खुलाउनुपर्ने" व्यवस्था रहेको देखिन्छ। यस कानूनी व्यवस्था रोहबाट प्रस्तुत निवेदनको सम्बन्धमा स्वयम् निवेदक र अदालत प्रशासनसमेतले निवेदन दर्ताको क्रममा नै दोहोरोपना आउन नदिने विषयमा उचित सावधानी अपनाउन सकेको देखिएन । यसर्थ समानान्तर अधिकारक्षेत्रको प्रयोग हुने यस किसिमको निवेदनहरूमा दोहोरोपना आउन नदिन उल्लिखित कानूनबमोजिम आन्तरिक कामकारबाहीलाई सु-व्यवस्थित बनाउने र निवेदकलाई समेत कानूनले तोकेबमोजिमको जिम्मेवारीबोध गराउने गरी स्वघोषणा गर्न लगाउनेलगायतका दायित्व निर्वाह गराउनेतर्फ ध्यान दिनुपर्ने देखिने।

रिट निवेदकले प्रस्तुत रिट निवेदनमा उल्लेख गरेको विषयवस्तु समान भएको अर्को निवेदन उच्च अदालत दिपायलमा दर्ता गरेको र निवेदकको मागबमोजिम आदेश जारी भइसकेको देखिन्छ। रिटको क्षेत्राधिकार तथ्यको निरूपण गरिने गरी सामान्य क्षेत्राधिकार होइन । रिटको क्षेत्राधिकार संविधान प्रदत्त हकमा आक्रमण भएको, उपचारविहीनता अवस्था भएको वा उपचारको प्रभावकारिता नभएको, सार्वजनिक हक वा सरोकारको विषयलगायतको विशिष्ट अवस्थामा ग्रहण हुने देखिन्छ। एकपटक कुनै विषयमा सुनुवाइ भई अन्तिम भइसकेको अवस्थामा सोही पक्ष र विषय समावेश भएको अवस्थामा पुनः रिटको क्षेत्राधिकार आकर्षित हुने होइन। यस अवस्थामा उच्च अदालतबाट रिट निवेदनको सुनुवाइ भएको र सोबाट विषयवस्तुको निरूपण भएको अवस्थामा सोही निर्णय अन्तिम हुने (finality of judgement) सिद्धान्त अवलम्बन गर्नु श्रेयस्कर हुने देखियो । यस आधारमा प्रस्तुत निवेदनबमोजिमको मागका सम्बन्धमा उच्च अदालत दिपायलमा समेत निवेदन परी उक्त अदालतबाट सुनुवाइ भई आदेशसमेत जारी भइसकेको अवस्था भएको हुँदा यस अदालतमा दिएको निवेदनको औचित्यता रहेको नदेखिने।

अतः रिट निवेदकले यही विषयमा उच्च अदालत दिपायलमा परमादेशको निवेदन दिएको र सो अदालतबाट मिति २०७६।३।३० मा निजलाई हाजिर गराउनु भन्ने आदेश भएको उक्त आदेशको प्रतिलिपिबाट देखिँदा प्रस्तुत रिट निवेदनको औचित्यता समाप्त भई रिट निवेदकको मागबमोजिम आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्ने।

इजलास अधिकृत(उपसचिव): शिवबहादुर थापा

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७८ साल साउन २४ गते रोज १ शुभम्।

## ६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-WH-०३२५, बन्दीप्रत्यक्षीकरणसमेत, शुसिलकुमार दुलाल वि. रौतहट जिल्ला अदालसमेत*

प्रतिवादीहरू नारायण राई र शुसिलकुमार दुलाल विरूद्ध ज्यान मार्ने उद्योग र डाँका मुद्दामा रौतहट जिल्ला अदालतबाट प्रतिवादी शुसिल कुमार दुलाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ५ वर्ष कैद र ऐ. ऐनको चोरीको महलको १४(४) नं. बमोजिम ६ वर्ष कैद र रू.३०,००,०००।- (तीस लाख रूपैयाँ) जरिवाना

तथा प्रतिवादी नारायण राईलाई मुलुकी ऐन, चोरीको महलको १४(४) नं. बमोजिम जनही ६ वर्ष कैद र रू.३०,००,०००।- (तीस लाख रूपैयाँ) जरिवाना हुने गरी भएको फैसलालाई उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट सदर भई अन्तिम भएको देखिन्छ। यस फैसलाबमोजिम रौतहट जिल्ला अदालतबाट प्रतिवादी नारायण राईलाई ६ वर्ष कैद र रू.३०,००,०००।- (तीस लाख रूपैयाँ) जरिवाना हुने र प्रतिवादी शुसिलकुमार दुलाललाई ११ वर्ष कैद र रू.३०,००,०००।- (तीस लाख रूपैयाँ) जरिवाना हुने गरी कैदी पुर्जी दिएको देखिन्छ। एउटै व्यक्तिलाई विभिन्न कसुरबापत कैद सजाय गर्नुपर्दा ती प्रत्येक कसुरबापतको सबै कैद सजाय जोडेर आउने पूरा कैद सजाय गर्नेभन्दा पनि एकभन्दा बढी कसुरमध्ये सबैभन्दा बढी कैद हुने एक सजाय कार्यान्वयन गर्नुपर्ने देखिन्छ । अतः प्रतिवादी शुसिलकुमार दुलालको हकमा फैसलाबमोजिम ठुलो कलम रहेको मुलुकी ऐन, चोरीको महलको १४(४) नं. बमोजिम ६ वर्ष कैद र ३० लाख रूपियाँ जरिवाना हुनसक्ने देखिने।

प्रतिवादीमध्येका नारायण राई आजका मितिसम्म ८ महिना २ दिन बढी कैद बसेको हुँदा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१ (२) बमोजिम दैनिक रू.३०० दरले २४२ दिनको रू.७२,६००।– बराबरको कैद बसी निजलाई चोरी मुद्दामा हुने अधिकतम जरिवाना रू.७०,०००।- समेत भुक्तान भइसकेको देखिन आयो । यसअवस्थामा निजलाई जरिवाना हुने रकमभन्दा बढी रकम बराबरको कैद भुक्तान गरेको हुँदा निजलाई थुनामा राखिराख्नुपर्ने अवस्था देखिएन। यस्तै अर्का प्रतिवादी शुसिलकुमार दुलाल ३ महिना ९ दिन बढी कैद बसेको हुँदा निजको हकमा ९९ दिनको दैनिक रू. ३००।- का दरले रू.२९,७००।– बराबरको कैद बसी निजलाई हुने अधिकतम जरिवाना रू.७०,०००।- बाट उक्त रकम घटाई बाँकी हुन आउने रकम रू.४०,३००।- (चालिस हजार तीन सय रूपैयाँ) भएको देखियो । यसरी शुसिलकुमार दुलालको हकमा बाँकी रहन आएको जरिवानाबापतको रकम रू.४०,३००।- (चालिस हजार तीन सय रूपैयाँ) निजको नाममा जरिवाना बाँकी रहेको अवस्था देखिने।

अतः प्रतिवादीहरू नारायण राई र शुसिलकुमार दुलालविरूद्ध ज्यान मार्ने उद्योग र डाँका मुद्दामा रौतहट जिल्ला अदालतबाट मिति २०७२।१२।२९ मा प्रतिवादी शुसिलकुमार दुलाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ५ वर्ष कैद र ऐ. ऐनको चोरीको महलको १४(४) नं. बमोजिम जनही ६ वर्ष कैद र रू.३०,००,०००।- (तीस लाख रूपैयाँ) जरिवाना तथा प्रतिवादी नारायण राईलाई मुलुकी ऐन, चोरीको महलको १४(४) नं. बमोजिम ६ वर्ष कैद र रू.३०,००,०००।- (तीस लाख रूपैयाँ) जरिवाना हुने गरी भएको फैसलालाई मिति २०७५।४।१८ मा उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट सदर भई अन्तिम भएकोमा मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (३) (क), केही नेपाल कानूनलाई संशोधन एकीकरण समायोजन तथा खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२)(ग) तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ बमोजिम निज प्रतिवादीहरूलाई जनही ६ वर्ष कैद र रू.७०,००,०००।- (सत्तरी हजार रूपियाँ) जरिवाना हुने देखियो। यस आधारमा प्रतिवादीमध्येका नारायण राईलाई ठेकिएको कैद भुक्तान भई हालसम्म निजलाई जरिवाना हुने रकमभन्दा बढी रकम बराबरको कैद भुक्तान गरेको हुँदा निजलाई थुनामा राखिराख्नुपर्ने अवस्था नदेखिएबाट निजलाई अन्य कुनै मुद्दामा थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको हकमा थुनामुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने

ठहर्ने ।

इजलास अधिकृत (उपसचिव): शिवबहादुर थापा

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७८ साल साउन २४ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-WO-१०७९, उत्प्रेषणयुक्त परमादेश, नेपो इण्डष्ट्रिज प्रा.लि., काठमाडौं वि. भक्तपुर नगरपालिकाको कार्यालय, दरबार स्क्वायर, भक्तपुरसमेत*

रिट निवेदकलाई नेपो क्याप गार्मेन्टले बुझाउन बाँकी कर तथा शुल्क रू.५,८०,८००।– भक्तपुर नगरपालिकालाई बुझाउनुपर्ने र मिति २०७५।६।२१ को बोर्ड बैठकबाट भक्तपुर औद्योगिक क्षेत्रभित्रका उद्योगहरूले किस्ताबन्दी वा एकमुष्ट गरी २०७५ चैत्र मसान्तसम्म नगरपालिकालाई बुझाउन बाँकी हालसम्मको सम्पूर्ण कर रकम बुझाएमा सोमा लाग्ने हर्जाना (जरिवाना) मिनाहा दिने निर्णय भएको सो अवधिभित्र नबुझाएमा हर्जाना जरिवाना मिनाहाको सुविधा प्राप्त नहुने भन्ने बेहोराको पत्र पठाएको थियो। निवेदकसँग कुनै सम्बन्ध सरोकार नभएको नेपो क्याप गार्मेन्ट प्रा.लि.को कर तथा शुल्कको दायित्व निवेदक प्रा.लि.ले बेहोर्नुपर्ने नभएको सम्बन्धमा विपक्षीलाई जानकारीका लागि दिएको निवेदन दर्ता नगरी फिर्ता गरेको थियो। यसबाट निवेदक प्रा.लि.को कानूनी हक हनन भएको र अन्य वैकल्पिक उपचारको व्यवस्था नभएको हुँदा विपक्षीको कामकारबाहीलाई उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने निवेदन देखियो। विपक्षी भक्तपुर औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयको तर्फबाट यी निवेदक र विपक्षी नगरपालिकाबिचको समझदारीबमोजिम तिर्नुपर्ने करसम्बन्धमा यस कार्यालयलाई जानकारी नहुने र सरोकार नभएको विषयमा यस कार्यालयलाई विपक्षी बनाइएको हुँदा रिट निवेदन खारेज गरी लिखित जवाफ रहेको देखियो। साथै, विपक्षी भक्तपुर नगरपालिकाले मिति २०७७।७।२१ को पत्रबाट यी रिट निवेदकलाई तिर्नुपर्ने भनी काटिएको पत्रबमोजिम निवेदकबाट सम्पूर्ण कर भुक्तान गरिसकेकको भन्ने उल्लेख भएकोसमेत देखिने।

नेपालको संविधानद्वारा प्रदत्त मौलिक हक प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भएपनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवाद समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपर्युक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकारको रूपमा रिटको क्षेत्राधिकारलाई लिइन्छ। यसरी संवैधानिक व्यवस्थाबमोजिमको आदेश जारी गर्ने अधिकार सर्वोच्च अदालतमा रहेको हुन्छ। प्रस्तुत रिट निवेदनमा नेपो इन्डष्ट्रिज प्रा.लि.लाई भक्तपुर नगरपालिकाबाट व्यवसाय करलगायतको कर तिर्न लगाई कानूनी हकको हनन भएको भनी निवेदन दायर दिएको देखिन्छ। तथापि मिति २०७७।६।१३ मा भक्तपुर नगरपालिकाका प्रमुख श्री सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर औद्योगिक क्षेत्रभित्र सञ्चालनमा रहेको नेपो इन्डष्ट्रिज प्रा.लि.का प्रमुख एवम् प्रतिनिधिहरूसँगको बैठकबाट नेपो इन्डष्ट्रिज भक्तपुर नगरपालिकालाई बुझाउनुपर्ने व्यवसाय कर, सरसफाइ शुल्क तथा सम्पत्ति कर २०७७।६।२९ भित्र बुझाउने निर्णय भएको देखिन्छ। यस्तै भक्तपुर नगरपालिकाको प.सं. ३५/७९(२०७७/७८), च.नं. ९३२ र मिति २०७७।७।२१ को पत्रमार्फत रिट निवेदकले व्यवसाय कर बुझाउन असमर्थता जनाई बक्यौता रहेको नेपो इण्डष्ट्रिज प्रा.लि. भक्तपुरले पूरानो बाँकी कर बक्यौता र चालु आ.ब. २०७७।७८ सम्मको कर हिमालय बैंक लि. को चेक नं. ००३०८१७१०७

बाट यस कार्यालयको रसिद नं. १८९०९३ बाट मिति २०७७।६।१८ मा असुलउपर भएको भनी यस अदालतलाई जानकारी गरेको देखिन्छ । यसरी रिट निवेदकले यस रिट निवेदनमा उल्लेख गरेको नेपो इन्डष्ट्रिजबाट भक्तपुर नगरपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर भुक्तान गरिसकेको देखिन आएबाट यस अदालतमा दिएको प्रस्तुत रिट निवेदनको औचित्यता रहेको नदेखिने।

अतः यी रिट निवेदनमा उल्लिखित नेपो इण्डष्ट्रिज प्रा.लि.ले भक्तपुर नगरपालिकाको मिति २०७७।७।२१ को पत्रबाट तोकेको सम्पूर्ण कर भुक्तान गरिसकेको भन्ने देखिएबाट प्रस्तुत रिट निवेदनको औचित्यतता नै समाप्त भई रिट निवेदनको मागबमोजिम आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्ने।

इजलास अधिकृत(उपसचिव): शिवबहादुर थापा
कम्प्युटर: रमला पराजुली
इति संवत् २०७८ साल साउन २४ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-WO-०६२३, उत्प्रेषणयुक्त परमादेश, पिरामिड एडभर्टाइजिङ प्रा.लि., काठमाडौंसमेत वि. काठमाडौं महानगरपालिकाको कार्यालय, सुन्धारा*

काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको प.सं. ०७६/७७, च.नं. ३०० र मिति २०७६।८।२२ को पत्रमार्फत पिरामिड एडभरटाइजिङ प्रा.लि.लाई पत्रमा उल्लिखित सर्तहरूको अधिनमा रही मिति २०७६।०४।०१ देखि २०७६।९।३० सम्म विज्ञापन गर्न अनुमति दिएको देखिन्छ। पत्रमा उल्लिखित सर्तहरूको बुँदा (१) मा "काठमाडौं महानगरपालिका विज्ञापन कर निर्देशिका, २०६४, विज्ञापन बोर्ड तथा प्रचार सामग्री नियमन गर्ने निति, २०७० र काठमाडौं महानगरपालिका आर्थिक ऐन, २०७६ को विपरीत हुने गरी कुनै पनि प्रचार सामग्री राख्न पाइने छैन" भन्ने र बुँदा १३ मा "विज्ञापन प्रचार प्रसार सामग्री राख्न दिइएको अनुमति कुनै कारणवश रद्द गर्नुपरेमा काठमाडौं महानगरपालिकाबाट कुनै किसिमको क्षतिपूर्ति दिइने छैन" भन्ने उल्लेख भएको देखिन्छ । उक्त सर्तहरूका सम्बन्धमा यी रिट निवेदकहरू सहमत भएको देखिन्छ । साथै काठमाडौंका अव्यवस्थित होर्डिङ बोर्ड व्यवस्थापन गरी वातावरणीय स्वच्छततता कायम गर्ने सम्बन्धमा महानगरपालिकको दायित्वका सम्बन्धमा निवेदकले निवेदनमा उठान गरेको मिति २०७२ साल भदौ १६ गते परमादेश (०७१-WO-०००७) लगायतका सार्वजनिक सरोकारका विषयमा यस अदालतबाट व्याख्या भइसकेको अवस्थासमेत देखिने।

देशको राजधानीको रूपमा रही जनघनत्व तथा सवारी चाप अत्यधिक रहेको काठमाडौं उपत्यकामा वातावरण संरक्षणको कार्य गरी यस स्थानको प्राकृतिक सुन्दरता, स्वच्छता र मौलिकता कायम राख्ने चुनौती विद्यमान रहेको अवस्था छ । मानिसहरूको आवतजावत बढी हुने काठमाडौंका विभिन्न स्थानहरूमा व्यावसायिक प्रयोजनमा राखिएका विज्ञापन सामग्रीले सहरी सौन्दर्यमा कमी ल्याउने मात्र नभई यसले मानिसलाई दिग्भ्रमित गर्ने र सवारी दुर्घटनासमेत बढाउने विषयमा समेत सबैको सरोकार, चिन्ता र चासोको विषय स्वाभाविक हुन्छ। यस परिवेशमा काठमाडौं महानगरपालिकाले विज्ञापन तथा होर्डिङ बोर्डहरूको व्यवस्थापन गरी काठमाडौंको स्वच्छ वातावरण कायम राख्न क्रियाशील रहनुपर्ने भनी यस अदालतबाट आदेश जारी भई यसको प्रभावकारी कार्यान्वयन गर्नबाट महानगरपालिका पन्छिन मिल्दैन । यसरी काठमाडौं महानगरभित्र होर्डिङ बोर्डलगायत विज्ञापन सामग्रीहरूको व्यवस्थापन गरी वातावरण स्वच्छता राख्नु काठमाडौं महानगरपालिकाको दायित्त्व रहेको विषयमा कुनै

द्विविधा रहेन । काठमाडौं महानगरपालिकाले यी निवेदकहरूलाई विज्ञापन अनुमति दिनेसम्बन्धी पत्रमा “विज्ञापन प्रचार प्रसार सामग्री राख्न दिइएको अनुमति कुनै कारणवश रद्द गर्नुपरेमा काठमाडौं महानगरपालिकाबाट कुनै किसिमको क्षतिपूर्ति दिइने छैन” भन्ने व्यवस्था रहेको र सो सर्तलाई निवेदकहरूले स्वीकार गरेको पनि देखिन्छ। साथै, यी निवेदकहरूलाई काठमाडौं महानगरपालिकाले विज्ञापनसम्बन्धी दिएको अनुमतिको अवधि मिति २०७६।९।३० सम्म रहेको र निवेदकहरूले सो अवधिको कर भुक्तानी दिइसकेको देखिन आयो । यसबाट निवेदकहरूले प्रस्तुत निवेदन उठान गरेको विवादको अवधि व्यतीत भइसकेको देखिँदा हाल यस निवेदनको औचित्यता रहेको नदेखिने।

अतः निवेदकहरू पिरामिड एडभर्टाइजिङ प्रा.लि. र जे.के. होर्डिङ बोर्ड एण्ड सप्लायर्सतर्फबाट प्रस्तुत निवेदनमा मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्ने।

इजलास अधिकृत (उपसचिव): शिवबहादुर थापा
कम्प्युटर: रमला पराजुली
इति संवत् २०७८ साल साउन २४ गते रोज १ शुभम्।

**९**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री नहकुल सुवेदी,** *०७३-CR-०६८५, ०७४-CR-०२८३, जबरजस्ती करणी गरी कर्तव्य ज्यान, इन्द्रदेव महतो वि. नेपाल सरकार, नेपाल सरकार वि. भरत महतोसमेत*

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. मा "लाठा, ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी हानी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकैजानाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिसलाई मुख्य ज्यानमारा ठहर्छ। त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ।" भन्ने देखिएको र प्रतिवादी इन्द्रदेव महतोको कसुरको प्रकृति हेर्दा उल्लिखित कानूनी व्यवस्था आकर्षित भई निजलाई सर्वस्वसहित जन्मकैदको सजाय हुनुपर्ने देखिँदा सोही कानूनी व्यवस्थाबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहर गरेको सुरू जिल्ला अदालत र पुनरावेदन अदालत जनकपुरको फैसला मिलेकै भए तापनि हाल कायम रहेको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा “कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन” भन्ने व्यवस्था रहेको देखिँदा निजलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्न मिल्ने नदेखिएकाले निज प्रतिवादी इन्द्रदेव महतोलाई जन्मकैदको सजाय हुनुपर्ने देखिन आउने।

प्रतिवादी भरत महतोको सम्बन्धमा विचार गर्दा निजले मौकामा अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा कसुरमा साबिती भएको देखिएपनि सुरू जिल्ला अदालतमा कसुरमा इन्कारी भई बयान गरेको देखिन्छ । सह-अभियुक्त इन्द्रदेव महतोले मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा यी प्रतिवादी भरत महतोलाई कसुरमा पोल गरेको देखिएको र आफूसमेत कसुरमा साबित भई पोल गरेको सहअभियुक्तको बयान प्रमाणमा लिन मिल्ने भए तापनि निजले अदालतमा बयान गर्दा कसुरमा इन्कारी भई वारदातको बारेमा आफ्नो अनभिज्ञता प्रकट गरेको देखिँदा निजको मौकाको पोललाई मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाण र वारदात परिस्थितिले समर्थन गर्छ, गर्दैन भनी सतर्कतापूर्वक हेर्नुपर्ने देखिन आयो । मृतकका पति जाहेरवाला बलदेव महतोले मिति २०६७।८।१२ मा जाहेरी दिँदा र अदालतमा उपस्थित भई बकपत्र गर्दासमेत यी प्रतिवादी भरत महतोको वारदातमा संलग्नता रहेको भनी लेखाउन सकेको देखिँदैन। अनुसन्धानको सिलसिलामा कागज

गर्ने कुनै पनि व्यक्तिले भरत महतो वारदातमा संलग्नता छ भनी कागज गरी अदालतमा सोबमोजिम बकपत्र गरेको अवस्था पनि छैन । करणीको जरियाबाट यी प्रतिवादीसमेत वारदातमा संलग्न रहेको भन्ने अभियोग दाबी भए तापनि करणीको वारदात नै स्थापित हुन नसकेकोबाट उक्त दाबी खण्डित हुन पुगेको छ । यसप्रकार यी प्रतिवादीको मौकाको साबिती बयान मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणबाट समर्थित हुन नसकेको र अन्य स्वतन्त्र प्रमाणहरूबाट समर्थित नभएको साबिती बयानलाई मात्र आधार मानी कसुर कायम गर्नु न्यायसङ्गत हुन सक्दैन । अदालतबाहेक अन्यत्र गरिएको साबिती निजले स्वेच्छाले गरेको हो भनी अदालत विश्वस्त हुन सकेमा मात्र प्रमाणमा लिन सकिने हुन्छ । यसरी विश्वस्त हुने आधार भनेको मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणहरूको विश्लेषण नै हो । प्रस्तुत मुद्दामा प्रतिवादी भरत महतोले अदालतमा बयान गर्दा आफ्नो मौकाको बयान आफूले भनेबमोजिम नभएको र स्वेच्छा विपरीतको हो भनेको र मिसिल संलग्न शव परीक्षण प्रतिवेदनलगायतका प्रमाणबाट यी प्रतिवादीको साबिती बयान समर्थित हुन नसकेको अवस्थामा त्यस्तो साबिती र अन्य प्रमाणबाट समर्थित हुन नसकेको सहअभियुक्तको पोलका आधारमा मात्र प्रतिवादी भरत महतोलाई कसुरदार ठहर गर्न मिल्ने नदेखिएबाट निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला अन्यथा देखिन नआउने ।

प्रतिवादीहरूमध्येका विजयकुमार महतो र बालदेव महतोको हकमा विचार गर्दा निजहरू सुरू अदालत तथा मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दासमेत आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ । निजहरूउपर जाहेरी दरखास्त परेको देखिए तापनि जाहेरवालाले अदालतमा आई बकपत्र गर्दा जाहेरी बेहोरालाई समर्थित हुने गरी बेहोरा लेखाएको पाइँदैन । वस्तुतः जाहेरी दरखास्त अपराधको सूचनासम्म हो । जाहेरवालाले जाहेरी बेहोरा समर्थन हुने गरी अदालतमा आई बकपत्र नगरेसम्म त्यस्तो जाहेरीको बेहोरालाई प्रमाणको रूपमा लिन मिल्दैन । प्रस्तुत मुद्दामा जाहेरी दरखास्तमा साक्षीको रूपमा नाम उल्लेख भएका मोहनलाल महतोसमेतका पाँच जना व्यक्तिहरू नै लास जाँच मुचुल्कामा समेत साक्षी बसेको देखिएका र निजहरू वादी पक्षका साक्षी भई अदालतमा आई बकपत्र गर्दा पनि यी प्रतिवादीहरूउपर शंकासम्म व्यक्त गरेको देखिन आउँदैन । मौकामा घटना विवरण कागज गर्ने श्याम सुन्दर महतोसमेतका व्यक्तिहरूले पनि अदालतमा आई बकपत्र गर्दा यी प्रतिवादीहरू वारदातमा संलग्न रहेको भनी लेखाउन सकेको नदेखिएको र निजहरूउपर अरू प्रतिवादीहरूको पोल बयानसमेत देखिँदैन । फौजदारी मुद्दामा अभियुक्तउपरको अभियोग दाबी प्रमाणित गर्ने भार वादी पक्षको हो । प्रस्तुत मुद्दामा वादीले यी अभियुक्तहरू उपरको अभियोग प्रमाणित हुनसक्ने गरी कुनै वस्तुनिष्ठ प्रमाण पेस दाखिल गर्न नसकेको अवस्थामा केवल जाहेरी दरखास्तमा नाम समावेश गरेकै आधारमा निजहरूलाई कसुरदार कायम गर्नु न्यायको रोहमा उपयुक्त नदेखिने ।

अर्का प्रतिवादी रघुनाथ महतोको हकमा विचार गर्दा यी प्रतिवादीउपर किटानी जाहेरी परेको र जाहेरवालाले अदालतमा बकपत्र गर्दासमेत निजलाई पोल गरेको देखिए पनि निज प्रतिवादी रघुनाथ महतो अदालतमा बयान गर्दा जाहेरवालाले आफूलाई फसाउन मुद्दा जाहेरी दिएको भनी कसुरमा इन्कारी भएको देखिन्छ । प्रतिवादी इन्द्रदेव महतो र भरत महतोले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा यी प्रतिवादीसमेत वारदातस्थलमा उपस्थित भएको भनी निजको समेत नाम लिएको देखिए तापनि निजले मृतक कम्पुलदेवीलाई चोट छोडी कुटपिट गरेको वा अन्य कुनै बेहोराले वारदातमा संलग्न रहेको भनी लेखाउन सकेको देखिँदैन । निजहरूको बयानबाट कम्पुलदेवीलाई करणी गरी कुटपिट गरी

बेहोस बनाए पछि प्रतिवादी बुधरामले यी प्रतिवादीलाई बोलाएपछि यी प्रतिवादीले भनेबमोजिम मृतकलाई घिसार्दै झाडीमा फालेको भन्ने देखिए तापनि माथिको प्रकरणमा गरिएको प्रमाणको विवेचनाबाट मृतकउपर करणी भएको र मृतकलाई घिसार्दै वारदातस्थलमा लगेको भन्ने तथ्य नै स्थापित हुन नसकेको अवस्थामा सो हदसम्म जाहेरवालाको बकपत्रसमेत खण्डित हुन पुगेको र सहअभियुक्तको बयानसमेत मिसिल संलग्न स्वतन्त्र प्रमाणबाट समर्थित हुन सकेको देखिएन । तथापि मिसिल प्रमाणबाट प्रतिवादी बुधराम महतोले यी प्रतिवादी रघुनाथ महतोलाई बोलाई वारदातका बारेमा बताएको भन्नेसम्म देखिन आएकोले यी प्रतिवादीले घटनाबारे मौकैमा थाहा पाएको भन्नेसम्म अवस्था देखिन आउँछ । वारदातबारे मौकैमा थाहा पाएका यी प्रतिवादीले कहीँकतै जाहेरी सूचना गरेको भने देखिन आउँदैन । यससम्बन्धमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको २५ नं. मा "ज्यान मारिसकेको कुरा चाल पाई जाहेर नगरी कसुरदारलाई दबाउने भगाउने सरकारी कर्मचारी भए दुई वर्ष, त्यस जग्गाका जिमिदार तालुकदार गाउँ विकास समिति वा नगरपालिकाको सदस्य भए डेढ वर्ष, थरी गुमस्ता मुखिया मिझार जेठा बुढा गोरूम कटुवाले नाइके महाने गाउँका चौकीदार गोडायत भए छ महिना कैद र अरू भए घरमा थाहा पाउने मुख्य जो हो उसलाई बीस रूपैयाँ जरिवाना गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । यस स्थितिमा प्रतिवादी रघुनाथ महतोले घटना वारदातबारे थाहा भए पनि जाहेरी नगरी बसेको देखिएबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको २५ नं. को कसुरमा रू.२० जरिवाना गरेको सुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालत जनकपुरको फैसलामा कानूनी त्रुटि देखिन नआउने ।

अतः जबरजस्ती करणीतर्फको वारदात स्थापित हुनसकेको नदेखिएकाले सुरू धनुषा जिल्ला अदालतबाट मिति २०७१।२।४ मा प्रतिवादीहरू इन्द्र महतो र भरत महतोलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम कैद वर्ष ६ र ऐ. महलको ३क नं. बमोजिम कैद वर्ष ५ तथा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने, प्रतिवादीमध्येका रघुनाथ महतोलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको २५ नं. को कसुरमा रू. २० जरिवाना हुने र अन्य प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको फैसला पुनरावेदन अदालत जनकपुरबाट प्रतिवादी भरत महतोको हकमा उल्टी भई निजले अभियोग दाबीबाट सफाइ पाउने र अन्य प्रतिवादीहरूको हकमा सुरू फैसला सदर हुने ठहरेकोमा सो फैसला केही उल्टी भई प्रतिवादी इन्द्रदेव महतो उपरसमेत जबरजस्ती करणीतर्फको अभियोगदाबी पुग्न नसक्ने देखिँदा सो हदसम्म निजले सफाइ पाउने र निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुरमा सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको र अन्य प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको मिति २०७३।३।१५ को फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी इन्द्रदेव महतोलाई ठहरेको सर्वस्वसहित जन्मकैदको सजायको हकमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्वसहितको जन्मकैदको सजाय नहुने भई जन्मकैद मात्र हुन्छ । प्रतिवादी इन्द्रदेव महतोको अभियोग दाबीबाट सफाइ पाऊँ भन्ने र वादी नेपाल सरकारको प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत (उपसचिव): शिवबहादुर थापा
कम्प्युटर: रमला पराजुली
इति संवत् २०७८ साल साउन २५ गते रोज २ शुभम्।

## इजलास नं. २

### १०

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७८-WH-०११७, बन्दीप्रत्यक्षीकरण, सोहेल मियाँ वि. पर्सा जिल्ला अदालत, वीरगन्ज*

सोहेल मियाँ विरूद्ध दायर भएको जाहेरी दरखास्त र अभियोगपत्रमा निजको उमेर २० वर्ष उल्लेख भई मौकाको बयान गर्दा निजले आफ्नो उमेर १९ वर्ष भएको भनी लेखाएको पाइन्छ । निवेदक स्वयम्ले मौकाको बयानमा लेखाएको उमेर, जाहेरी दरखास्तमा र अभियोगपत्रमा उल्लेख भएको उमेरको आधारमा यी निवेदकउपर दायर भएको अभियोगपत्रमा सुनुवाइ हुने क्रममा निजले पेस गरेको आफ्नो जन्मदर्ता प्रमाणबाट निजको उमेर १८ वर्ष भन्दा कम देखिएको कारण उल्लेख गरी सोहेल मियाँलाई पुर्पक्षको लागि बाल सुधार गृह, पर्सामा पठाएको भन्ने देखिन्छ। यसरी जन्मदर्ता प्रमाणपत्रबाट सोहेल मियाँको उमेर १८ वर्षभन्दा कम देखिएपछि निजलाई पुर्पक्षका लागि बाल सुधार गृहमा पठाउने भनी भएको आदेश निजले मौकामा बयान गर्दा आफ्नो उमेर १९ वर्ष लेखाएबाट साधारण अधिकारक्षेत्रअन्तर्गत सुनुवाइ हुने क्रममा निजको उमेर १८ वर्षभन्दा कम देखिएपछि निजउपर चलेको प्रस्तुत मुद्दा बाल इजलासबाट हेरी कारबाही किनारा गर्नुपर्ने प्रकृतिको भनी बाल इजलासमा पठाएको भन्ने देखिने।

निवेदकउपर दायर भएको नकबजनी चोरी मुद्दाको अभियोगपत्रमा सुनुवाइ हुने क्रममा निज निवेदकको उमेर अभियोगपत्रमा २० वर्ष उल्लेख भई निजले मौकामा गरेको बयानमा निज स्वयम्ले आफ्नो उमेर १९ वर्ष भनी लेखाएको अवस्था देखियो। उक्त दिन नियमानुसार तोकिएको इजलासले बयान गराउने क्रममा निज निवेदक सोहेल मियाँले आफ्नो उमेर १७ वर्ष भनी उल्लेख गरेको र निज निवेदकका कानून व्यवसायीमार्फत निजको जन्मदर्ताको प्रमाणित प्रतिलिपि पेस गरेपश्चात् उक्त दिनको इजलासले सोहेल मियाँ नाबालक रहेको भन्ने देखिएको आधारमा उक्त इजलासबाट अब पछि हुने मुद्दाको कारबाही बाल इजलासमा गर्ने र यी निवेदकलाई पुर्पक्षका लागि बाल सुधार गृहमा पठाउने गरी आदेश भएको देखिने।

सोहेल मियाँलाई पछि हुने मुद्दाको कारबाही बाल इजलासमा गर्ने र पुर्पक्षका लागि बाल सुधार गृह पठाउने कार्य अधिकार क्षेत्र नभएको इजलासबाट भएकोले बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने मूल निवेदन जिकिर लिएतर्फ हेर्दा निवेदक नाबालक हो भन्ने वादी नेपाल सरकारको अभियोग मागदाबी भएको नदेखिएको, सामान्य मुद्दाको कार्यविधि एवम् प्रक्रिया झैँ थुनछेक कार्यको लागि मुद्दा इजलासमा पेस भएको, उक्त इजलासमा निवेदकले गरेको बयान तथा बयानको क्रममा पेस गरेको प्रमाणको मूल्याङ्कन गर्दा नाबालक देखिएको र नाबालकलाई प्राप्त अधिकार र सुविधाअनुसार नै पुर्पक्षको लागि निजलाई बाल सुधार गृहमा राख्ने गरी भएको आदेशलाई अन्यथा भन्न मिलेन। वादी नेपाल सरकारले पेस गरेको अभियोग मागदाबीअनुसार अदालतको नियममित कार्य गर्दै जाँदा तोकिएको इजलासले प्रतिवादीको उमेर खुल्ने कागज प्रमाण प्राप्त गरेपश्चात् बाल इजलासअन्तर्गत पर्ने विषयदेखि बाल इजलासमा पेस गर्नु भनी मिति २०७८।०६।१० मा दिएको आदेश कानूनसङ्गत नै देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिने।

तसर्थ यी रिट निवेदक नाबालक रहेछन्, बाल सुधार गृहमा राख्नु र कानूनद्वारा गठित बाल इजलासको अधिकारक्षेत्रभित्रको मुद्दा देखिँदा अब पछि हुने काम कारबाही बाल इजलासबाट गर्नु गराउनु भनी भएको आदेश अन्यथा नदेखिँदा निवेदन मागबमोजिम

बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु परेन । बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदकको प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : शारदा फुयल (उपसचिव)
कम्प्युटर : समी नेपाली
इति संवत् २०७८ साल माघ २५ गते रोज ३ शुभम् ।

**११**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७८-WH-०१४०, बन्दीप्रत्यक्षीकरण, परिवर्तित नाम गोकुलगंगा "o" वि. जिल्ला प्रहरी कार्यालय, रामेछापसमेत*

मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(५) ले "..... सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसुर, गम्भीर कसुर वा पटके रूपमा कसुर गरेकोमा बाहेक कैदको सजाय गर्नु हुँदैन" भन्ने कानूनी व्यवस्था रहेको छ । त्यसैगरी बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(७) मा "सोह्र वर्ष उमेर पूरा नभएको बालबालिकालाई सजाय गर्दा जघन्य कसुर, गम्भीर कसुर वा पटके कसुर गरेकोमा बाहेक कैदको सजाय गरिने छैन" भन्ने र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १६(२) मा "सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसुर, गम्भीर कसुर वा पटके रूपमा कसुर गरेकोमा बाहेक कैदको सजाय गर्नु हुँदैन" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उपयुक्त कानूनी व्यवस्था अनुसार "गम्भीर" र "जघन्य" कसुर वा पटके कसुरमा सम्म नाबालकलाई कैदमा राख्न मिल्ने देखियो । मिसिल संलग्न रामेछाप जिल्ला अदालतको फैसलासमेतबाट यी निबेदकले पटके कसुर गरेको भन्ने उल्लेख भएको नपाइँदा निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (७) आकर्षित हुने देखिँदा रामेछाप जिल्ला अदालतबाट मिति २०७८।०५।१३ मा भएको फैसलाबमोजिम यी निबेदकलाई १ वर्ष बाल सुधार गृहमा राख्ने गरी भएको फैसला प्रथम दृष्टिमा नै त्रुटिपूर्ण देखिने ।

निवेदक सोह्र वर्ष नपुगेको नाबालक रहेको र निजलाई सामान्य कसुरमा १(एक) वर्ष कैद र रू.१०,०००।- (दश हजार रूपैयाँ) जरिवाना भएकोले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(७), मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(५) र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १६(२) अनुसार कैद गर्न नहुने तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६(१) मा "बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीहरूले काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने छ" भन्ने उल्लेख भइरहेको परिप्रेक्ष्यमा समेत विद्यमान कानूनको बर्खिलाप परिवर्तित नाम गोकुलगंगा "O" लाई सुरू रामेछाप जिल्ला अदालतबाट मिति २०७८।०५।१३ मा भएको फैसला अनुसार बाल सुधार गृहमा राख्नु भनी पठाएको र राखेको कार्य कानूनसम्मत नदेखिई परिवर्तत नाम गोकुलगंगा "O" को थुना गैरकानूनी देखिने ।

अत: सुरू रामेछाप जिल्ला अदालतले लागेको कैद असुल गर्न बाल सुधार गृहमा पठाएको कार्य सो हदसम्म कानून सम्मत नभई गैरकानूनी देखिँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) र (ख) बमोजिम विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : श्यामहरि अधिकारी (उपसचिव)
कम्प्युटर : समी नेपाली
इति संवत् २०७८ साल फागुन ११ गते रोज ४ शुभम् ।

**१२**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७७-WH-०३४१, बन्दीप्रत्यक्षीकरण, दीपेस राईको हकमा प्रेमाकुमारी गिरी वि. गोरखा*

*जिल्ला अदालत, गोरखासमेत*

कर्तव्य ज्यान मुद्दामा म प्रतिवादी राजकुमार गुरूङ नभई दीपेस राई हुँ भनी अदालतमा बयान गर्ने यी निवेदक प्रतिवादीले सो बयानसाथ आफ्नो जिकिर पुष्टि गर्ने प्रमाण तत्काल पेस नगरेका र पछि पेस गर्ने छु भनी उल्लेख नै गर्न सकेका छैनन् र निजले पेस गरेका साक्षी सुकमाया राईले लगाउमा साथै पेस भएको ०७६-CR-१२३८ नं. को कर्तव्य ज्यान मुद्दामा बकपत्र गर्ने क्रममा मात्र ती कागज प्रमाणहरू पेस गरेकाले ती कागज प्रमाणहरू निर्विवाद रहेको मान्न सकिने स्थिति छैन । किनकि निवेदकले ती कागजहरूका सम्बन्धमा उक्त कर्तव्य ज्यान मुद्दामा मौकामा बयान गर्दा उल्लेखसम्म गर्न सकेका छैनन् । सो बयानमा सो कुरा उल्लेख गर्न नसक्नुपर्ने कुनै कारण खुलाएको देखिँदैन । साथै माथि उल्लेख भएबमोजिम आफ्नो मौकाको साबिति बयान बेहोरा यो यसकारणले अन्यथा हो भनी तर्कसङ्गत एवम् विश्वसनीय आधार, कारण अदालतको बयानमा खुलाउन सकेको नदेखिने ।

निवेदककी श्रीमती सुनिता तामाङले उल्लिखित कर्तव्य ज्यान मुद्दामा अनुसन्धानको क्रममा व्यक्त गरेको कागज बेहोरा र अदालतमा गरेको बकपत्र भनाइ यो यसकारणले अन्यथा हो भनी भरपर्दो आधार, कारण खुलाउन नसकेको, वारदातका प्रत्यक्षदर्शी अर्जुन वि.क.को घटना विवरण कागज बेहोरा, वारदात भएको स्थानका रामबहादुर थापा, भरत श्रेष्ठसमेत स्थानीय व्यक्तिहरूको भनाइ यो यति कारणले अन्यथा हो, झुट्ठा हो भन्न नसकेका र यी निवेदक सँगै काम गर्न सँगै बसेका यी निवेदकका जेठा दाजु हुँ भनी खुलाई मौकाको कागज र अदालतमा समेत बकपत्र गर्ने देउबहादुर गुरूङलाई यो, यस कारणले आफ्नो दाजु होइन, निजले यो, यति कारणले झुट्ठा बेहोरा लेखाएका हुन् भनी यी निवेदकले तथ्यगत रूपमा भन्न, लेखाउन सकेको पाइँदैन भने निवेदकले मौकामा बयान गर्दा देउबहादुर गुरूङ मेरा दाजु हुन् भनी लेखाएको देखिन्छ । अदालतमा बयान गर्दा मौकामा गरेको बयानको बेहोरा मेरो होइन भन्ने निजको जिकिर रहेकोमा आरोपित विषयबाहेक बयान गर्ने व्यक्तिका नाता सम्बन्धका कुरा अनुसन्धान अधिकारीलाई जानकारी हुने कुरा नभएको र त्यस्ता कुरा अनुसन्धान अधिकारीले निजको इच्छा विरूद्ध गराएको भन्ने निजको भनाइ नै आँफैंमा पत्यारलायक नभएको र झापाको बेलडाँगीस्थित भुटानी शरणार्थी क्याम्पबाट गरिदिएको मुचुल्का एवम् पत्रसमेतका कागज प्रमाणहरूलाई भरपर्दो र विश्वसनीय आधार, कारण खुलाई अन्यथा भन्न नसकेका यी निवेदकले उक्त कर्तव्य ज्यान मुद्दामा गरेको मौकाको बयानमा उल्लेखसम्म गर्न नसकेकाले निजले रिट निवेदनसाथ पेस गरेका भारतीय आधार कार्ड, स्कुलको सर्टिफिकेटसमेतका कागजहरू शङ्काको घेरामा रहेकोले ती कागजहरूले प्रामाणिक स्वरूप ग्रहण गर्न सक्ने स्थिति नदेखिनुका साथै ती कागजहरूको आधिकारिक आधार पनि नभएकाले ती कागज प्रमाणहरूका आधारमा यी निवेदक उल्लिखित कर्तव्य ज्यान मुद्दाका प्रतिवादी राजकुमार गुरूङ होइन रहेछन् भन्न मिल्ने देखिन नआउने ।

यसरी यी निवेदकले लगाउको कर्तव्य ज्यान मुद्दामा मौकामा गरेको बयान, निजकी श्रीमती सुनिता तामाङ, निजका दाजु देउबहादुर गुरूङसमेतले गरेको घटनाविवरण कागज तथा निजहरूले सुरू अदालतसमक्ष गरेको बकपत्र, वारदातका प्रत्यक्षदर्शी अर्जुन वि.क.को मौकाको घटनाविवरण कागज, घटनाविवरण कागज गर्ने रामबहादुर थापा, भरत श्रेष्ठलगायतका वारदात भएको स्थानका स्थानीय व्यक्तिहरूले निवेदकलाई चिनी गरिदिएको सनाखत कागज, भुटानी शरणार्थी शिविर बेलडाँगीबाट मिति २०७४।०३।०४ मा गरिएको मुचुल्का र उक्त शिविरको मिति २०७४।०३।०४ को पत्र समेतका प्रमाण कागज तथा निवेदकले कैदीपुर्जी लिँदा पनि आफ्नो नाम दीपेस राई भन्ने राजकुमार गुरूङ भनी स्वीकारेको

समेतबाट यी रिट निवेदक दीपेस राई र प्रतिवादी राजकुमार गुरूङ एकै व्यक्ति हुन् भन्ने देखिन आएकोले उल्लिखित ज्यान मुद्दाका प्रतिवादी राजकुमार गुरूङ म होइन भन्ने यी निवेदकको निवेदन जिकिर अन्यथा देखिन आउने ।

अतः चन्द्र गुरूङको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी दीपेस भन्ने राजकुमार राई भएको कर्तव्य ज्यान मुद्दाका प्रतिवादी राजकुमार गुरूङ र यी रिट निवेदक दीपेस राई एकै व्यक्ति हुन् भन्ने तथ्यतः पुष्टि हुन आएको र लगाउमा रहेको उक्त ०७६-CR-१२३८ नं. कर्तव्य ज्यान मुद्दामा अभियोग मागदाबी अनुसार जन्मकैदको सजाय हुने गरी भएको सुरू गोरखा जिल्ला अदालतको मिति २०७५ ।०२ ।१४ को फैसला सदर गरेको उच्च अदालत पोखराको मिति २०७६।०१।१० को फैसला सदर हुने ठहरी आजै यसै इजलासबाट फैसला भएको अवस्थामा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : भगवती शर्मा ढुंगाना

कम्प्युटर : समी नेपाली

इति संवत् २०७८ साल साउन ३१ गते रोज १ शुभम् ।

### १३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७८-WH-००४९, बन्दीप्रत्यक्षीकरण, राज भन्ने बोजबहादुर भुजेल वि. उच्च अदालत पाटन, ललितपुर*

२०७५ साल भाद्र १ गतेदेखि प्रारम्भ भएको मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २० मा चोरी तथा डाँकासम्बन्धी कसुरको व्यवस्था रहेको देखिन्छ । उक्त संहिताको दफा २४२ मा चोरी गरेमा हुने सजायसम्बन्धी व्यवस्था भई दफा २४३ मा नकबजनी चोरी गर्न नहुने र दफा २४४ मा डाँका गर्न नहुनेसम्बन्धी व्यवस्थालगायतका चोरी तथा डाँकासम्बन्धी कसुरको उल्लेखन भई सजायसमेतको व्यवस्था उल्लेख भएको पाइन्छ । यस संहितामा जबरजस्ती चोरीको परिभाषा नभएकोले सजायको सम्बन्धमा संहितामा उल्लिखित चोरीको ठुलो खत डाँकासँग जोडेर हेर्नुपर्ने हुन्छ । संहिताको दफा २४४(३) मा डाँकाको कसुरमा सजायको व्यवस्था देखिन्छ । सो दफामा, उपदफा (२) को खण्ड (क) वा (ख) बमोजिमको कसुरमा भए सात वर्षदेखि चौध वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँदेखि एक लाख चालिस हजार रूपैयाँसम्म जरिवाना र उपदफा २ को खण्ड (ग) वा (घ) बमोजिमको कसुर भए पाँच वर्षदेखि दश वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रूपैयाँसम्म जरिवानाको व्यवस्था रहेको पाइन्छ । यसरी हेर्दा चोरीको ठुलो खत डाँका र डाँकाको उपल्लो हद कैदको हकमा चौध वर्षसम्म कैद र जरिवानाको हकमा एक लाख चालिस हजार रूपैयाँ हुने भई यी निवेदक प्रतिवादीलाई उल्लिखित मुद्दाहरूमा एक लाख चालिस हजार रूपैयाँसम्म जरिवानाको सजाय कायम भई कार्यान्वयन हुनुपर्ने देखिने ।

अतः पार्वती खनाल र रोहित कुमार श्रेष्ठ जाहेरवाला भएको मुद्दा नं. क्रमशः ०७३-CR-००३४ र ०७३-CR-००३२ का मुद्दामा रू. १,४०,०००।- भन्दा बढी जरिवाना भए पनि रू.१,४०,०००।- सम्म जरिवाना कायम भई कार्यान्वयन हुने भएकाले उल्लिखित ०७३-CR-००३४, ०७३-CR-००३२, ०७३-CR-००४२ र ०७३-CR-००३९ का चार थान मुद्दाहरूमा गरी यी निवेदकलाई रू.३,९१,११४।- मात्र जरिवाना हुने भई जरिवानाको हकमा दैनिक रू.३००।- का दरले कैद कट्टी हुँदा लागेको जरिवाना बापत निजलाई ३।७।१४ (तीन वर्ष सात महिना चौध दिन) कैद हुने ।

कैदको हकमा यी निवेदक मिति २०७४।९।१३ गतेसम्म कैदमा बसी मिति २०७४।९।१४ गते छुटी जानेमा जरिवानाबापत हुने कैद ३।७।१४ समेत गरी निज मिति २०७८।४।२७ सम्म कैदमा बसी मिति २०७८।४।२८ मा कैद भुक्तान हुनेमा निवेदक

हालसम्म थुनामै रहेको भई यी रिट निवेदकको थुनालाई कानूनसङ्गत मान्न मिल्ने नदेखिने ।

तसर्थ, रिट निवेदकलाई सजाय नै नभएको मुद्दा उल्लेख गरी पटकमा सजाय थप गरी चौथो पटकको सजाय हुनुपर्नेमा पाँचौ पटक कायम गरी कैदम्याद ठेकी कैदीपुर्जी दिएको देखिएको, मुलुकी अपराध संहिता, २०७४ ले जबरजस्ती चोरीको परिभाषा नगरेको र चोरीको ठुलो खत डाँकाको उपल्लो जरिवानाको हद एक लाख चालिस हजार रूपैयाँसम्म भएकोले निजले केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ग) बमोजिमको सुविधा र लाभ पाउने भई जरिवानाबापत दिनको रू. ३००।- का दरले कैद कट्टी हुँदा निज ३।७।१४ (एक वर्ष सात महिना चौध दिन) कैदमा बस्नु पर्ने भई कैद तथा जरिवाना दुवै गरी निज २०७८।४।२७ गतेसम्म कैदमा बसी मिति २०७८।४।२८ मा छुटी जानेमा मिति २०८०।३।१४ मा छुटी जाने गरी काठमाडौं जिल्ला अदालतबाट जारी भएको कैदीपुर्जी कानूनबमोजिम नभई निवेदकको थुना गैरकानूनी देखिँदा तत्काल कैद मुक्त गरिदिनु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः गम्भीर घिमिरे

कम्प्युटर: समी नेपाली

इति संवत् २०७८ साल चैत्र १५ गते रोज ३ शुभम् ।

**१४**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०६९-RB-००६८, करारको यथावत् परिपालना, रोड सो रियल स्टेट प्रा.लि., काठमाडौं*

तत्कालीन करार ऐन, २०५६ को दफा ८४(१) तथा मुलुकी देवानी संहिता, २०७४ को दफा ५३८(१) बमोजिम अदालतबाट बैनाबट्टा गर्दाको अवस्थामा भएको लिखतबाट एक पक्षबाट अर्को पक्षलाई रकम भुक्तानी गरेको भन्ने प्रस्ट देखिएको रकमको दश प्रतिशत ब्याज, हर्जाना वा दोब्बरसम्म रकम भराइदिने वा त्यस्तो करारमा अचल सम्पत्ति हस्तान्तरण गर्नेबाहेकको अन्य कुनै सर्त एवम् दायित्व तोकिएको भएमा त्यस्तो सर्त दायित्व पालना गर्दा भएको हानि नोक्सानी बैना बुझ्ने पक्षबाट भराइदिनुपर्ने हुन्छ । जग्गा हक हस्तान्तरण गरिदिने छु भनी बैना लिने व्यक्तिले अचल सम्पत्ति पनि हस्तान्तरण नगर्ने र बैनाबापतको रकम पनि फिर्ता नगर्ने गरी बेमुनासिब लाभ वा फाइदा (unjust enrichment) को अवस्था परिकल्पना गरेको नदेखिने ।

प्रस्तुत मुद्दामा पेस भएको करारनामा अचल सम्पत्तिको हक हस्तान्तरण हुने गरी तयार भएको देखिएको तर तोकिएको कार्यालयमा रजिस्ट्रेसन भएको नदेखिएको र त्यसतर्फ वादीको जिकिर रहेकोसमेत नहुँदा जिल्ला रूपन्देही, करहिया गा.वि.स. वडा नं. १/ख कि.नं. ७०, ७१, २३३, ७५ र ७६ बाट बाटो निकास मिलाई जग्गा बिगाहा १-१०-० जग्गा फिरादी कम्पनीले पाउने गरी वादी प्रतिवादी बिच भएको मिति २०६२।२।१८ करारको यथावत् परिपालना हुन सक्ने देखिएन । यद्यपि अचल सम्पत्तिको सम्बन्धमा करार नै गर्न नसकिने भन्ने प्रतिवादीको जिकिर एवम् निजतर्फबाट उपस्थित कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन सकिएन । अतः पुनरावेदक र प्रत्यर्थीबिच उक्त मिति २०६२।२।१८ मा भएको करारको यथावत् परिपालना हुन नसक्ने ठहर गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६८।२।४ को फैसलालाई सदर हुने ठहर गरी मिति २०६९।४।२८ मा पुनरावेदन अदालत पाटनबाट भएको फैसलालाई सो हदसम्म अन्यथा भन्न मिलेन । अर्कोतर्फ पुनरावेदक र प्रत्यर्थीबिच मिति २०६२।२।१८ मा लेनदेन भएको उक्त सावाँ रकम रू.४०,००,०००।- (चालिस लाख) र सो रकमको कानूनबमोजिम १० प्रतिशतका दरले हुने ब्याज रकमसमेत अर्थात् सावाँ र ब्याज हिसाब गर्दा सावाँ

रकमको दोब्बरभन्दा बढी भएमा दोब्बरसम्म रकम पुनरावेदक/वादीले प्रत्यर्थी/प्रतिवादीबाट दिलाई भराई लिन पाउने नै देखिन आएकोले सो हदसम्म पुनरावेदन अदालत पाटनको फैसला मिलेको भन्न नमिल्ने।

पुनरावेदक र प्रत्यर्थीबिच मिति २०६२।२।१८ मा भएको करारनामाको आधारमा करारनामामा उल्लिखित जग्गाको हक हस्तान्तरण हुने गरी करारको यथावत परिपालना गराइदिन नमिल्ने हुनुका साथै सोही मितिमा पुनरावेदकले प्रत्यर्थीलाई बैनाबापत दिएको रकमको सावाँ ब्याज निज पुनरावेदक प्रत्यर्थीबाट भराई लिन पाउने देखिएकाले प्रस्तुत मुद्दामा जग्गा पारित गराई करारको यथावत् परिपालना गराइपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने र करारको परिपालनातर्फ वादी दाबी नपुग्ने भए तापनि यी वादीले रकम भराइपाउँ भन्ने सम्बन्धमा प्रस्तुत मुद्दामा वैकल्पिक दाबी लिएकै अवस्था देखिँदा वादी र प्रतिवादीको बिचमा रकम लेनदेन भएकोमा मुख मिलिरहेको विषयवस्तुमा समेत यसै मुद्दाबाट ठहर गर्नु उपयुक्त हुँदा वादीले प्रतिवादीलाई बुझाएको रकम यसै मुद्दाबाट फिर्ता पाउने गरी निर्णय गर्न बेमनासिब नहुँदा वादीले प्रतिवादीबाट रू.४०,००,०००।- (चालिस लाख रूपैयाँ) भराई लिन पाउने ठहर्छ भन्ने सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।२।४ मा भएको फैसला केही उल्टी गरी मिति २०६२।२।१८ को करारको यथावत् परिपालना नहुने र वादीको दाबी रकममा नभई जग्गामै रहेको र वादीले दाबी नै नलिएको रू.४०,००,०००।-(चालिस लाख रूपैयाँ) वादीले प्रतिवादीबाट भरी पाउने ठहर गरी भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ भनी मिति २०६९।४।२८ मा भएको पुनरावेदन अदालत पाटनको फैसला केही उल्टी भई पुनरावेदक र प्रत्यर्थीबिच मिति २०६२।२।१८ मा भएको करारको यथावत् परिपालना हुन नसक्ने भन्ने हदसम्म पुनरावेदन अदालत पाटनको मिति २०६९।४।२८ को फैसला सदर हुने र बैनाबापत दिएको रकम प्रत्यर्थीबाट भराइदिन नमिल्ने भनी ठहराएको हदसम्म सो फैसला उल्टी भई पुनरावेदकले बैनाबापत दिएको सावाँ रकम रू.४०,००,०००।- (चालिस लाख रूपैयाँ) र सो रकमको कानूनबमोजिम १० प्रतिशतका दरले हुने ब्याज रकमसमेत (बढीमा सावाँको दोब्बरसम्म रकम) पुनरावेदक/वादीले प्रत्यर्थी/प्रतिवादीबाट भराई लिन पाउने

इजलास अधिकृत : गम्भीर घिमिरे

कम्प्युटर: समी नेपाली

इति संवत् २०७८ साल फागुन २२ गते रोज १ शुभम्।

## इजलास नं. ३

### १५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७८-WO-०९२१, उत्प्रेषणयुक्त परमादेश, भारत-सप्तकोशी जे.भी. वि. नेपाल क्रेडिट एण्ड कमर्स (एन.सी.सी. बैंक) लिमिटेडसमेत*

सार्वजनिक खरिद ऐनले निर्दिष्ट गरेबमोजिम खरिद सम्झौताका लागि तोकिएको म्यादभित्र खरिद सम्झौता गर्न नआएपछि विपक्षी सडक डिभिजन कार्यालयले यी निवेदकले राखेको बिड बण्ड जफत गर्न एनसिसी बैंकलाई पत्राचार गरेको र सो पत्राचार र बिड बन्ड जफत गर्ने गरी भएको कामकारबाही गैरकानूनी भएको भन्ने निवेदकको जिकिरतर्फ विचार गर्दा निवेदकको बोलपत्र स्वीकृत भई कार्यालयबाट निवेदकलाई नियमानुसार सम्झौता गर्नका लागि सूचना दिई र सो सूचना यी निवेदकले प्राप्तसमेत गरेको देखिएको स्थितिमा सर्तबमोजिम सम्झौताका लागि नआएमा बोलपत्र जमानत (बिड बन्ड) जफत हुन नसक्ने भन्ने नहुने।

अत: सडक डिभिजन कार्यालय, बुटवलबाट भएको भारत सप्तकोशी जे.भी.को एनसिसी

बैंकमा राखेको Bid Bond Bank Guarantee No. NCCB14CHBB195 को जमानत रकम रू.३,७०,००,०००।– जफतका लागि भएको पत्राचार सार्वजनिक खरिद कानूनले निर्दिष्ट गरेबमोजिम नै भएको देखिएको, कानून बमोजिमको म्यादभित्र ठेक्का सम्झौता गर्न नआएको अवस्थामा बिड बण्ड जफत गरी खरिद प्रक्रियाका सम्बन्धमा कानूनअनुसार अर्को व्यवस्था गर्न विपक्षीले नपाउने भन्न मिल्ने अवस्था नदेखिएको, कानूनबमोजिम सडक डिभिजन कार्यालयबाट भएका खरिद काम कारबाही र पत्राचारमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिएको र सार्वजनिक खरिद कानूनबमोजिम साधिकार निकायले सार्वजनिक खरिदको सन्दर्भमा गरेका काम कारबाही एवम् पत्राचारबाट निवेदकको कुनै संवैधानिक र कानूनी हकमा आघात पुगेको भनी निवेदकबाट स-प्रमाण पुष्टि गर्नसमेत नसकेको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विष्णुप्रसाद खतिवडा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७९ जेठ ३१ गते रोज ३ शुभम्।

१६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CR-०९०२, लागु औषध (डाइजेपाम), तीर्थकुमार रिजाल वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले सुरू अदालतमा बयान गर्दा मैले साथीबाट आफैँले खान भनेर फेनारगन एम्पल ६० थान, नुर्फिन एम्पल ६० थान, डाइजेपाम एम्पल ६० थान गरी जम्मा ६० सेट खरिद गरी राखेको कुरामा स्वीकार गरी मैले लागु औषध बेचबिखन, सञ्चय तथा ओसारपसार गर्ने गरेको छैन । मात्र सेवन गर्ने गरेको हो त्यो पनि छोडि सकैँ, एक पटकको लागि माफ पाउँ भन्ने बेहोरा लेखाएको पाइन्छ । बरामदी मुचुल्का हेर्दा यी पुनरावेदक प्रतिवादीको कोठाबाट फेनारगन एम्पुल ७१६, डाइजेपाम एम्पल ७५४ थान र नुर्फिन एम्पल ७४१ थानसमेत २२११ थान बरामद भएको देखिन्छ। उक्त बरामदी मुचुल्का यी प्रतिवादीको रोहवरमा नै भएको देखिन्छ । निजले अदालतमा स्वीकार गरेको मात्रा मात्र बरामद नभई ७०० एम्पलभन्दा बढी दरका ३ किसिमका लागु औषध बरामद भएको कुरामा विवाद देखिएन । बरामद लागु औषधको मात्रा र परिमाणका आधारमा यी पुनरावेदक सेवनकर्ता मात्र हुन् भन्ने कुरा पत्यारिलो नदेखिने।

निवेदकले ६० एम्पलको ६० सेटबाहेक बरामद भएका बाँकी लागु औषधको परिमाण खुलाल भन्ने व्यक्तिले राख्न दिएको भन्ने दाबी पुष्टि गर्ने कुनै ठोस प्रमाण दिन सकेको देखिँदैन । बरामद लागु औषधको मात्रा र परिमाण धेरै ठूलो रहेको देखिँदा यी निवेदकले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) विपरीतको कार्य गरेको देखिँदा आफूले लागु औषध सेवनसम्मको मात्र सजाय हुनुपर्ने हो भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीको घरकोठाबाट बरामद भएको लागु औषधको मात्रा र परिमाणलाई मध्यनजर राख्दा कैद सजाय वर्ष ३(तीन) लाई मनासिब नै मान्नुपर्ने देखिन्छ। प्रतिवादी मिति २०७३।८।२४ देखि थुनामा बसेको समयबाट जोडी हेर्दा कैदको हकमा मिति २०७६।८।२३ गते निजको ३ वर्ष कैद सजाय भुक्तान भइसकेको भए पनि प्रतिवादी हाल जरिवानाबापत निरन्तर कैदमा रहेको देखिन्छ । प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) को विपरीत कार्य गरेबापत सोही ऐनको दफा १४(१)(झ) बमोजिम दुई वर्षदेखि दश वर्षसम्म कैद वा १ लाखदेखि २० लाखसम्म जरिवाना हुने कानूनी व्यवस्था भएकोमा ३ वर्ष कैद र ४ लाख रूपैयाँ जरिवाना गरिएकोतर्फ हेर्दा कैद सजायको अनुपातमा जरिवानाको मात्राको अनुपात मिलेको देखिँदैन । कैदको तुलनामा जरिवाना बढी गरिनुपर्ने तार्किक (Rational) आधारसमेत उच्च

अदालतको फैसलामा खुलाउन सकेको देखिँदैन । हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ ले कसुरदारलाई ठुलो जरिवाना तोकी जरिवानाबापत लामो समय कैदमा राख्ने पहिलेको कानूनी व्यवस्थामा परिवर्तन गरी जरिवाना तिर्न नसकेकै कारण लामो समयसम्म कैदमा राख्नु न्यायोचित नहुने सिद्धान्तलाई आत्मसात गरिसकेको अवस्था तथा कैदको अनुपातमा जरिवाना बढी ठेकिएको जिल्ला अदालतको फैसला सदर गर्ने उच्च अदालत पाटनको मिति २०७४।९।२४ को फैसलामा प्रतिवादीलाई जरिवानाको तोकिएको अनुपातको हदसम्म मिलेको नदेखिएको हुँदा सोसम्म केही उल्टी भई प्रतिवादीलाई रू.२,००,०००।– (दुई लाख रूपैयाँ) जरिवाना हुने ।

अतः पुनरावेदक तीर्थकुमार रिजाललाई ३(तीन) वर्ष कैद हुने ठहराई सदर गरेको मिति २०७४।९।२४ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । जरिवानाको हकमा ठहरेको रू.४,००,०००।– (चार लाख रूपैयाँ) जरिवाना ठहरेको कैदसँग अनुपात मिलेको नदेखिँदा सो हदसम्म उच्च अदालत पाटनको मिति २०७४।९।२४को फैसला केही उल्टी भई यी पुनरावेदक प्रतिवादीलाई रू.२,००,०००।– (दुई लाख रूपैयाँ) जरिवाना हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद खतिवडा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ साउन २५ गते रोज २ शुभम् ।

**१७**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-WO-०१०७, उत्प्रेषण परमादेशसमेत, लोकबहादुर कार्की वि. महानगरीय अपराध महाशाखा, काठमाडौंसमेत*

रिट निवेदक लोकबहादुर कार्कीले सुनुवाइको मौका नदिएकोसमेत भनी तथ्य लुकाई, ढाँटी अदालत प्रवेश गरेको देखिएको र आफूलाई खटाउने अधिकारी वा निकायको अनुमतिबेगर तोकिएको एरियाभन्दा बाहिर अन्यत्र गई ड्युटीमा लापर्बाही गरी, ड्युटीमा खटिएकै अवस्थामा मादक पदार्थ सेवन गरी सवारी साधन मोटरसाइकल चलाई, ट्राफिक प्रहरीसँग अनावश्यक विवाद गरी, आफूभन्दा ज्येष्ठ प्रहरी अधिकृतसमेतलाई हत्कडीले कुटपिट गरी प्रहरी ऐन तथा नियमावली विपरीत प्रहरी सङ्गठनको अनुशासन, मर्यादा र आचरण विरूद्धको कसुर गरेकाले प्रहरी नियमावली, २०७१(संशोधनसहित) को नियम ११३ को उपनिय (१) को देहाय (क) र (ग) को कसुरमा निज निवेदकलाई भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी महानगरीय अपराध महाशाखा, हनुमानढोका, काठमाडौंबाट भएको मिति २०७१।११।१० को निर्णय सदर गर्नेगरेको महानगरीय अपराध महाशाखा, टेकु, काठमाडौंको मिति २०७१।३।१६ गतेको कानूनबमोजिम निर्णयबाट यी निवेदकको संविधान एवम् कानून प्रदत्त हकमा आघात पुगेको नदेखिएकोले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ भदौ ८ गते रोज ३ शुभम् ।

## इजलास नं. ४

**१८**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७८-CR-०३२४, वैदेशिक रोजगार कसुर, नरबहादुर खनाल वि. नेपाल सरकार*

प्रतिवादीले जाहेरवालालाई वैदेशिक रोजगारको लागि विदेश क्यानाडा पठाइदिने भनी निजसँग रू.१८,००,०००।– (अठार लाख) लिएको भन्ने मिति २०७६/४/१९ गतेको लिखत कागजबाट देखिन्छ । सो लिखतमा प्रतिवादीको श्रीमतीसमेत रोहबरमा साक्षी बसेको देखिन्छ । प्रतिवादी नरबहादुर खनालले वैदेशिक रोजगारमा पठाउनका लागि रकम

लिएको भनी जाहेरवालाले किटानी जाहेरी दिएको र सो जाहेरी बेहोरा तथा लिखतलाई पुष्टि हुने गरी वैदेशिक रोजगार न्यायाधिकरणमा समेत उपस्थित भई बकपत्र गरेको पाइने।

निरू अधिकारी मेरी सानी आमाको छोरी भएकी र वैदेशिक रोजगारको लागि नभई जग्गाको कारोबार सम्बन्धमा निजको व्यवहार मिलाइदिनको लागि जाहेरवालासँग रकम लिई सोबापत मैले कागज गरिदिएको हुँ भनी प्रतिवादीले जिकिर लिए पनि मिसिल संलग्न कागज प्रमाणबाट सो कुरा पुष्टि हुन सकेको देखिँदैन । जाहेरवालालाई विदेश क्यानाडा पठाउन भनी रू.१८,००,०००।- बुझी लिई निरू अधिकारीले कागज गरिदिएको र सो कागज जाहेरवाला महेश बास्तोलासँग छ, सक्कल लिखत मेरो होइन, सोमा भएको सहिछाप मेरो होइन भनी प्रतिवादीले वैदेशिक रोजगार न्यायाधिकरणमा बयान गरेकोसमेत पाइयो । मिसिल संलग्न कागजात हेर्दा लिखतमा लगाइएका ल्याप्चेहरूमध्ये प्रस्ट उत्री तुलनायोग्य पेटबोलीका ल्याप्चेहरू जात तथा रेखा गुणका आधारमा नमुना स्वरूप प्राप्त वैदेशिक रोजगार विभागमा संकलन गरिएका नरबहादुर खनालका नमुना ल्याप्चेहरूका दायाँ महलका ल्याप्चेहरूसँग मिली भिडेका छन् । लिखतको शिर पुछारमा गरिएका दस्तखतहरू तथा नरबहादुर खनालका नमुना दस्तखतहरू तथा तहाँबाट प्राप्त अन्य लिखतहरू भएका दस्तखतहरूको केही लेखन गुणहरूमा समानता देखिन्छ भनी विशेषज्ञले राय प्रतिवेदन दिएको देखिन्छ । आफ्नो राय प्रतिवेदनलाई पुष्टि हुने गरी विशेषज्ञले वैदेशिक रोजगार न्यायाधिकरणमा बकपत्र गरिदिएको पाइन्छ । प्रतिवादीले लिखतको औचित्यमा प्रश्न उठाएको देखिए तापनि वैज्ञानिक जाँचबाट निजले लिएको जिकिर खम्बिर हुन आएको देखिएन । यसरी जाहेरवालाको किटानी जाहेरी तथा निजको बकपत्र, जाहेरीसाथ पेस भएको लिखत प्रमाण, विशेषज्ञले दिएको राय प्रतिवेदनसमेतबाट यी प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ नं. विपरीतको कसुर गरेको पुष्टि भई अभियोग दाबीबमोजिम सजाय गरेको वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

तसर्थः प्रतिवादी नरबहादुर खनाललाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुरमा निजलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम रू.१,६५,०००।- जरिवाना र १ वर्ष ९ महिना कैद हुने तथा जाहेरवालाको बिगो रू.१८,००,०००।- र सो बिगोको पचास प्रतिशतले हुने हर्जाना रू.९,००,०००।- समेत गरी जम्मा रू. २७,००,०००।- (सत्ताइस लाख) प्रतिवादी नरबहादुर खनालबाट भराइदिने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७८/१/६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल वैशाख २७ गते रोज ३ शुभम्।

**१९**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७७-CR-११७३, वैदेशिक रोजगार कसुर, नसिवुल कवारी वि. नेपाल सरकार*

जाहेरी दरखास्तसाथ पेस भएको मिति २०७३/८/२ को कागजातबाट प्रतिवादी नसिवुल कवारीले जाहेरवाला धिरज कुमार नायकलाई वैदेशिक रोजगारका लागि मकाउ भन्ने देश पठाइदिन्छु भनी जाहेरवालाबाट रू.१२,००,०००।- बुझी लिई स्वइच्छाले कागज गरिदिएको पाइयो । लिखत प्रमाणबाट वैदेशिक रोजगारका लागि प्रतिवादीले जाहेरवालाबाट रकम लिएको स्पष्ट देखिन्छ । लिखत किनाराका साक्षी एवम् वादीका साक्षी भनिएका राजकुमार मण्डलले प्रतिवादीले जाहेरवाला धिरज कुमार नायकलाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी

रकम लिएको र सर्तबमोजिम जाहेरवालालाई विदेश नपठाई रकमसमेत फिर्ता नगरेको भनी अनुसन्धानको क्रममा गरेको कागजलाई पुष्टि हुने गरी वैदेशिक रोजगार न्यायाधिकरणमा समेत उपस्थित भई बकपत्र गरेको पाइयो । प्रतिवादी नसिवुल कवारीले वैदेशिक रोजगारमा पठाउनका लागि रकम लिएको भनी जाहेरवालाले किटानी जाहेरी दिएको र सो जाहेरी बेहोरा तथा लिखत कागजलाई पुष्टि हुने गरी वैदेशिक रोजगार न्यायाधिकरणमा समेत उपस्थित भई बकपत्र गरेको पाइने ।

जाहेरवाला र रामसोभित नायक आफन्त पर्ने भएको र रामसोभितले नै लेनदेनको कागज हो भनी डरधम्की दिई सहीछाप गराएको भन्नेसम्मको जिकिर प्रतिवादीले लिएको देखिन्छ । रामसोभितले डर धाक, धम्कीपूर्वक कागज खडा गर्न लगाएको भए सो लिखत बदर गराउन प्रतिवादीले कहीँ कतै उजुर बाजुर गरेको भनी जिकिर लिन सकेको पनि देखिँदैन । प्रतिवादी र जाहेरवालाबिच वैदेशिक रोजगारमा पठाइदिने विषयमा भएको लिखत अन्यथा हो भनी पुष्टि नभएको, जाहेरवालाबाट पेस भएको लिखत प्रमाण, जाहेरी बेहोरा तथा लिखत कागजलाई पुष्टि हुने गरी निजले गरिदिएको बकपत्र र लिखतका साक्षीले आफ्नो कागज बेहोरालाई पुष्टि हुने गरी गरिदिएको बकपत्रसमेतबाट यी प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ नं. को विपरीतको कसुर गरेको पुष्टि भई अभियोग दाबीबमोजिम सजाय गरेको वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने ।

तसर्थः प्रतिवादी नसिबुल कवारीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा निज प्रतिवादीलाई सोही ऐनको दफा ४३ बमोजिम एक वर्ष आठ महिना कैद र रू.१,६०,०००।- (एक लाख साठी हजार) जरिवाना हुने र प्रतिवादीबाट बिगो रू.१२,००,०००।- (बाह्र लाख) र सोको ५०% ले हुने हर्जानासमेत जाहेरवाला धिरज कुमार नायकले भराइपाउने ठहर गरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७६।८।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: डल्लुराम चौधरी
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७९ साल वैशाख २७ गते रोज ३ शुभम् ।

## २०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश कुमार ढुंगाना**, *०७७-WO-०६८६, उत्प्रेषणसमेत, वविता मालु वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौंसमेत*

रिट निवेदकलाई ठेक्का सम्झौता अनुसारको कामको लागि म्याद थप, पत्राचार, ताकेता गर्दा पनि ठेक्का सम्झौतानुसार सामान आपूर्ति हुन नसकी ठेक्का सम्झौता नै परिपालना हुन नसकेको परिस्थितिमा ठेक्का तोडी कालो सूचीमा राख्न सिफारिस गरिएको भन्ने देखिन आएको अवस्था छ । यस अवस्थामा, निवेदकलाई उल्लिखित सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) को खण्ड (ग) को कसुरमा ऐ. ऐनको दफा ६३ को उपदफा (१) बमोजिम कालो सूचीमा राख्ने गरी विपक्षी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट भएको निर्णयसमेत निवेदकले दाबी जिकिर लिए जस्तो कानूनविपरीत रहेको देखिएन । कसैको संवैधानिक वा कानूनी हकको स्पष्ट उल्लंघन भएको देखिएमा वा प्राकृतिक न्यायकै बर्खिलाप हुने गरी कुनै काम कारबाही गरे भएको अवस्था देखिएमा त्यस्तो गैरकानूनी काम कारबाहीलाई बदर गरी हनन भएको हक अधिकारलाई पुनर्स्थापित गर्नका खातिर अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत जारी गरिने उत्प्रेषणको आदेश प्रस्तुत रिट निवेदनमा जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको नदेखिने ।

अतः म्याद थप, पत्राचार, ताकेतापश्चात् पनि सामान आपूर्ति गर्नेसम्बन्धी ठेक्का सम्झौतानुसारको

कार्य सम्पन्न हुन नसकेको स्थितिमा ठेक्का तोडी सुनुवाइको मौका दिई यी रिट निवेदकलाई १ वर्षको लागि कालोसूचीमा नाम समावेश गर्ने भनी विपक्षी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०७७।१०।०६ मा भएको निर्णयसमेत कानूनविपरीत रहेको नदेखिँदा उल्लिखित निर्णयसमेत उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने निवेदकको मागबमोजिमको आदेश जारी गरिरहन पर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: वसन्तप्रसाद मैनाली

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७९ साल जेष्ठ ९ गते रोज २ शुभम्।

यसै लगाउका मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७६-WO-०५९५, उत्प्रेषणसमेत, श्याम बहादुर तामाङ वि. सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय सडक डिभिजन, नुवाकोट।
- ०७७-WO-०७८४, उत्प्रेषणसमेत, मेगाटेक ट्रेडग्रुप, काठमाडौं वि. प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो, काठमाडौं।

**२१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-CR-०२५९, कर्तव्य ज्यान र हाडनाता करणी, सुनमाया भन्ने अनिशा तामाङ वि. नेपाल सरकार*

मिति २०७३।०९।१४ गतेको घटनास्थल लास जाँच प्रकृति मुचुल्का हेर्दा, शिवप्रसाद सापकोटाको साढे दुई तले पक्की घरको भुइँ तलामा चारवटा कोठाहरू रहेको, उक्त कोठाको दक्षिणतर्फ भऱ्याङ्गमुनि रहेको ट्वाइलेटभित्र उत्तरतर्फ सिमेन्टले बनेको पानी ट्याङ्की रहेको, उक्त ट्याङ्की खाली रही बिग्रेको ट्युबलाइटको शिशा, बच्चाले पिसाब फेर्ने प्लास्टिकको भाँडा, हर्पिकको बट्टा रहेको, सो ट्याङ्कीको लम्बाई, चौडाई २ फिट ७ इन्च रहेको र गहिराइ १ फिट ६ इन्च रहेको, सो खाली ट्याङ्कीभित्र पूर्व टाउको पश्चिम खुट्टा रही उत्तानो अवस्थामा घाँटीमा, छातीमा र पाखुरामा समेत धारिलो हतियारले काटिएको र रगताम्य भएको नवजात शिशुको लास रहेको, सो ट्याङ्कीको प्यासेजमा धारिलो हतियार ब्लेडसमेत रगतजस्तो रातो पदार्थ लागेको अवस्थामा फेला परी प्रहरीले उठाई लगेको भन्नेसमेत बेहोरा उल्लेख भएको देखिन्छ। उक्त लास जाँच मुचुल्काको बेहोरालाई समर्थन हुने गरी उक्त मुचुल्का समेतका मानिसहरू अशोक दुलाल र रेणु तामाङले सुरू जिल्ला अदालतमा बकपत्र गरेको देखिन्छ। साथै, मौकामा कागज गर्ने व्यक्तिहरू तुलसी दुलाल, कमला अधिकारीसमेतले मौकाको कागजलाई समर्थन हुने गरी अदालतसमक्ष गरेको बकपत्रबाट समेत उल्लिखित प्रहरी प्रतिवेदन तथा लास जाँच मुचुल्काको बेहोरालाई पुष्टि गरेको देखिने।

प्रतिवादी सुनमाया भन्ने अनिशा तामाङले अनुसन्धान अधिकारी र सुरू जिल्ला अदालतसमक्ष गरेको बयानमा ठुलो बुबाको छोरा दाइ नाताको कृष्ण तामाङको करणीबाट गर्भ रहन गई निजले जन्म दिएको शिशुलाई निजले नै ब्लेडले घाँटीमा काटी मारी ट्वाइलेटमा रहेको ट्याङ्कीमा फालिदिएको हो। निजलाई करणी गर्ने दाइले यस्तो कुरा कसैलाई नभन्नु, भने मारीदिने धम्की दिएको र विवाह नगरेको अवस्थामा बच्चाको जन्म दिई राख्दा समाज र परिवारसमेतले निजलाई गाली गर्ने डर, त्रास र भयले निजले नवजात शिशुलाई मार्ने निर्णय गरी मारेर फालेको भन्नेसमेतको एकै मिलानको बेहोरा खुलाई कसुरमा पूर्णरूपमा साबित रहेको देखिन्छ। मृतक नवजात शिशुको शव परीक्षण प्रतिवेदनमा Cause of Death Sharp Force Injury to Neck भन्ने उल्लेख भएको देखिन्छ। मृतक नवजात शिशु DNA परीक्षण प्रतिवेदनबाट मृतक शिशु प्रतिवादी सुनमाया भन्ने अनिशा तामाङको भएको पुष्टि

भएको देखिन्छ । पुनरावेदक प्रतिवादी सुनमाया भन्ने अनिशा तामाङको साबिती बयानलाई मिसिलसंलग्न रहेका लास जाँच मुचुल्का, वस्तुस्थिति मुचुल्का, घटना विवरण कागजलगायत उक्त मुचुल्का तथा कागज गर्ने व्यक्तिहरूले अदालतसमक्ष गरेको बकपत्र, शव परीक्षण प्रतिवेदन र DNA परीक्षण प्रतिवेदनबाट समेतले समर्थन गरेको देखिँदा निज प्रतिवादीले आफ्नै नवजात शिशुलाई ब्लेडले नवजात शिशुको घाँटी रेटी हत्या गरेको तथ्य स्थापित हुन आयो । निज प्रतिवादीको उक्त कार्य साबिक मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १ नं. तथा १३(३) नं. बमोजिमको कसुर रहेको पुष्टि हुने ।

हाम्रो देशमा नवजात शिशुको हत्यासम्बन्धी कसुरलाई पनि सबै ज्यानसम्बन्धी कसुरसरह मानी ज्यानसम्बन्धी कसुरको सामान्य कानूनअन्तर्गत जन्म कैदसम्मको व्यवस्था गरेको पाइन्छ । तथापि साबिक मुलुकी ऐन अ.बं. १८८ तथा हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. ले जन्मकैदको सजाय दिँदा न्यायकर्ताले कसुर गर्दाको परिस्थितिलाई विचार गरी कारण खुलाई घटी सजाय गर्न सक्ने स्वविवेक प्रदान गरिएको पाइने ।

प्रस्तुत मुद्दाकी प्रतिवादी सुनमाया भन्ने अनिशा तामाङले १८ वर्षको कलिलो उमेरमै गाउँले दाजु नाताका व्यक्ति कृष्णबहादुर तामाङसँगको यौन सम्पर्कबाट गर्भवती भई सो कुरा निज कृष्णबहादुरलाई भन्न खोज्दा पनि भागी हिँडेको तथा सो कुरा कसैलाई भनेमा मार्ने धम्की दिएको कारण आफ्नो घर परिवारमा समेत जानकारी नदिई शिशु जन्माएपछि घर परिवारको इज्जतमा आँच आउने डरले समाजको लोक लाजबाट बच्नको लागि तत्कालै उक्त नवजात शिशु मार्ने विचार आई उक्त शिशुको हत्या गरेको भन्ने देखिएको, अनुसन्धानदेखि अदालतसम्म आफ्नो कसुर स्वीकार गरी क्षमा याचना गरेको, पुनः त्यस्तो कसुर नगर्ने प्रतिबद्धतासमेत जाहेर गरेको र यसरी गैरकानूनी रूपमा रहेको गर्भलाई परिपक्व बनाउँदासम्मको अवस्थामा निजले भोगेको मनोसामाजिक अवस्था र प्रशव पीडालाई समेत विचार गर्दा निज प्रतिवादीले आफ्नो नवजात शिशुलाई निर्मम तवरले हत्या गरेको भन्ने मात्र आधारमा निजले कसुर गर्दाका उल्लिखित अवस्था र परिस्थितिलाई नजरअन्दाज गरी जन्म कैदको सजाय गर्दा चर्को पर्न जाने देखियो । निज प्रतिवादी सुनमाया भन्ने अनिशा तामाङलाई साबिक मुलुकी ऐन अ.बं. १८८ तथा प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. समेतको आधारमा आठ वर्ष सजाय गर्दा न्यायको मकसद पूरा हुने देखिने ।

अतः यी पुनरावेदक प्रतिवादी सुनमाया भन्ने अनिशा तामाङलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुरमा ऐ. नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०७४।०७।२० मा भएको फैसला सदर हुने ठहरी भएको उच्च अदालत पाटनको मिति २०७५।११।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । निज प्रतिवादी सुनमाया भन्ने अनिशा तामाङलाई साबिक मुलुकी ऐन अ.बं. १८८ तथा प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. बमोजिम आठ (८) वर्ष सजाय हुने ।

इजलास अधिकृतः हेमा पाण्डे
कम्प्युटर: राधिका घोरासाइने
इति संवत् २०७९ साल जेष्ठ १७ गते रोज ३ शुभम् ।

## २२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CR-१०५७, लागु औषध चरेस, भिमकुमार राई वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी भिमकुमार राई ब्लु स्टार कार्गो एण्ड कुरियरको शाखा कार्यालय ललितपुरमा मेनेजरको पदमा कार्यरत रहेको

देखिन्छ । निजको कम्पनीमार्फत बुक गरिएको कार्टुन APex Global Logistic मार्फत DHL बाट दुबई हुँदै क्यानडा पठाउन लागिएको एरोबिल पार्सल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा चेक गर्ने क्रममा कार्टुनभित्र FELT मा ९ के.जी. ३०० ग्राम चरेस फेला पारी बरामद गरेको कुरामा विवाद देखिँदैन । प्रतिवादी भिमकुमार राईले सो सामान बुझी बुक गरेको कुरामा प्रतिवादीको इन्कारीसमेत देखिँदैन । निज प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्ने क्रममा मिति २०७५।०३।२१ गते टासी लामाले एउटा बोरामा Hand made felt Balls लगाएको हुँदा ३२ के.जी तौल भएको र मैले हेरी चेक जाँच गर्दा कुनै वस्तु नदेखिएको, उक्त सामानमा गोलो कपडाको भागसमेत रहेकाले छाम्दा कुनै अवैध वस्तु होला जस्तो नलागेको तथा ती व्यक्तिले पटक पटक सामान ल्याइदिने गरेको हुँदा निजको विश्वासमा परी कागजको कार्टुनमा राखी प्याक गरेको हो भनी बयान लेखाइदिएको पाइन्छ । सो तथ्यलाई अदालतमा समेत स्वीकार गरेको पाइन्छ । निज प्रतिवादीले उक्त सामान ल्याउने टासी लामा को हुन् ? निजको वतन के हो ? भनी खुलाउन सकेको पनि पाइँदैन । पटक पटक सामान ल्याउने व्यक्तिको सही पहिचान वा वतन खुलाउनसमेत सकेको पनि नपाइने ।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम प्रतिबन्धित रूपमा रहेका लागु पदार्थहरू कार्गो बुक गर्ने कार्यमा यी प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतमा समेत साबित रहेका अवस्थामा सोको जिम्मेवारी निज प्रतिवादीको नै हुन जाने हुन्छ । सो कार्गो गर्न आउने व्यक्तिको पहिचान स्पष्ट गर्न प्रतिवादीले सकेको पनि देखिँदैन । के कसले कार्गो बुक गराएको हो भनी खुलाउने दायित्व निज प्रतिवादीको हुन जाने अवस्थामा प्रतिबन्धित लागु औषध चरेस मैले बुक मात्र गरेको हो, लागु औषधको कारोबार म गर्दिन भन्ने जिकिर लिएकै भरमा निज प्रतिवादीलाई आपराधिक कार्यबाट उन्मुक्ति दिन मिल्ने अवस्थासमेत हुँदैन । अपराधिक कार्यबाट हुने सजायमा छुट वा कसुरको कार्यको दायित्व बहन गर्न नपर्ने भन्ने कुरा वस्तुनिष्ठ सबुत प्रमाणबाट पुष्टि गर्न सक्नुपर्ने ।

यसप्रकार प्रतिवादी भिमकुमार राईले कुरियरमार्फत पठाएको Hand made felt balls मा राखिएको ९ के.जी. ३०० ग्राम प्रतिबन्धित लागु पदार्थ चरेससमेत बरामद भएको अवस्थामा निज प्रतिवादी भिमकुमार राईले सो सामान बुक गर्ने व्यक्तिको स्पष्ट पहिचान खुलाउन नसकेको अवस्थामा पुनरावेदक प्रतिवादी भिमकुमार राईले कार्गोमार्फत लागु औषध चरेस कारोबार गर्नमा निजको संलग्नता रहेनछ भनी मान्न सकिने अवस्था नहुँदा उच्च अदालत पाटनबाट निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) को कसुरदार ठहर गरी सजायसमेत गर्ने गरेको फैसला मिलेकै देखिँदा सो फैसलालाई अन्यथा गरिरहनु नपर्ने ।

अतः प्रतिवादी भिमकुमार राईले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) को कसुरमा ऐ ऐनको दफा १४(१)(घ)(४) बमोजिम २ वर्ष कैद र २०,०००।– जरिवाना हुने ठहऱ्याई उच्च अदालत, पाटनबाट मिति २०७४।५।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः भेषराज भट्टराई

कम्प्युटर - देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७९ साल असार २८ गते रोज ३ शुभम् ।

## २३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७२-CR-०९२०, ०७२-CR-१८८३, लागु औषध बिक्री वितरण, तेजबहादुर गुरूङ वि. नेपाल सरकार, सन्दीप पहारी वि. नेपाल सरकार*

प्रतिवादीहरूमध्येका सन्दीप पहारीले लगाएको जिन्स पाइन्टको भित्र दायाँ तिघ्राको भागमा टेपले बाँधिएको २/२ एम.एल. को झोलसहितको डाइजेपाम ४०/४० सिसी र बायाँ तिघ्रामा २/२

एम.एल. को झोलसहितको फेनरागन ४० सिसी फेला परेको भन्ने बरामदी मुचुल्काबाट देखिन्छ। बरामदित उक्त सामान लागु औषध डाइजेपाम, व्युप्रिनोर्फिन पाइएको भन्ने परीक्षण प्रतिवेदनबाट देखिन्छ। बरामद भएको लागु औषध दुवै जना मिली सेवन गर्ने प्रयोजनका लागि भारतको सुनौलीबाट खरिद गरी ल्याएको भनी प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्षको बयानमा लेखाएको पाइन्छ । प्रतिवादीमध्येका सन्दीप पहारीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानअनुरूप नै अदालतमा बयान गर्दा बरामदित लागु औषधको सम्बन्धमा साबित रही बयान गरेको पाइन्छ भने अर्का प्रतिवादी तेज बहादुर गुरूङले प्रतिवादी सन्दीप पहारीले मात्र ल्याएको हो भनी आफ्नो बयानमा लेखाइदिएको पाइने।

प्रतिवादीहरूले बरामदित लागु औषधको परिमाणलाई स्वीकार गरेको अवस्था देखिन्छ। आफैँमा पीडादायी र शरीरमा कष्ट हुने प्रकारले शरीरमा लगाएको लुगाभन्दा भित्र टेपले टाँसी तिघ्रामा राखी लागु औषध (नियन्त्रण) ऐन, २०३३ द्वारा प्रतिबन्धित लागु औषध खरिद गरी ल्याएको अवस्था मिसिल संलग्न बरामदी मुचुल्का, प्रतिवादीहरूको बयानसमेतबाट प्रमाणित भएको पाइन्छ। प्रतिवादीहरूको नेपाल सरहद बाहिर गई खरिद गरी नेपालसरहदभित्र प्रतिबन्धित लागु औषध डाइजेपामसमेत ल्याउने कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिमको कसुर गरेको कुरा पुष्टि हुन आउने।

अतः तत्कालीन पुनरावेदन अदालत, बुटवलबाट सुरू रूपन्देही जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीहरूमध्ये सन्दीप पहारीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(ङ) र (च) को कसुरमा ऐ.ऐनको दफा १४(१)(झ) बमोजिम २ वर्ष कैद र एक लाख जरिवाना र अर्का प्रतिवादी तेज बहादुर गुरूङलाई सोही ऐनको दफा १७ बमोजिम १ वर्ष कैद र रू.५०,०००।– जरिवाना हुने गरी भएको मिति २०७१।१२।०९ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुरमा ऐ. ऐनको दफा १४(१)(ज) बमोजिम जनही दुई महिना कैद र दुई हजार जरिवाना हुने।

इजलास अधिकृतः भेषराज भट्टराई

कम्प्युटरः राधिका घोरासाइने

इति संवत् २०७९ साल असार २८ गते रोज ३ शुभम्।

## इजलास नं. ५

## २४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७७-RB-०००३, बैंकिङ कसुर, नेपाल सरकार वि. मेखबहादुर थापा*

जाहेरवाला ईशान भण्डारीलाई दिनुपर्ने रकम रू. २,३५,०००।– तिर्नका लागि प्रतिवादी मेखबहादुर थापाले निज जाहेरवाला ईशान भण्डारीको नाममा ग्लोबल आई.एम.ई. बैंक लिमिटेड, भैरहवा शाखाबाट भुक्तानी पाउने गरी मिति २०७५/४/२० मा रू. १,२०,०००।– को १ थान र मिति २०७५/४/२७ मा रू. १,१५,०००।– को १ थान गरी जम्मा २ थान चेक काटी दिएको र उक्त चेक बमोजिमको रकम भुक्तानी लिन जाहेरवाला जाँदा प्रतिवादी मेखबहादुर थापाको नामको उक्त खातामा चेक बमोजिमको रकम सञ्चित नरहेको भन्ने कारणबाट उक्त रकम बैंकले जाहेरवालालाई भुक्तानी नदिएको, चेकको भुक्तानी नभएको भन्ने बेहोराको जाहेरी दरखास्त देखिन्छ । प्रतिवादीले उक्त चेकबमोजिमको रकम जाहेरवाला ईशान भण्डारीलाई मिति २०७५/७/५ मा भुक्तानी गरेको भनी प्रतिवादीले सुरू अदालतसमक्ष बयान गर्दा उल्लेख गरेको र सोको प्रमाणस्वरूप जाहेरवाला इशान भण्डारीले चेकबमोजिमको रकम बुझिलिई गरिदिएको मिति २०७५/७/५ को भरपाई कागज पेस गरेकोसमेत

देखियो । मुद्दाको अभियोगपत्र मिति २०७६/१/१० मा दर्ता हुनुभन्दा अगाडि नै मिति २०७५/७/५ मा जाहेरवालालाई भुक्तानी गरिसकेको बेहोरा अभियोजन पक्षबाट खण्डन हुन आएको नपाइने ।

अतः प्रतिवादी मेखबहादुर थापालाई अभियोगपत्र मागदाबीबाट सफाइ दिने ठहऱ्याएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७६/९/२ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: प्रदीपकुमार उपाध्याय

कम्प्युटर: विजय खड्का

इति संवत् २०७७ साल फागुन २३ गते रोज १ शुभम् ।

## २५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७७-RB-०००२, बैंकिङ कसुर, नेपाल सरकार वि. महेश थापा*

प्रतिवादीले काटिदिएको जम्मा रू.१५,००,०००।- बराबरको चेकबमोजिमको रकम मिति २०७५/११/२६ मा प्रतिवादीबाट भुक्तानी पाइसकेपछि पनि उक्त चेकबमोजिमको रकम आफूले भुक्तानी नपाएको भन्ने बेहोराको जाहेरी दरखास्त मिति २०७५/१२/२२ मा प्रतिवादी महेश थापा विरूद्ध दर्ता गराएको देखियो । चेकबमोजिमको रकम प्रतिवादीबाट आफूले भुक्तानी पाइसकेपछि पनि पाएको छैन भनी प्रतिवादी विरूद्ध बैंकिङ कसुर मुद्दाको फौजदारी कारबाही चलाई सजाय गराउने गलत नियत जाहेरवालाको रहेको, सो उद्देश्य पूर्तिका लागि निजले प्रतिवादी विरूद्ध बैंकिङ कसुर मुद्दाको जाहेरी दरखास्त दर्ता गराएको, सोको आधारमा अनुसन्धान हुन पुगेको, अभियोगपत्र दर्ता भएको र प्रतिवादीलाई अदालती प्रक्रियामा जान बाध्य पारेको देखियो । जाहेरवालाले प्रतिवादी विरूद्ध झुटो बेहोराको जाहेरी मिति २०७५/१२/२२ मा दर्ता गराएको देखिन्छ । निजको उक्त झुटो बेहोराको जाहेरीअनुरूपको काम कारबाहीमा अनुसन्धान गर्ने निकाय, अभियोजन गर्ने निकाय र मुद्दा हेर्ने निकायसमेत अनावश्यक रूपमा संलग्न हुनुपरेको देखियो । यसबाट प्रतिवादीलाई अनावश्यक रूपमा तनाव दिने जाहेरवालाको उद्देश्य केही हदसम्म पूरा हुन पुगेको देखिन्छ भने जाहेरवालाको झुटो बेहोराको जाहेरीको कारणले फौजदारी न्याय प्रशासनमा संलग्न राज्यका निकायहरूको समय, साधन र स्रोत पनि अनावश्यक रूपमा प्रयोग हुन पुगेको देखिन्छ । यस अवस्थामा जाहेरवालाको अवाञ्छित, अनुचित तथा गैरकानूनी क्रियाकलापलाई निरूत्साहित गर्नु अदालतको समेत कर्तव्य हुन आउने देखिन्छ । तसर्थ, प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने र झुटो बेहोराको जाहेरी दिएबापत जाहेरवाला गणेश बुढाथोकीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४४ को उपदफा (२) बमोजिमको कसुरमा सोही उपदफाको खण्ड (क) बमोजिम दिन सात कैद गर्ने ठहऱ्याएको उच्च अदाल पाटन, हेटौंडा इजलासको फैसला मनासिब देखिने ।

अतः प्रतिवादी महेश थापालाई सफाइ दिने र झुट्ठा बेहोराको जाहेरी दिने जाहेरवाला गणेश बुढाथोकीलाई सात दिन कैद सजाय गर्ने ठहर गरेको उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७६/११/१४ को फैसला मनासिब देखिँदा सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: प्रदीपकुमार उपाध्याय

कम्प्युटर: विजय खड्का

इति संवत् २०७७ साल फागुन २३ गते रोज १ शुभम् ।

## २६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७६–WO-००५५, उत्प्रेषण, चाँदनी कुमारी यादव वि. ग्रामिण विकास केन्द्र नेपाल लौकाहा, रौतहटसमेत*

निवेदिका चाँदनी कुमारी यादवकी आमा गायत्री कुमारीले मिति २०४४/११/७ मा ना.प्र.

नं. ६७१/७६१ को वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको र निवेदिकाको पिता बिनोद राय यादवले मिति २०६३/१२/१४ मा ना.प्र. नं. ३२/३/०३९/२३ को जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको; निवेदिका नेपालमा नै जन्मेको, निजको स्थानीय पञ्जिकाधिकारीको कार्यालय वडा नं. ६ मौलापुर नगरपालिकामा जन्मदर्ता भएको, जन्म मिति विक्रम संवत् २०५७/२/१२ जनिएको जन्म दर्ताको प्रमाणपत्र मिति २०७६/३/४ मा जारी भएको भन्नेसमेत निवेदिकाको जिकिर रहेको देखियो । सो तथ्य प्रत्यर्थीहरू कसैले पनि खण्डन गरेको नदेखिने ।

समान प्रकृतिको प्रश्न समावेश रहेको रोहितकुमार रौनियारको विवादमा यस अदालतबाट "जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई वंसजको आधारमा नागरिकता प्रदान गरिदै आएकोमा सर्वोच्च अदालतको अन्तरिम आदेश अनुसार सो कार्य यथास्थितिमा राखिएको, यस कार्यालयको निर्णयबाट निवेदकलाई नागरिकताको प्रमाणपत्र दिन इन्कार नगरिएको भन्ने जिल्ला प्रशासन कार्यालयको लिखित जवाफ रहेको देखिन्छ । वस्तुतः प्रत्यर्थीले उल्लेख गरेको यस अदालतको आदेशले नेपाली नागरिकताको प्रमाणपत्र पाएका बाबु-आमाबाट नेपालमा जन्मिएका र स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा जन्म-दर्ता गराएका व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नबाट रोक लगाएको देखिँदैन । नेपालको संविधान तथा प्रचलित नागरिकतासम्बन्धी कानूनका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य व्यक्तिले सो प्रमाणपत्र पाउनु निजको अधिकारको विषय बन्दछ । यो पहिचान तथा राष्ट्रियतासम्बन्धी अधिकार पनि हो । यस प्रकारको अधिकारबाट स्वेच्छाचारी रूपमा बञ्चित गर्दा व्यक्तिको शिक्षा, रोजगारी लगायत अन्य नागरिक हक अधिकारको उपभोग गर्ने कुरामा अनुचित अवरोध पैदा हुन जान्छ । यस अवस्थालाई मनासिब र स्वीकार्य विषय मान्न मिल्दैन" भनी व्याख्या भएको देखिन्छ । यसरी भएको व्याख्याको अनुशरण गर्नु प्रस्तुत विवादका सन्दर्भमा समेत मनासिब देखिने ।

अतः निवेदिका चाँदनी कुमारी यादवका बाबु-आमाको नेपाली नागरिकताको प्रमाणपत्र तथा निज चाँदनी कुमारीको जन्म-दर्तालगायतका जे जो प्रमाण बुझ्नुपर्छ बुझी, आवश्यक कानूनी प्रक्रिया पूरा गरी निवेदिका चाँदनी कुमारी यादवलाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु गराउनु भनी प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय रौतहटका नाममा परमादेश जारी हुने । साथै निवेदिकाले तत्काल नेपाली नागरिकताको प्रमाणपत्र पेस गर्न नसकेको सम्मको कारणबाट निजलाई गरिआएको रोजगारी/व्यवसायबाट बञ्चित नगर्नु, नगराउनु भनी ग्रामीण विकास केन्द्र नेपाल लौकाहा, रौतहटका नाममा समेत परमादेश जारी हुने ।

इजलास अधिकृत: विनोदप्रसाद घिमिरे

कम्प्युटर: विजय खड्का

इति संवत् २०७७ साल चैत्र १० गते रोज ३ शुभम् ।

**२७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०६८-CI-०७६८, मिलापत्र बदर दर्ता बदर दर्ता, सत्यनारायण यादवसमेत वि. सोहगिया देवी यादवसमेत*

वादी दाबीअनुसारको जग्गा साबिक कि.नं. १५० को घरबास मिन्ही जग्गा भएको कुरामा विवाद देखिएन । उक्त जग्गा २००४ सालमा जुगाई यादवका नाउँमा रहेको भन्ने रसिद पेस हुन आएको देखिन्छ । उक्त जग्गा २०२२ सालमा रामसोगारथका नाउँमा रहेको भनी भूमि सुधार कार्यालयमा भरेको ७ नं. फाँटवारीको प्रतिलिपिबाट देखिन्छ । २०२२ सालपछि

उक्त जग्गा जुगाई यादवका हकवालाका नाउँमा दर्ता तथा भोगचलनमा रहेको भन्ने देखिने प्रमाण पेस हुन आएको पाइएन । सुरू अदालतबाट भएको नाप नक्शा मुचुल्काबाट न.नं. १क को जग्गा मोहनीदेवी र सोहगीया देवीको भोगचलनमा रहेको, उक्त जग्गामा साबिकदेखि रामसोगारथले घर बनाएको, निजको मृत्युपछि मोहनीदेवी र सोहगीया देवीले भोगचलन गरी आएको भन्ने उल्लेख भएको पाइयो । उल्लिखित प्रमाणलाई पुनरावेदक प्रतिवादीले तथ्ययुक्त रूपमा खण्डन गर्न सकेको देखिएन । जग्गामा पुनरावेदकको हक पुग्ने स्रोत प्रमाण नदेखिएको, विवादित जग्गा मिन्ही जग्गा रहेको, जग्गामा वादीको भोग रहेको तथ्य नाप नक्सा मुचुल्काबाट देखिएको छ । यसरी आफ्नो हक नै नपुग्ने जग्गा लिने दिने, बन्डा लगाउने गरी पुनरावेदक प्रतिवादीहरूबिच भएको मिलापत्रलाई कानूनअनुकूल मान्न नमिल्ने ।

अतः सुरू सिराहा जिल्ला अदालतबाट मिति २०६१/०८/१४ गते भएको मिलापत्र वादी दाबीबमोजिम बदर हुने र जग्गा वादीको नाउँमा दर्ता हुने ठहर गरेको फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०६६/१०/१३ को फैसला मनासिब देखिँदा सदर हुने । प्रतिवादी सत्यनारायण यादवसमेतको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: विजय खड्का

इति संवत् २०७७ साल फाल्गुण १३ गते रोज ५ शुभम्।

यसै लगाउका मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-CI-०७६९, मिलापत्र बदर दर्ता बदर दर्ता, सत्यनारायण यादवसमेत वि. मोहनीदेवी यादव
- ०६८-CR-०७०९, जालसाज, सत्यनारायण यादवसमेत वि. मोहनीदेवी यादवसमेत

## २८

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७०-CR-०९४२, कर्तव्य ज्यान, नेपाल सरकार वि. साधु भन्ने सुकदेव कुर्मीसमेत*

मिति २०६४/७/५ गते साँझ ५ बजेको समयमा सुकदेव कुर्मीसमेतका ५ जना प्रतिवादीहरूले सहदेव कुर्मीलाई कुटपिट गरी खुट्टा भाँची सख्त घाइते बनाएका र सोही चोट पीडाबाट थला परी मिति २०६४/८/६ गते सहदेव कुर्मीको मृत्यु भएकोले कुटपिट गर्ने प्रतिवादी सुकदेव कुर्मीसमेतलाई कानूनबमोजिम कारबाही गरिपाउँ भनी परेको घनश्याम कुर्मीको जाहेरी दर्खास्तबाट प्रस्तुत मुद्दाको अनुसन्धान प्रारम्भ भएको देखिन्छ । मृतक सहदेव कुर्मीको खुट्टादेखि कम्मरसम्म सेतो कपडा लपेटी दुई हात लामो प्लास्टर गरेको सेफ्टी राखेको भन्नेसमेत बेहोराको लास जाँच प्रकृति मुचुल्का देखिन्छ । सहदेव कुर्मीको शरीरमा विभिन्न भागमा लाठीसमेतले हिर्काएको निलडामका घाउहरू देखिएको भन्ने घा जाँच फाराम र तथा Injury to Spleen भन्नेसमेत बेहोराको शव परीक्षण प्रतिवेदन देखिन्छ । मौकामा कागज गर्ने आशा कुर्मी, जमूर्ति कुर्मीले अदालतमा बकपत्र गर्दासमेत प्रतिवादी सुकदेव कुर्मीले मृतक सहदेव कुर्मीलाई कुटपिट गरेको भनी उल्लेख गरेको पाइन्छ । सह-प्रतिवादी विन्द्रावती कुर्मीसमेतले मौकामा र अदालतमा समेत सुकदेव कुर्मीले नै सहदेव कुर्मीलाई कुटपिट गरेको भनी पोल गरेको देखिन्छ । प्रतिवादी सुकदेव कुर्मी मौकामा फरार भई पछि अदालतमा उपस्थित भई बयान गर्दा आफूले सहदेव कुर्मीलाई कुटपिट नगरेको, वारदातको समयमा आफू अन्यत्र थिएँ भनी जिकिर गरेको भएपनि सो तथ्य प्रमाणबाट पुष्टि हुन सकेको पाइएन । किटानी जाहेरी दर्खास्त, घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का, आशा कुर्मी, जमूर्ति कुर्मीको मौकाको कागज र सोही बेहोराको अदालतमा भएको बकपत्र, सहप्रतिवादी विन्द्रावती कुर्मीको अनुसन्धान अधिकारीसमक्ष

र अदालतमा भएको बयान तथा मृतकको शव-परीक्षण प्रतिवेदनसमेतका कागज प्रमाणबाट सहदेव कुर्मीको स्वाभाविक मृत्यु नभई प्रतिवादी सुकदेव कुर्मीको कुटाईबाट (कर्तव्यबाट) थला परी सोही चोट पीडाको कारणबाट सहदेव कुर्मीको मृत्यु भएको भन्ने देखियो । त्यसैले उल्लिखित वारदातलाई केवल कुटपिटको वारदात मान्न मिल्ने देखिँदैन। तथापि यसरी कर्तव्य गरी ज्यान मार्ने व्यक्ति निज प्रतिवादी सुकदेव कुर्मीको मिति २०७०/१२/२० मा मृत्यु भएको भनी स्थानीय सिलौटिया गा.वि.स.का पञ्जिकाधिकारीबाट प्रमाणित भईआएको देखिने।

अतः प्रतिवादी सुकदेव कुर्मीको मृत्यु भइसकेको भन्ने देखिँदा निजलाई मुलुकी ऐन, अ.बं. १७६ नं. बमोजिम खतवात नलाग्ने भएको र अन्य प्रतिवादीहरू विन्द्रवती कुर्मी, गोपाल भन्ने नन्दगोपाल कुर्मी, रामरती कुर्मी र राधेश्याम कुर्मीको हकमा अभियोजन पक्षले शंकारहित तवरबाट अभियोग दाबी प्रमाणित गर्न सकेको नदेखिँदा निजहरू चार जनाले प्रस्तुत मुद्दाको अभियोगदाबीबाट सफाइ पाउने ठहर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०६९/१२/२६ को फैसला मनासिब देखिँदा सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल माघ १९ गते रोज २ शुभम्।

## २९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७७-WH-०२५१, बन्दीप्रत्यक्षीकरण, जुलकरी सैयाद मुसलमान वि. कारागार कार्यालय, नख्खु, ललितपुरसमेत*

लक्ष्मी वि.क.को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी जुलकरी सैयाद मुसलमानसमेत भएको जिउ मास्ने बेच्ने मुद्दामा निवेदक मिति २०६०/३/१९ गते पक्राउ परेर थुनामा रहेको; उक्त मुद्दामा १० (दश) वर्ष कैद सजाय हुने गरी तह-तह अदालतबाट भएको फैसला अन्तिम भइ बसेको; निज निवेदकउपर प्र.नि विकास श्रेष्ठसमेतको प्रतिवेदनले वादी नेपाल सरकार भएको लागु औषध (चरेस) मुद्दा चलेको र सो मुद्दामा कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६५/१०/८ मा कैद वर्ष ८ र जरिवाना रू. ५०,०००।- हुने ठहर गरी फैसला भएकोसमेतका तथ्यमा विवाद देखिएन । जरिवाना रकम दाखिल भइसकेको भन्नेसमेत निवेदन जिकिर रहेको पाइयो । निवेदकउपरको पहिलो कसुर लागु औषधसम्बन्धी र पछिल्लो वारदात जिउ मास्ने बेच्ने मुद्दा भन्ने देखिन्छ। निवेदक मिति २०६०/३/१९ गते जिउ मास्ने बेच्ने मुद्दामा पक्राउ गरी थुनामा रहेको, माओवादी आन्दोलनको क्रममा मिति २०६२/१२/२५ गते भागी गएको, कैदी भागे भगाएको मुद्दा चलाएको नदेखिएको, सुरूमा पक्राउ परेको मिति २०६०/३/१९ बाट मिति २०६२/१२/२५ सम्म थुनामा रहेको र जिउ मास्ने बेच्ने मुद्दामा ७ वर्ष २ महिना २४ दिन कैद असुल हुन बाँकी रहेकोमा मिति २०६८/४/३१ गते पुनः पक्राउ परी हालसम्म थुना रहेको देखियो । कैदी पुर्जी दिँदा जिउ मास्ने बेच्ने मुद्दाको असुल हुन बाँकी कैद ७ वर्ष २ महिना २४ दिन र लागु औषध मुद्दामा हुने ठहर भएको आठ वर्ष कैदसमेत जोडेर कुल १५ वर्ष २ महिना २४ दिन कैदमा राख्ने गरी कैदी पुर्जी दिइएको पाइने।

अतः निवेदक जुलकरी शैयद मुसलमानलाई दिइएको कपिलवस्तु जिल्ला अदालतको मिति २०६८/४/३१ को कैदी-पुर्जी कानूनप्रतिकूल तथा बेरितको देखिँदा सो कैदी-पुर्जी उत्प्रेषणको आदेशले बदर गरिएको छ । अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए तथा निवेदक (प्रतिवादी) जुलकरी शैयद मुसलमानलाई माथि उल्लिखित लागु औषध मुद्दामा हुने ठहरिएको जरिवाना रकम असुल भइसकेको भए विवादित जिउ मास्ने बेच्ने मुद्दा तथा लागु औषध

मुद्दामा दिएको च.नं. ३३१ मिति २०६८/४/३१ को कपिलवस्तु जिल्ला अदालतको कैदी-पुर्जी अनुसारको थुनाबाट तत्काल मुक्त गर्नु भनी नेपालको संविधानको धारा १३३(२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: विनोदप्रसाद घिमिरे

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल चैत्र ८ गते रोज १ शुभम्।

**३०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७०-CI-१०५४, घर टहरा भत्काइपाउँ, रामचन्द्र तिमिल्सिना वि. विषुणुमाया दमै*

विवादित घर २०६६ सालमा प्रतिवादी रामचन्द्र तिमिल्सिनाले बनाएको भन्ने फिराद दाबी र २०५१ सालमै रमेश जुहार्चनले बनाएको भन्ने प्रतिउत्तर जिकिर रहेको देखिँदा प्रस्तुत मुद्दामा घर कहिले बनाएको हो भन्ने निर्णय गर्नुपर्ने देखियो। सो विवादित घर कहिले निर्माण भएको रहेछ भन्नेतर्फ हेर्दा, प्रतिवादीका दाता भनिएका रमेश जुहार्चनले २०५१ सालमा घर बनाउन लागेको हुँदा निर्माण कार्य रोक्का राखिपाउँ भनी वादीका दाता हिरादेवी परियारले सराङ्गकोट गाउँ पञ्चायत कार्यालयमा उजुर गरेको र २०५१।९।२८ मा निर्माण कार्य रोक्का गर्न गाउँ पञ्चायतले पत्र लेखेको तथा राम बहादुर परियार र हिरा परियारबिच कि.नं. ३९६ को जग्गामध्ये २० हात मोहडा ५० हात पिछाड जग्गामा घर बनाउन रमेश जुहार्चनलाई दिनेसमेतको सहमति भएपछि सराङ्गकोट गाउँ पञ्चायत कार्यालयबाट घर बनाउन रोक्का गरेको फुकुवा गरिएको जानकारी दिएकोसमेतका मिसिल सामेल प्रमाणबाट रामबहादुर परियारको कि.नं. ३९६ को जग्गाभित्र जग्गाधनीको स्वीकृतिमा रमेश जुहार्चनले २०५१ सालमा सो घर बनाएको देखिन्छ। प्रस्तुत मुद्दामा मिति २०६७।५।२९ मा भएको स्थलगत नाप नक्सा सर्जमिन मुचुल्का हुँदा साबिकमा रमेश जुहार्चनले बनाएको घर यो ठाउँमा थियो भनी वादीले देखाउन सकेको देखिँदैन। यसै गरी वादीका साक्षी दुर्गाबहादर परियारले अदालतमा आई बकपत्र गर्दा सं.ज. ५ मा घर रमेश जुहार्चनले बनाएको भन्ने सुनेको हो, घर कुन मितिमा बनेको हो मलाई थाहा छैन, घरमा रामचन्द्र कहिलेदेखि बसे कहिले किने मलाई थाहा छैन भन्ने बेहोरा खुलाई बकपत्र गरेको देखिन्छ। जसबाट विवादित घर २०५१ सालमा रमेश जुहार्चनले बनाएको र सोही घर निजले पछि यी पुनरावेदकलाई छोडपत्र गरेको भन्ने देखिने।

कसैले बनाएको घर अर्काको जग्गामा पर्न गएको अवस्थामा के हुने भन्ने कानूनी व्यवस्थामा साबिक मुलुकी ऐन घर बनाउनेको महलको १नं. मा "घर बनाउँदा आफ्नो हक नपुग्ने जग्गा मिची घर बनाउन हुँदैन। घर बनाउँदा बलेनी अर्काका जग्गामा परे जग्गा धनीले रोक्न हुँदैन। जग्गा धनीले त्यसै जग्गामा तला उठायो वा घर बनायो भने त्यो बलेनी काटी बनाउन पाउँछ। काट्न नदिई रोक्न हुँदैन" भन्ने व्यवस्था र सो महलको ११ नं.मा "जग्गा मिची घर बनाएकोमा घर तैयार भएको मितिले एक वर्षभित्र नालिस नदिए लाग्न सक्दैन" भन्ने व्यवस्था रहेको पाइन्छ। परिवर्तित कानूनी व्यवस्थासमेत हेर्दा उक्त विषयमा मुलुकी ऐनलाई प्रतिस्थापन गरेको मुलुकी देवानी संहिता, २०७४ को दफा २७९ मा "सहमति नलिई अर्काको जग्गामा घर बनाउन नहुने" व्यवस्था रहेको र सो दफाको उपदफा (१) मा "कसैले पनि स्वामित्ववालाको लिखित सहमति नलिई निजको जग्गामा घर बनाउन सक्ने छैन" भन्ने, उपदफा (२) मा "कसैले स्वामित्ववालाको लिखित सहमति नलिई निजको जग्गामा घर बनाएमा जग्गाधनीले चाहेमा त्यस्तो घरको बजार मूल्यको पच्चीस प्रतिशतसम्म कम मूल्यमा त्यस्तो घर खरिद

गर्न पाउनेछ" भन्ने, उपदफा (३) मा "उपदफा (२) बमोजिम जग्गाधनीले त्यस्तो घर खरिद गरी नलिएमा घरधनीले स्वामित्ववालाको मञ्जुर भएमा त्यस्तो घर भएको जग्गाको बजार मूल्यको पच्चिस प्रतिशतसम्म मूल्य थप गरी त्यस्तो जग्गा खरिद गर्न सक्ने छ" भन्ने, उपदफा (४) मा "उपदफा (२) वा (३) बमोजिम घर वा जग्गा खरिद बिक्री गरी लिन दिन दुवै पक्ष मन्जुरी नभएमा घर बनाउनेले त्यस्तो घर बनाएको मितिले तीन महिनाभित्र घर भत्काई आफ्नो मालसामान लैजानुपर्ने छ" भन्ने र उपदफा (५) मा "उपदफा (४) बमोजिमको अवधिभित्र घर नभत्काएमा त्यस्तो घर जग्गाधनीको हुने छ" भन्ने व्यवस्था रहेको देखिने।

घर बनाउनेका महलको ११ नं. को हदम्यादभित्र वादीको दाबी परेको नदेखिएको हुँदा जग्गा खिचोला मेटाई हक कायम गरी घर हटाई चलन चलाइपाउने साथै प्रतिवादी रामचन्द्र तिमिल्सिनालाई जग्गा मिच्नेको महलको १४ नं. बमोजिम रू. १,१८७।५० जरिवाना हुने ठहर गरेको हदसम्म पुनरावेदन अदालत पोखराको मिति २०७०।६।१५ फैसला केही उल्टी भई सो हदसम्म वादी विष्णुमाया दमैको फिरादपत्र दाबी पुग्न नसक्ने । घरसारको लिखतबाट जग्गाको हक हस्तान्तरण हुन नसक्ने भएको र विवादित घर निर्माण भएको जग्गा वादी विष्णुमाया दमैका नाउँमा नै दर्ता कायम रहेको देखिँदा जग्गामा निजको हक स्वामित्व कायम रही रहेको अवस्था हुँदा हाल पुनरावेदक प्रतिवादी रामचन्द्र तिमिल्सिनाले भोग गरी आएको उल्लिखित (विवादित) घर पाताल भएपछि सो घरले चर्चेको जग्गासमेत वादी विष्णुमायाको हकभोग रहने नै भएकाले जग्गामा निज विष्णुमायाको हक कायम हुने ठहर गरेको हदसम्म पुनरावेदन अदालत पोखराको उक्त फैसला सदर हुने।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल असोज ५ गते रोज ३ शुभम्।

## ३१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CI-११३३, अपुताली हक कायम दर्ता, नसीर उद्दिन मियाँसमेत वि. लैमुन मियाँ*

सुरू फिराद दाबी तथा प्रतिउत्तर जिकिरबाट इनामुल मियाँ र जैतुन मियाँका तीन छोरीहरू जेठी लैमुन, माहिली भुवानी र कान्छी सोमनी मियाँ रहेको देखिन्छ । इनामुल मियाँको मृत्युपश्चात् जैतुन मियाँको पालनपोषण औषधी उपचार गरेको हुँदा जैतुन मियाँको अपुताली हामीले पाउने हो भनी वादीको दाबी रहेकोमा विवाहिता छोरीले अपुताली पाउने अवस्थाभन्दा अघिका हकदार अरू नभएको अवस्थामा मैले अपुताली हक पाउने हो, वादीहरूले होइन भन्ने प्रतिउत्तर जिकिर रहेको पाइन्छ। प्रस्तुत फिराद गर्नुभन्दा अघि वादी प्रतिवादीले संयुक्त रूपमा र सोपश्चात् वादी एक्लैले जैतुन मियाँका नाममा कि.न ३८,१३६५,१३७३,१३७६,१५९९,१३४,२४१ र ५७७ का जग्गाहरू दर्ता नामसारी गरिपाउँ भनी मालपोत कार्यालय मोरङ्गमा मिति २०६९/११/१ मा निवेदन गरेको मिसिल संलग्न मालपोत कार्यालयबाट प्राप्त मिसिलबाट देखिन्छ । मालपोत कार्यालयमा परेको निवेदनउपरको कारबाही टुङ्गो लागेको अवस्था नदेखिने।

इनामुलको स्वर्गपश्चात् जैतुन मियाँको पालनपोषण औषधोपचार र काजक्रिया हामीले गरेको हुँदा जैतुनको अपुताली हामीले पाउने भन्ने वादी र जैतुनको तीन छोरीमध्ये म मात्र जीवित रहेको हुँदा विवाहित छोरीभन्दा अगाडिका हकदार अरू नभएको अवस्थामा मैले अपुताली पाउने हो भन्ने जैतुनको जेठी छोरी लैमुनको प्रतिउत्तर जिकिर रही अपुतालीको विवाद सिर्जना भएको देखिन्छ। अपुताली हकको विषय मुद्दाको रोहबाट अदालत प्रवेश गरेपछि मौजुदा कानूनी व्यवस्था र मिसिल संलग्न तथ्य प्रमाणसमेतबाट स्वर्गीय जैतुन मियाँको अपुताली हक वादीले पाउने हो,

होइन ? भन्ने विषयमा ठहर गरी फैसला गर्ने साधिकार निकाय सुरू अदालतकै रहने हुन्छ । यस अवस्थामा सुरू मोरङ जिल्ला अदालतमार्फत वादीहरूले कानूनबमोजिम उपचार प्राप्त गर्ने अवस्था बाँकी नै रहेको देखिँदा पुनरावेदन अदालत विराटनगरको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने ।

तसर्थ, इन्साफका लागि सुरू जिल्ला अदालतमा पठाउने गरी भएको पुनरावेदन अदालत विराटनगरको मिति २०७१/९/२७ को फैसला मिलेकै देखिँदा सदर हुने । वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल भाद्र २० गते रोज १ शुभम् ।

**३२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७९-WH-००३१, बन्दीप्रत्यक्षीकरण, परिवर्तित सङ्केत नाम ५१(C) पिपरा वि. कपिलवस्तु जिल्ला अदालतसमेत*

कानूनको विवादमा परेका बालक निवेदक परिवर्तित नाम ५१(C) पिपरालाई जबरजस्ती करणीको कसुरमा मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१)(२) को कसुर गरेकोले सोही संहिताको दफा २१९(३)(क) बमोजिम र सोही संहिताको दफा २१९(३)(क) र (ख) बमोजिम हुने सजायमा निज कानूनको विवादमा परेको बालक १३ वर्षको हुँदा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (२) बमोजिम सजाय हुनसमेतको माग दाबी लिई कपिलवस्तु जिल्ला अदालतमा अभियोग पत्र दायर भएकोमा निजलाई मुद्दा पुर्पक्ष गर्ने प्रयोजनको लागि बालसुधार गृहमा राख्ने गरी कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७९।२।३१ गते आदेश भएको पाइयो । त्यसरी पुर्पक्षको निमित्त निज बालक निवेदकलाई बालसुधार गृहमा राख्न पठाइएको आदेश नमिलेकोले उक्त आदेश बदर गरी बालबालिकासम्बन्धी ऐनले निर्दिष्ट गरेको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकको जिम्मा लगाउने गरी बन्दीप्रत्यक्षीकरणको आदेशले निजलाई थुनामुक्त गरिनुपर्दछ भन्ने बेहोराको निवेदन माग रहेको देखिन्छ । प्रत्यर्थीहरूले निवेदक प्रतिवादीले गरेको कसुरजन्य कार्य र उमेर समूहलाई समेत विचार गरी बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(२) बमोजिम मुद्दा पुर्पक्षको निमित्त अदालतले निजलाई बालसुधार गृहमा राखेको कार्यलाई गैरकानूनी भन्न मिल्दैन । रिट निवेदन खारेज हुनुपर्दछ भनी लिखित जवाफ पेस गरेको देखिने ।

बालबालिकासम्बन्धी ऐन, २०७५ ले गरेको कानूनी व्यवस्थाको समग्रमा अध्ययन गर्दा कानूनको विवादमा परेको बालबालिकालाई बालसुधार गृहमा राखिने व्यवस्था भनेको अन्तिम विकल्पको रूपमा रहेको देखिन्छ । अन्तिम विकल्पदेखि बाहेकका अन्य विकल्प जस्तै आमा, बाबु वा परिवारको अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हक हितको संरक्षण गर्ने संस्था वा व्यक्तिसमेतको जिम्मा लगाउन सकिने व्यवस्था उक्त ऐनको दफा २४(३) मा रहे भएकै देखिन आउँछ । यस अवस्थामा बालबालिकालाई बाल सुधार गृहमा राखेर नै मुद्दाको पुर्पक्ष गर्नुपर्ने कानूनको मनसाय रहेको देखिँदैन भने त्यस्तो कार्यले बालबालिकाको सर्वोतम हित कायम गर्ने कानूनको अभीष्ट पूरा हुन सक्ने पनि देखिँदैन । निवेदक प्रतिवादीलाई बालसुधार गृहमा राखी मुद्दाको पुर्पक्ष गरिनुपर्ने अपरिहार्य कारण अभियोग दाबीमा खुलाइएको पाइँदैन भने जिल्ला अदालतको आदेशमा समेत निवेदकलाई बालसुधार गृहमा राखेर मुद्दा पुर्पक्ष हुनुपर्ने आधार कारण खुलाएको देखिँदैन । यसप्रकार निवेदकलाई बाल सुधार गृहमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने कपिलवस्तु जिल्ला अदालतको आदेश कानूनअनुरूप मिलेको नदेखिने ।

निवेदकलाई बाल सुधार गृहमा नै राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने कारण र अवस्था विद्यमान रहेको नदेखिँदा निज निवेदक परिवर्तित सङ्केत नाम ५१(C) पिपरालाई बालसुधार गृहमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरेको कपिलवस्तु जिल्ला अदालतको मिति २०७९।२।३१ को आदेश कानूनबमोजिम भएको नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुने । निवेदकलाई बालसुधार गृह रूपन्देहीबाट झिकाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(३) बमोजिमको प्रक्रिया पुऱ्याई तोकिए अनुसार निज निवेदकलाई अभिभावकको जिम्मा लगाउने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: विनोदप्रसाद घिमिरे

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल भदौ २६ गते रोज १ शुभम् ।

**३३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-CR-०९६६, जबरजस्ती करणी, कमलराज गिरी वि. नेपाल सरकार*

जबरजस्ती करणी सम्बन्धमा रहेका कानूनी व्यवस्थाहरू हेर्दा, मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) मा "कसैले जबरजस्ती करणी गर्न हुँदैन" भन्ने र ऐ. को उपदफा (२) मा "कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा मन्जुरी लिएर भएपनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबरजस्ती करणी गरेको मानिने छ" भन्ने व्यवस्था रहेको छ । उक्त दफा २१९ को उपदफा (३) को खण्ड (ग) मा "चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए बाह्र वर्षदेखि चौध वर्षसम्म" कैद सजाय हुने भन्ने कानूनी व्यवस्था भएको देखिन्छ । यसको अतिरिक्त उक्त संहिताको दफा २२८ मा "दफा २२० र २२७ अन्तर्गतको कसुरबाहेक यस परिच्छेद बमोजिमको अन्य कसुरबाट पीडित व्यक्तिलाई कसुरदारबाट मनासिब क्षतिपूर्ति भराइदिनु पर्ने छ" भन्ने कानूनी व्यवस्था रहेको देखिने ।

प्रतिवादी कमलराज गिरीले मध्यमाञ्चल होटल एण्ड लजको कोठा नं. १०६ मा मिति २०७५/०६/२३ गते बुक गरेको, कोठा नं १०६ भित्र पीडितलाई प्रतिवादी कमलराज गिरीले जबरजस्ती करणी गरेको भन्ने घटनास्थल मुचुल्का, उक्त १०६ नं. को बन्द कोठाभित्र प्रतिवादी र पीडित करिब एक डेढ घण्टा रहेका भन्ने होटल सञ्चालक निविता नेगीको बकपत्र, पीडितको स्वास्थ्य तथा शारीरिक परीक्षण प्रतिवेदनमा Central perforation with marginal edema, stains of blood. Central perforation of hymen with edema of margin. उल्लेख हुनु र पीडितको कन्याजाली प्वाल परिसकेको, योनि वरिपरी रगतका केही थोपाहरू देखिनुका साथै योनि सुन्निएको थियो भनी पीडितको स्वास्थ्य परीक्षण गर्ने चिकित्सक आस्मा श्रेष्ठले बकपत्र गरेकोसमेतका प्रमाणहरूबाट प्रतिवादी कमलराज गिरीले पीडित जाहेरवालीलाई करणी गरेको वारदात स्थापित हुन आएको देखिन्छ । १६ वर्ष उमेर नपुगेकी पीडितको सहमतिबाट करणी गरेको भएपनि जबरजस्ती करणी गरेको मान्नुपर्ने कानूनी व्यवस्था रहेको र कपडा किनिदिनेसमेतका प्रलोभन देखाई प्रतिवादीले पीडितलाई करणी गरेको अवस्थामा आफू निर्दोष रहेको भन्ने प्रतिवादीको भनाइलाई अन्य कुनै स्वतन्त्र प्रमाणले पुष्टि हुन नसकेकाले प्रतिवादी कमलराज गिरीलाई अभियोग दाबीबमोजिम मुलुकी फौजदारी संहिता, २०७४ को दफा २१९ को (१) र (२) को कसुरमा सजाय गरी ऐ. दफा २२८ बमोजिम प्रतिवादीबाट पीडितलाई रू.३५,०००।- (पैँतिस हजार) क्षतिपूर्ति भराइदिने गरी सुरू मकवानपुर जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७६/०४/१४ को फैसला मनासिब नै देखिने ।

तसर्थ, मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१) र (२) को कसुरमा सोही दफा २१९(३) (ग) बमोजिम पीडितको उमेरसमेतका आधारमा प्रतिवादीलाई १२ वर्ष ३ महिना कैद हुने र प्रतिवादीबाट पीडितलाई रू.३५,०००।-(पैँतिस हजार) क्षतिपूर्ति भराइदिने गरी सुरू मकवानपुर जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७६/०४/१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: माधवप्रसाद लोहनी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल माघ २५ गते रोज ३ शुभम्।

**३४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७८-WH-०१३६, बन्दीप्रत्यक्षीकरण, परिवर्तित नाम ७१ मालाखेती ३६ (घ) समेत वि. जिल्ला प्रहरी कार्यालय, कैलालीसमेत*

निवेदकहरू परिवर्तित नाम ७१ मालाखेती ३६ र परिवर्तित नाम ७१ मालाखेती ३६(घ) लाई गैरकानूनी रूपमा बाल सुधार गृहमा राखिएको अवस्था छ वा छैन भनी हेर्दा परिवर्तित नाम ७१ मालाखेती ३६ को उमेर १५ वर्ष रहेको र परिवर्तित नाम ७१ मालाखेती ३६(घ) को उमेर १४ वर्ष रहेको भन्ने अभियोगपत्रसमेतबाट देखिन्छ । यी निवेदकहरू १६ वर्ष मुनिको रहेकोमा विवाद देखिँदैन । यी निवेदकहरूको उमेर १६ वर्षमुनिको भई निजहरूको हकमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(३) अनुसार आधा सजायको मात्र अभियोग दाबी लिएको सन्दर्भमा कसुर प्रमाणित भई कसुरदार ठहरेको अवस्थामा मुलुकी अपराध संहिता, २०७४ को दफा २४३(३) बमोजिम नकबजनी चोरी गर्ने व्यक्तिलाई तीन वर्षदेखि पाँच वर्षसम्म कैद र तिस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवानाको आधा अर्थात् १ वर्ष ६ महिनादेखि २ वर्ष ६ महिनासम्म कैद र १५ हजार रूपैयाँदेखि २५ हजार रूपैयाँसम्म जरिवाना हुने देखिने । साथै बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(२)(ख) मा "तीन वर्ष वा सोभन्दा बढी कैद सजाय गर्नुपर्ने कसुरजन्य कार्यको अभियोग लागेका बालबालिका तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने भएमा वा कसुरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा कारण खुलाई पुर्पक्षको लागि बाल सुधार गृहमा राख्न सक्ने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। यी निवेदकहरू प्रतिवादी रहेको ०७८-C१-०३३३ र ०७८-C१-०३३६ को चोरीसम्बन्धी कसुरमा प्रत्यर्थी कैलाली जिल्ला अदालतबाट मिति २०७८/१०/४ गते थुनछेक आदेश गर्दा "बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(२)(ख) बमोजिम मुद्दा पुर्पक्षको लागि पायक पर्ने नजिकको बाल सुधार गृहमा राख्नु" भनी आदेश गरेको पाइयो । उक्त आदेशबमोजिम निवेदकहरू हाल बाल सुधार गृह डडुवा, बाँकेमा रहेको देखिन्छ। अभियोगपत्रमा माग भए अनुसार पनि यी निवेदकहरूउपरको कसुर प्रमाणित भएमा निजहरूलाई अधिकतम सजाय गर्दा पनि २ वर्ष ६ महिना कैद र २५ हजार रूपैयाँसम्म मात्र जरिवाना हुने देखिन्छ । ऐ. ऐनको दफा २४(२)(ख) अनुसार पनि निजहरूलाई तीन वर्ष वा सोभन्दा बढी कैद सजाय हुने अवस्था देखिन आएन। तसर्थ निवेदकहरू परिवर्तित नाम ७१ मालाखेती ३६ र परिवर्तित नाम ७१ मालाखेती ३६(घ) लाई पुर्पक्षको लागि भनी बाल सुधार गृहमा राखेको कुरा कानूनअनुकूल नदेखिने।

निवेदकमध्येका परिवर्तित नाम ७१ मालाखेती ३६(ज) लाई गैरकानूनी रूपमा बाल सुधार गृहमा राखिएको अवस्था छ वा छैन भनी हेर्दा साधिकार अदालतमा कानूनबमोजिम चलेको ०७८-C१-०३३३ र ०७८-C१-०३३६ को चोरीसम्बन्धी कसुर मुद्दामा परिवर्तित नाम ७१ मालाखेती ३६(ज) को उमेर १६ वर्षमाथिको रहेकोले मुलुकी अपराध संहिता, २०७४ को दफा २४३(३) बमोजिम सजाय गरी तथा

निजलाई बाल बालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुन भनी अभियोग दाबी लिएको पाइयो । मुलुकी अपराध संहिता, २०७४ को दफा २४३(३) अनुसार नकबजनी चोरी गर्ने व्यक्तिलाई तीन वर्षदेखि पाँच वर्षसम्म कैद र तिस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना हुने देखिन्छ । उल्लिखित सजायमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम दुई तिहाई सजाय गर्दा दुई वर्षदेखि तीन वर्ष चार महिनासम्म कैद र बिस हजार रूपैयाँदेखि तेत्तिस हजार तीन सय चौंतिस रूपैयाँसम्म जरिवाना हुने अर्थात् निवेदकलाई तीन वर्षभन्दा बढी कैद सजाय हुन सक्ने देखिन्छ । प्रत्यर्थी कैलाली जिल्ला अदालतबाट उल्लिखित दुवै चोरीसम्बन्धी कसुरमा परिवर्तित नाम ७१ मालाखेती ३६(ज) समेतलाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(२)(ख) बमोजिम मुद्दा पुर्पक्षको लागि पायक पर्ने नजिकको बाल सुधार गृहमा राखेको पाइयो । यसरी निवेदकलाई मुद्दा पुर्पक्षको प्रयोजनार्थ कानूनबमोजिम बाल सुधार गृहमा राखिएको र उक्त स्थानमा राख्दा पूरा गर्नुपर्ने आवश्यक कानूनी प्रक्रियासमेत पूरा गरी राखिएको पाइयो । यस अर्थमा हेर्दा निवेदक परिवर्तित नाम ७१ मालाखेती ३६(ज) लाई बाल सुधार गृहमा राखिएको कार्यलाई गैरकानूनी थुना भनी मान्न मिल्ने अवस्था नदेखिने ।

अतः निवेदकहरू परिवर्तित नाम ७१ मालाखेती ३६ र परिवर्तित नाम ७१ मालाखेती ३६(घ) लाई बाल सुधार गृहमा राख्ने गरी कैलाली जिल्ला अदालतको मिति २०७८/१०/४ मा भएको आदेश निजहरू दुई जनाको हकमा सम्म बदर भई निजहरूलाई कैलाली जिल्ला अदालतमा हाजिर गराई निजहरूको नजिकको नातेदार वा संरक्षकको जिम्मा लगाई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी नेपालको संविधानको धारा १३३(२)(३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

निवेदकमध्येका परिवर्तित नाम ७१ मालाखेती ३६(ज) को उमेर १६ वर्षमाथिको देखिएको र निजलाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुने सक्ने कसुरको अभियोग लागेको देखिएकोले निजको हकमा कानूनबमोजिम नै मुद्दा पुर्पक्षको लागि बाल सुधार गृहमा राखिएको देखिँदा निजलाई गैरकानूनी रूपमा बन्दी बनाएको मान्न मिलेन । निज परिवर्तित नाम ७१ मालाखेती ३६(ज) का हकमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नपर्ने ।

इजलास अधिकृतः डल्लुराम चौधरी, शैलेन्द्र खड्का
कम्प्युटर: विजय खड्का
इति संवत् २०७८ साल फागुन ८ गते रोज १ शुभम् ।

**३५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-०८६०, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. दिपककुमार घले*

प्रतिवादी बनाइएका दिपककुमार घलेले आफूले जाहेरवालाको बाबु अमरमान डंगोलसँग व्यापार व्यवसायको लागि पाँच लाख रूपैयाँ ऋण लिएको, सो रकम सापटी लिएको कारण कागज गर्नुपर्दछ भनेको हुँदा वैदेशिक रोजगारको लिखतमा सहीछाप गराएका हुन् भनी कसुर गरेकोमा इन्कार गरेको देखिन्छ । जाहेरवालाले मिति २०६९।४।५ मा जाहेरीसाथ पेस गरेको लिखत कागजको बेहोरा हेर्दा निजकी आमा नानीमैया महर्जनले आफ्नो छोरा अमित डंगोललाई कागज भएका मितिले ३ महिनाभित्र अमेरिका लगेर रोजगारीमा लगाइदिने भन्ने बेहोरा उल्लेख भएको, अमरमान डंगोल तथा नानीमैयाँ महर्जनको बकपत्रबाट वैदेशिक रोजगारीमा निज जाहेरवालालाई अमेरिका पठाउने भनी प्रतिवादीले पाँच लाख रूपैयाँ लिएर

विदेश पठाउन नसकेको र बुझी लिएको रूपैयाँ पनि फिर्ता नगरेको भन्ने देखिए तापनि वैदेशिक रोजगारमा जानको लागि आवश्यक पर्ने आधारभूत कागजात राहदानी मिति २०६९।४।५ मा वैदेशिक रोजगारको लिखत गरेको समयमा जाहेरवालाले बनाएका थिए कि थिएनन् भन्ने सम्बन्धमा यकिन गर्नका लागि निज जाहेरवालासँग सो विषयमा बुझ्ने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट आदेश भएको देखिने।

जाहेरवाला अमित डंगोलले मिति २०७५।१।७ मा न्यायाधिकरणमा उपस्थित भई पहिलो पटक ९ सेप्टेम्बर २०१४ मा राहदानी बनाएको हो भनी कागज गरी सो राहदानीको प्रतिलिपिसमेत पेस गरेको देखिँदा निजले ९ सेप्टेम्बर २०१४ अर्थात् मिति २०७१।५।२४ मा मात्र पहिलो पटक राहदानी बनाएको तर सो मितिभन्दा करिब दुई वर्षअगाडि नै वैदेशिक रोजगारीमा अमेरिका जानको लागि भनी यी प्रतिवादीलाई रकम दिएको भन्ने लिखत गरेको देखिन्छ । सो लिखतमा प्रतिवादीले जाहेरवालाको राहदानीसमेतका कागजात बनाइदिने भन्ने कुनै पनि किसिमको बेहोरा उल्लेख भएको देखिँदैन । जाहेरवालाले वैदेशिक रोजगारीमा विदेश जानको लागि राहदानी नै नबनाएको अवस्थामा वैदेशिक रोजगारमा पठाइदिने सर्त राखी प्रतिवादीलाई रकम दिएको भन्ने जाहेरी तथा लिखतमा उल्लिखित बेहोरा शंकारहित रूपमा पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादीलाई कसुरदार कायम गरी सजाय गर्न मिल्ने अवस्था देखिएन। जाहेरवालाको आमा नानीमैयाँ महर्जन तथा बाबु अमरमान डंगोल र प्रतिवादीको बिचमा लेनदेन भएको हो भने जाहेरवाला पक्षले कानूनी मार्ग अवलम्बन गरी उपचार प्राप्त गर्न सक्ने नै हुँदा प्रतिवादीले जाहेरवालालाई गलत आश्वासन दिई प्रलोभनमा पारी रकम दिएको भन्ने तथ्य पुष्टि हुन सकेको नदेखिने।

तसर्थ, प्रतिवादी दिपकककुमार घलेले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ अनुसार कसुर गरेको पुष्टि हुने वस्तुनिष्ठ प्रमाण वादीले पेस गर्न सकेको नदेखिँदा वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।१।३१ मा भएको फैसला मनासिब देखिँदा सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने। प्रतिवादी दिपककुमार घलेले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: उषा गिरी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल भाद्र ९ गते रोज ४ शुभम्।

## इजलास नं. ६

### ३६

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०६९-CI-१०३९, बहाल दिलाई घर खाली गराइपाउँ, सन्जु महर्जन वि. मधुसुधन श्रेष्ठ*

काठमाडौं जिल्ला, कीर्तिपुर नगरपालिका वडा नं. १७ मा सञ्जु महर्जनको नाममा दर्ता कायम रहेको कि.नं. ७९ क्षेत्रफल ००१२८.८० व.मि. जग्गामा बनेको घर ऐ. वडा नं. १७ बस्ने मधुसुदन श्रेष्ठलाई चलन चल्तीको मूल्य रू ७,५०,०००।- लिई मिति २०५९।१।२७ मा राजीनामा दिएको ठिक साँचो हो भनी घरसारमा लिखत भएको देखिन्छ। घरसारमा लिखत भएको दुई दिनपश्चात् मिति २०५९।१।२९ मा मालपोत कार्यालय कलङ्कीबाट सञ्जु महर्जनकी श्रीमती ननिस महर्जनसमेत साक्षीमा बसी र.नं. ६५६१ मार्फत मधुसुदन श्रेष्ठलाई सो जग्गाको राजीनामा पारित गरी हक हस्तान्तरण गरीदिएको देखिन्छ । यसबाट मिति २०५९।१।२९ देखि सो कि.नं. ७९ मा बनेको घरसमेत पुनरावेदक वादी मधुसुधन श्रेष्ठको नाउँमा कायम भएको कुरामा विवाद नदेखिने।

वादीको नाउँमा राजीनामा पारित भएको कि.नं. ७९ को जग्गामा निर्मित घरको ६ कोठाको मासिक रू.४,०००।- का दरले दिने लिने मौखिक सहमति कायम भएकोले मिति २०६४।२।१ गतेदेखि प्रतिमहिना रू.४,०००।- का दरले फिराद दर्ता गर्दासम्मको दुई वर्ष तीन महिना पन्ध्र दिनको जम्मा घर बहाल रकम रू.१,१०,०००।- र घर खाली नगरून्जेल एवम् घर खाली गराई चलन चलाई नपाउँदासम्मको घर बहाल रकमसमेत विपक्षीबाट दिलाई भराइपाउँ भनी पुनरावेदक वादीले आफ्नो फिराद पत्र तथा पुनरावेदन पत्रमा जिकिर लिएको देखिए तापनि पुनरावेदक वादी र प्रतिवादीबिच के कति रकममा बहालमा बस्ने भन्ने सम्बन्धमा कुनै लिखित प्रमाण रहे भएको छ भनी दुवै पक्षले कुनै प्रमाण पेस गर्न सकेको नदेखिने।

तसर्थ प्रतिवादीबाट मासिक रू.४,०००।– का दरले बहाल भराइपाउँ भन्ने वादी दाबी नपुग्ने गरी सुरू, जिल्ला अदालतबाट मिति २०६८।३।१७ मा भएको फैसला उल्टी गरी वादीले फिरादमा दाबी लिएको मितिदेखि मासिक रू.२,०००।- का दरले हुन आउने रकम घर बहालबापत प्रतिवादीबाट वादीलाई दिलाई वादी दाबी अनुसार घर खाली गराई चलन चलाइदिने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०६९।०५।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक वादी र प्रतिवादी दुवैको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७७ साल चैत २२ गते रोज १ शुभम्।
यसै लगाउका मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-CI-१०३६, लिखत बदर दर्ता बदर दर्ता, अभय महर्जनको नाउँमा सन्ध्या महर्जन वि. मधुसुधन श्रेष्ठसमेत।
- ०६९-CR-०८३५, जालसाजी, अभय महर्जनको नाउँमा सन्ध्या महर्जन वि. मधुसुधन श्रेष्ठसमेत।

**३७**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-१८२८, ठगी, नेपाल सरकार वि. शरदचन्द्र गौतमसमेत*

जाहेरवालाहरू भिमबहादुर बस्नेत र गणेश बुढाथोकीले जाहेरी बेहोरा खण्डन हुने गरी बकपत्र गरेको, १५ जना जाहेरवालामध्ये १२ जना जाहेरवालाहरूको बकपत्र नै नभएको, पुनरावेदक प्रतिवादी गीता गौतम(पौडेल) उपर पोल गरी बकपत्र गर्ने जाहेरवाली दिपा कटुवाल (कुँवर) लाई पुनरावेदिका प्रतिवादी गीता गौतम (पौडेल) ले गरिदिएको भनिएको कपाली तमसुक विवादित बनी किर्ते जालसाज मुद्दा परेको र त्यसमा उक्त कागजको अस्तित्व नै नरहेको देखिन्छ। किर्ते कागज गरेको भन्ने मुद्दामा किर्ते मुद्दाका वादी प्रतिवादीबिच उच्च अदालत पाटनबाट मिति २०७३।१०।०४ मा मिलापत्रसमेत भएको देखिँदा यी प्रतिवादीहरूउपरको अभियोग दाबी पुग्न सक्ने देखिन नआएकोले प्रतिवादीहरू गीता गौतम (पौडेल) र शरदचन्द्र गौतमलाई अभियोग दाबीबमोजिम नै सजाय हुनुपर्छ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत प्रतिवादी गीता गौतम (पौडेल) लाई मुलुकी ऐन ठगीको महलको ४ नं. बमोजिम ठगी गरिएको बिगो रू.४९,००,०००।- (उनन्पचास लाख) जाहेरवाला दीपा कटुवालले भराई लिन पाउने र उक्त बिगो रकम बराबर प्रतिवादी गीता गौतम (पौडेल) लाई जरिवाना गरी ३ महिना कैद हुने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७२।३।२८ मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई प्रतिवादी गीता गौतम (पौडेल) ले अभियोगदाबीबाट

सफाइ पाउने ठहराई उच्च अदालत पाटनबाट मिति २०७३/११/२ मा भएको फैसला न्यायको रोहमा मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विदुर कोइराला

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७८ साल असार ८ गते रोज ३ शुभम्।

### ३८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, श्री हरिप्रसाद फुयाल,** *०७५-CR-०४५१, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. प्रेम लामासमेत*

अभियोगपत्रमा प्रतिवादीको नाम शान्तिदेवी मिश्र भन्ने श्रीमाया मल्ल ठकुरी भनी उल्लेख भए तापनि निजको बयान एवं मिसिलमा पेस भएको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिसमेतका कागजातबाट निजको वास्तविक नाम श्रीमाया मल्ल ठकुरी रहेको देखिन्छ। यी प्रतिवादी श्रीमाया मल्ल ठकुरीले वैदेशिक रोजगार न्यायाधिकरणसमक्षको बयानमा कसुरमा पूर्ण इन्कार रही आफूले वैदेशिक रोजगारमा पठाइदिने भनी जाहेरवालाहरूसँग कुनै रकम नलिएको अर्का प्रतिवादी प्रेम लामाले नै जाहेरवालाहरूबाट रकम लिएका हुन भनी बयान गरेको पाइन्छ । प्रमाणको रूपमा पेस भएका मिति २०७३।१।२ का लिखतमा यी प्रतिवादी शान्तिदेवी मिश्र भन्ने श्रीमाया मल्ल ठकुरीको नाउँ कहीँ कतै उल्लेख भएको पाइँदैन । जाहेरवालाहरूले वैदेशिक रोजगार विभागमा २०७३।५।२७ मा दिएको निवेदनमा गरेको सनाखत बेहोरामा समेत प्रतिवादी प्रेम लामाको मात्रै नाउँ उल्लेख भएको पाइन्छ । सहप्रतिवादी प्रेम लामाले जाहेरवालाहरूबाट बुझेको रकम आफूले प्रतिवादी शान्तिदेवी मिश्र भन्ने श्रीमाया मल्ल ठकुरीलाई बुझाएको भनी मौकामा बयान पोल गरे तापनि सो कुरा पुष्टि हुने प्रमाण निजबाट पेस हुन सकेको देखिएन । यसरी प्रतिवादी शान्तिदेवी मिश्र भन्ने श्रीमाया मल्ल ठकुरीउपरको कसुर प्रमाणित हुने वस्तुनिष्ठ प्रमाणको अभावमा निजलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गरी सजाय गर्न मिल्ने अवस्था नदेखिने।

प्रतिवादी प्रेम लामाले अभियोग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीत कसुर गरेको देखिँदा निजलाई ऐ. ऐनको दफा ४३ बमोजिम १ वर्ष छ महिना कैद तथा १ लाख ५० हजार रूपैयाँ जरिवाना हुने ठहराई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७४।१०।१४ गरेको निर्णय परिवर्तन गरिरहनु परेन । अर्का प्रतिवादी शान्तिदेवी मिश्र भन्ने श्रीमाया मल्ल ठकुरी बताउने श्रीमाया मल्ल ठकुरीउपरको अभियोग दाबी पुष्टि हुने सकेको नदेखिँदा निजको हकमा अभियोग दाबीबाट सफाइ पाउने ठहराई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७४।१०।१४ भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विदुर कोइराला

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७७ साल असार ८ गते रोज ३ शुभम्।

### ३९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-WO-०८१७, उत्प्रेषण, भरतकुमार लकाई वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौंसमेत*

आन्तरिक राजस्व विभाग प्रशासकीय पुनरावलोकन शाखाबाट मिति २०७७।०४।०८ मा आर्थिक ऐन, २०७७ को दफा २४ मा भएको व्यवस्था कार्यान्वयन सम्बन्धमा भनी सबै कर कार्यालय तथा आन्तरिक राजस्व कार्यालयलाई पठाइएको निर्देशनको बुँदा नं. ८ हेर्दा "मुद्दा फिर्ता भएपछि करदाताले कर निर्धारणबाट कायम भएको कर र सोमा लागेको ब्याज (दाखिला गरेको मितिसम्मको ब्याज गणना गरी) बुझाई शुल्क, थप दस्तुर तथा जरिवाना मिन्हाको लागि सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्ने छ" भन्ने उल्लेख गरेको पाइन्छ । उल्लिखित निर्देशनले

मुद्दा फिर्ता भएपछि के कसरी मिन्हा प्राप्त गर्ने भन्ने सम्बन्धमा कार्यविधि अर्थात् प्रक्रियासम्म निर्धारण गरी दिइएको भन्ने देखियो । उक्त निर्देशन आर्थिक ऐन, २०७७ को दफा २४ ले निर्धारण गरेको सारवान व्यवस्था कार्यान्वयन गर्ने परिपूरक व्यवस्थासम्म रहेकोबाट दफा २४ ले गरेको व्यवस्थाको विपरीत भन्ने देखिएन । तसर्थ उक्त आर्थिक ऐन, २०७७ को दफा २४ को व्यवस्थालाई कार्यान्वयन गर्न निवेदन गर्न सक्ने भन्ने व्यवस्था अर्थमन्त्रालय आन्तरिक राजस्व विभाग र आन्तरिक राजस्व विभागको प्रशासकीय पुनरावलोकन शाखाबाट भएको निर्णय र निर्देशन क्षेत्राधिकार विहीन भई बदर गरिपाउँ भन्ने माग दाबी खम्बिर हुन सक्ने अवस्था नदेखिने ।

रिट निवेदक आफू सम्बन्धित करदाता नभई सार्वजनिक हक वा सरोकारको विवाद भनी निजले प्रस्तुत रिट निवेदन दायर गरेको देखिन्छ । सार्वजनिक सरोकारको विवाद हुन के कस्तो मापदण्ड/प्रकिया पूरा गर्नुपर्ने भन्ने सम्बन्धमा सर्वोच्च अदालत नियमावली,२०७४ को नियम ४० र ४१ मा उल्लेख गरेको पाइन्छ । ऐ.को नियम ४० को (ज) को व्यवस्था हेर्दा,"निवेदनमा उल्लेख गरेको विषयसँग निवेदकको सार्थक सम्बन्ध र तात्विक सरोकार रहेको तथा निवेदक सम्बन्धित जनसमुदाय वा सर्वसाधारणको सरोकारलाई प्रतिनिधित्व गर्न सक्षम रहेको विश्वास हुने आधार" भएको हुनुपर्ने भन्ने उल्लेख गरेको देखिन्छ भने ऐ.को नियम ४१ को (ख) मा निवेदकले प्रस्तुत विषयसँग सम्बन्धित विषयमा गरेको अध्ययन वा अरू कसैले गरेको अनुसन्धान तथ्याङ्क प्रकाशनको अध्ययन प्रतिवेदनसमेत निवेदनमा संलग्न गर्नुपर्ने सम्बन्धमा त्यस्तो केही अध्ययन प्रकाशनहरू समावेश गरेकोसमेत पाइएन । निज निवेदकले आर्थिक ऐन, २०७७ को दफा २४ बमोजिम आफू सम्बन्धित करदाता भएको भनी उल्लेख गर्न नसकेको साथै निवेदकले प्रस्तुत विवाद सार्वजनिक सरोकारको विवाद भनी निवेदनमा उल्लेख गरे पनि निजले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४० र ४१ बमोजिमको पूर्वसर्त / मापदण्डसमेत पूरा गरेको नदेखिने ।

अतः निवेदकले सार्वजनिक सरोकारको विवाद भनी दायर गर्नुभएको प्रस्तुत निवेदनमा आर्थिक ऐन, २०७७ को दफा २४ बमोजिमको व्यवस्थाबमोजिम निवेदक सम्बन्धित करदाता पनि नभएको साथै निजले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४० र ४१ बमोजिमको आवश्यक प्रक्रियासमेत पूरा नगरी प्रस्तुत निवेदन दायरा गरेको तथा निज निवेदकले उठाएको विषय आर्थिक ऐन, २०७७ को दफा २४ को सारभूत व्यवस्था विपरीत नभई उल्लिखित चुनौती दिइएका निर्णय र निर्देशनले प्रक्रिया मात्र निर्धारण गरेको देखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृत: शारदादेवी पौडेल
कम्प्युटर: रेखा भट्टराई
इति संवत् २०७८ साल फागुन ३० रोज शुभम् ।

**४०**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री नहकुल सुवेदी,** *०७४-CI-०३८०, नापी निर्णय बदर गरी अबन्डा जग्गा बन्डा गरी नामसारी दर्ता गरिपाउँ, ब्रजेन्द्र प्रसाद प्रधान वि. बनारसी प्रसाद प्रधान*

मिति २०३२।८।१७ मा भएको बन्डापत्रको चौथो प्रकरण हेर्दा जिल्ला रूपन्देही करहीया गा.वि.स वडा नं. ७ मौजे सेमरा बजार कित्ता नं. १५८ को मिन्ही जग्गामध्ये पिताज्यूको भाग हिस्सामा परेको सो जग्गामा बनेको फुसको छाना भएको छाप्रो घडेरी जयनारायण पठिकलाई बस्न दिएको फुसको घरसित जोडिएको उत्तरतर्फको सो घडेरी महेन्द्रसमेत ६ भाइहरूले बराबर बाँडी लिने भन्ने उल्लेख भएको पाइन्छ । बन्डापत्रको सो बेहोराबाट पिता बद्रीनारायणको भागमा परेको कि.नं. १५८ को जग्गामा रहेको फुसको घर

उत्तरतर्फको घडेरी सबै भाइले बराबर बाँडी लिने भन्ने देखिन आएबाट उक्त जग्गा बन्डा गर्न बाँकी रहेको र सो जग्गामा सबै ६ भाइले बराबर हिस्सा पाउने भन्ने उल्लेख भएको देखिन आयो । प्रतिवादीको प्रतिउत्तर जिकिरमा हामी अंशियारिबिच २०३२ सालमा अंशबन्डा गर्दा कुनै जग्गा अबन्डा राखेकै होइन, छैन भन्ने जिकिर लिएको देखिए तापनि बन्डा हुँदा माथि उल्लिखित सगोलको सम्पत्ति कुनै अंशियारको भागमा नपारी सबै भाइले बराबर बाँडी लिने भन्ने बेहोरा पारी यथावत राखेको देखिँदा सो सम्पत्ति अबन्डा राखेको होइन भनी मान्न मिल्ने देखिने।

मिसिल संलग्न नापी विभाग, नापी कार्यालय रूपन्देहीको मिति २०६९।११।२४ को सूचना हेर्दा करहिया वडा नं. ७, सिट नं. ७ख, १७० को कित्ता नं. ४ र २२ को घर जग्गा परापूर्वदेखि दर्ता तिरो केही नभई आएकोले स्वबासी दर्ता गरिपाउँ भनी प्रत्यर्थी प्रतिवादी बनारसी प्रसाद प्रधानले दाबी गरेबमोजिम निजको नाउँमा दर्ता भई जाने भन्ने बेहोरा उल्लेख भएको र तदनुरूप मिति २०७०।१।९ मा प्रतिवादी बनारसी प्रसाद प्रधानको नाउँमा एकलौटी दर्ता भएको देखिन्छ । उक्त मिति २०६९।११।२४ को सूचना बेहोराबाट पनि सो जग्गा स्वबासी जग्गा भएको र निज प्रत्यर्थीले उक्त जग्गा निजी तवरले दान, बकस वा अन्य कुनै स्रोतबाट हक प्राप्त गरेको भन्ने देखिन आउँदैन । मिसिलबाट बन्डापत्रमा अबन्डा भनी उल्लेख भएको कि.नं. १५८ उत्तरको उल्लिखित मिन्ही डिह जग्गा अन्य कुनै अंशियारले छुट्टै दर्ता गरी लिएको वा कुनै बेहोराले हक छाडिदिएकोसमेत देखिन नआएको अवस्थामा प्रतिवादीले स्वबासी भनी एकलौटी दर्ता गरेको जग्गा बन्डापत्रमा सबै भाइले बराबर बाँडी लिने भनेको वादी दाबीको सोही कि.नं. ४ र २२ को साझा जग्गा भन्ने छर्लङ्ग हुन आउँछ । बन्डापत्रमा उल्लेख भएबाहेकको छुट्टै स्वबासी जग्गा दर्ता गरेको भन्ने प्रतिवादीको प्रतिउत्तर कथन स्वीकारयोग्य नदेखिने ।

यस स्थितिमा, तत्काल कायम रहेको साबिक मुलुकी ऐन, अंशबन्डाको महलको ३५ नं. को कानूनी व्यवस्थाको सन्दर्भमा बन्डापत्रमा यी वादी प्रतिवादीबिच बन्डा नभई सबैको बराबर भाग लाग्ने भनी गोश्वारा राखिएको मिन्ही डिहलाई अबन्डा सम्पत्ति मान्नुपर्ने देखिन आयो । यस्तो अबन्डा सम्पत्ति अंशियारहरूबिच बन्डा नलाग्ने भन्न मिल्ने देखिएन । मुलुकी ऐन, अंशबन्डाको १ नं. मा भएको अंशियारबिच जिय जियैको अंश बन्डा गर्नुपर्ने कानूनी व्यवस्था अनुसार वादीहरूले उल्लिखित सम्पत्तिबाट आफ्नो हक छुट्याई लिन पाउने नै देखिने ।

तसर्थ, वादीले दाबीको सम्पत्तिबाट ३ भागको २ भाग बन्डा छुट्टयाई लिन पाउनेमा वादी दाबी पुग्न नसकेको ठहऱ्याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७२।३।१६ को फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक वादीले दाबीबमोजिम माथि उल्लिखित कित्ता जग्गाबाट ३ भागको २ भाग बन्डा छुट्याई लिन पाउने र निजहरूको नाउँमा दर्ता नामसारीसमेत हुने ठहर्ने ।

इजलास अधिकृत: विनिता भारती

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७९ साल पौष १ रोज ६ शुभम् ।

## इजलास नं. ७

### ४१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७४-CR-०८१०, ठगी, नेपाल सरकार वि. वैद्यनाथ प्रसाद कर्णसमेत*

प्रतिवादी वैद्यनाथ प्रसाद कर्णउपर जाहेरवालाहरू सबैले यी प्रतिवादीलाई रकम दिएमा काम हुन्छ भन्ने आफूहरूलाई विश्वास दिलाएको भनी किटानी जाहेरी परेको, जाहेरी बेहोरालाई पुष्टि हुने गरी जाहेरवालाहरूले अदालतसमक्ष बकपत्रसमेत

गरिदिएको, वादीका बुझिएका साक्षी जनार्दन चौधरीले अदालतसमक्ष गरेको बकपत्रमा समेत वैद्यनाथ कर्णले अनुसन्धानमा प्रहरीको जागिर लगाइदिन्छु भनी जाहेरवालाहरूसँग रकम उठाइ ठगी गरेका हुन्, भने अनुसारको काम नगरी दिई पैसा लिएकाले ठगी गरेका हुन् भनी लेखाएको देखिन्छ । यी प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयानमा जाहेरवाला कुमार के.सी.सँग विभिन्न मितिमा पटक पटक गरी १२ लाख ५० हजार, युवराज के.सी.को आफन्तबाट एक जना निरीक्षक पदको लागि १२ लाख, जवान पद ४ जनाको लागि १० लाख आफूसमेत संलग्न भई लिएको भन्ने तथ्यमा साबित रही बयान गरेको देखिन्छ । यी प्रतिवादीको ततिम्बा बयान कागजमा समेत जाहेरवालाहरूबाट रकम लिने कार्यमा आफ्नो संलग्नता रहेको भनी खुलाएको देखिन्छ । आफू राजनीतिमा लागेकाले आफ्ना कार्यकर्ता केटाहरूलाई प्रतिवादी प्रतिभाकुमारी सेन भट्टकहाँ लगी चिनाई दिएकोसम्म हो, निज प्रतिवादीले जागिर खान के कति खर्च लाग्छ भन्ने कुरा भन्नुभएको थिएन तर जागिरको लागि पैसा खर्च नगरी हुँदैन भन्ने कुराचाहिँ थाहा दिएका थिए भनी अदालतसमक्ष बयान गरेको देखिन्छ । जसबाट प्रतिवादी वैद्यनाथ प्रसाद कर्ण आरोपित कसुरमा इन्कारी रहे पनि जागिरका लागि पैसा खर्च गर्नुपर्ने तथ्य जानकारी भएको स्वीकार गरी बयान गरेको पाइयो । यसरी जागिर लगाउन पैसा खर्च गर्नुपर्ने थाहा भएको अवस्थामा जाहेरवालाहरूसँग पैसा लिएको छैन भन्ने प्रतिवादीको कथनलाई विश्वासयोग्य मान्न सक्ने अवस्था नदेखिने ।

मुलुकी ऐन ठगीको महलको १ नं.ले "कसैले आफ्नो हक नपुग्ने अर्काको हकको चल-अचल धनमाल हक पुग्नेलाई वा जसका जिम्मामा रहेको छ उसलाई ललाइ-फकाइ वा जाल परिपञ्च गरी वा आफ्नो हक नभएको सम्पत्तिमा आफ्नो हक पुग्ने किर्ते कागज बनाई, दिई वा पेस गरी वा आफूसँग नभएको कुरा आफूसँग छ भनी झुक्याई वा झुट्ठो कुरालाई सद्दे हो भनी झुक्याई वा अरू जुनसुकै बेहोरासँग धोका दिई गफलतमा पारी आफ्नो हक नपुग्ने अर्काको हकको चल-अचल धनमाल लिए दिए दिलाएमा वा अर्काको माल मेरो हो भनी वा मेरो भएको छ भनी लिखत गरी वा नगरी सोही माल लिए दिए बिक्री व्यवहार गरेमा वा सट्टापट्टा गरी लिएमा ठगी गरेको ठहर्छ" भन्ने व्यवस्था गरेबाट ठगीभित्र कस्ता प्रकृतिका कार्यहरू रहेका हुन्छन् भनी परिभाषा गरेको देखिन्छ । सोही परिभाषाको आधारसमेतबाट यी प्रतिवादी वैद्यनाथ प्रसाद कर्णले आफूले कसैलाई जागिर दिलाउने हैसियत नहुँदा नहुँदै पनि जाहेरवालाहरूलाई जागिर लगाइदिने निहुँमा गफलतमा पारी रकम असुल गरी धोका दिई फरार भएको अवस्थामा प्रतिवादी वैद्यनाथ प्रसाद कर्णले ठगी गर्ने मनसाय राखेको थिएन भन्न सकिने अवस्था नदेखिने ।

तसर्थ, प्रतिवादीहरूमध्ये वैद्यनाथ प्रसाद कर्णलाई २ वर्ष कैद र १४ लाख रूपैयाँ जरिवाना गरी १४ लाख रूपैयाँ जाहेरवालाहरूले भरिपाउने ठहर गरेको र रवी कर्णलाई कसुरदार ठहर गरी रू.१,५०,०००।– जरिवाना र ६ महिना कैद र बिगो रू.१,५०,०००।– जाहेरवाला अजय चौधरीले भरिपाउने ठहर गरी सजायसमेत गरेको र प्रतिवादीहरू कल्पना कर्ण र प्रतिभा कुमारी सेन भट्टलाई सफाइ दिने ठहर्‍याएको मिति २०७१।२।२६ को सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७३।५।१२ को फैसला मिलेकै देखिँदा सदर हुने । अर्का प्रतिवादी टंकप्रसाद लुइँटेलको हकमा समेत सुरू काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी भई निज प्रतिवादीलाई ३ महिना कैद र रू.४०,०००।- जरिवाना हुने र जाहेरवालालाई रू. ४०,०००।- बिगो भराइदिने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७३।५।१२ को फैसला मिलेको देखिँदा सदर

हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल असार ४ गते रोज ६ शुभम्।

**४२**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७०-CI- ०१६७, लिखत बदर, नगिना साह कानू वि. पल्टनीया कनुईनसमेत*

दर्तावाला भदै शाह कानूका छोरा झगरू र प्रतिवादी पल्टनीया कनुइन छोरी नाताकी भएको देखिन्छ । भदै साह र निजकी श्रीमती असिया कनुईनको २०३० र २०३१ सालमा अघिपछि गरी मृत्यु भइसकेको अवस्था छ । त्यसै गरी निजहरूकी बुहारी देवरतियाको २०४२ सालमा र छोरा झगरूको पनि २०४४ सालमा मृत्यु भइसकेको देखिन आउँछ। स्व. झगरूले आफ्नो जीवनकालमा पिता भदै शाहका नाउँको जग्गा आफ्ना नाउँमा नामसारी गराई लिएको देखिँदैन। विवादको कि.नं. ११ को जग्गा दर्तावाला भदै शाह, निजको श्रीमती, छोरा तथा बुहारीको मृत्युपश्चात् निजको छोरी प्रत्यर्थी प्रतिवादी पल्टनीयाले मिति २०४६/१२/२७ मा नामसारी गराई लिएको मिसिल संलग्न सो मितिको निर्णयको प्रतिलिपिबाट देखिन आउँछ भने दर्तावालाको नातिनी नाताको गिरजा कनुइनका तर्फबाट उक्त नामसारी निर्णयलाई चुनौती दिई बदर गराउन सक्नुभएको अवस्था देखिएन, नत सोअगावै आफूले नामसारीको लागि पहल गर्नुभएको देखिन्छ। पुस्तेवारी हेर्दा दर्तावाला भदै शाह कानूको प्रत्यर्थी प्रतिवादी पल्टनीया कनुइन छोरी नाताकी र गिरजा कनुइन नातिनी नाताकी भई पल्टनीया कनुइन दर्तावालाकी नजिकको नाताको व्यक्ति रहनु भएको देखिने।

अत: विवादको कि.नं. ११ को क्षेत्रफल ०–०–३ भएको घर जग्गाको दर्तावाला भदै साह तथा निजकी श्रीमती असिया कनुइनको मृत्युपश्चात् मिति २०४६।१२।२७ मा निजको छोरी पल्टनिया कनुईनले नामसारी गराई लिएकोमा यी वादी नगिना साह कानूको पत्नी तथा भदै शाहको नातिनी नाताकी गिरजा देवीले आफ्नो हक स्थापित गर्न वा उपयुक्त नामसारीलाई चुनौती दिई बदर गराउन नसकेबाट दर्तावाल मृतककी छोरी पल्टनिया कनुइनले गराई लिएको नामसारीलाई अन्यथा मान्न सकिने अवस्था नहुँदा मुद्दा दोहोर्‍याइ हेर्न अनुमति प्रदान गर्दा लिइएको आधारसँग यो इजलास सहमत हुन सकेन । तसर्थ पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।०२।१६ को फैसला सदर हुने।

इजलास अधिकृत: घनश्याम सुवेदी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७७ साल फागुन १८ गते रोज ३ शुभम्।

- यसै लगाउका ०७०-CI-०१६८, लिखत बदर, नगिना साह कानू वि. पल्टनीया कनुईनसमेत मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**४३**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७४-CR-१०६२, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. विकास घिमिरेसमेत*

प्रतिवादी विकास घिमिरेले अनुसन्धान अधिकृतसमक्ष गरेको बयानको स.ज. ७ मा निज जाहेरवाला विनय सापकोटा र भरत विष्टसमेत २ जनाबाट पटक पटक गरी जम्मा रू. १५ लाख १ सय २० रूपैयाँ बुझिलिएको हो भनी र ऐ.को स.ज. ९ मा सो रसिदमा भएको सही मेरो आफ्नै हो भनी लेखाएको देखिन्छ । सोही बयानमा निज जाहेरवालाहरूलाई आनन्द घिमिरेसमेतले दिल्लीमा बोलाई निज जाहेरवालाहरू दिल्लीमा गई १ महिना बितिसक्दा पनि जाहेरवालाहरूलाई भनेबमोजिमको मुलुकमा पठाउन नसकेपछि नेपाल फिर्ता आई मसँग रकम माग गर्दा भने बमोजिमको समयमा रकम फिर्ता गर्न

नसकेपछि म विरूद्ध यस विभागमा जाहेरी दरखास्त दिएको हो भनी लेखाएको देखिन्छ । उक्त बयान गर्दा यातना दिने धम्की दिई आफ्नो इच्छा विरूद्ध बयान गराएको हो भनी यी प्रतिवादीले जिकिर लिई प्रमाण गुजार्न सकेको समेत नदेखिँदा प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) बमोजिम उक्त बयानलाई निजको विरूद्ध प्रमाणमा लिन सकिने नै देखियो । साथै वैदेशिक रोजगार न्यायाधिकरणमा भएको निजको बयानको स.ज. ७ मा जाहेरवालाबाट मैले कुनै रकम लिए खाएको छैन भने पनि सोही बयान बेहोरामा देखाइएका सक्कल रसिदहरूमध्ये मिति २०६९।५।३ को रू.१,५०,०००।– र मिति २०६९।५।२२ को रू.७,००,०००।– को दुई थान रसिदमा भएको सही मेरो हो भनी उक्त रकम लिएको तथ्य स्वीकार गरी बयान बेहोरा लेखाएको देखिने ।

अतः जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाउने छु भनी रकम लिने, भनेबमोजिम रोजगारमा नपठाउने र उजुरी परेपछि रकम फिर्ता दिनेसमेतका कार्य प्रतिवादीमध्येका विकाश घिमिरेले गरेको देखिँदा प्रतिवादी विकाश घिमिरेका कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीत कसुर अपराध भएको देखिएकोले निज प्रतिवादी विकाश घिमिरेलाई ऐ.ऐनको दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने र अर्का प्रतिवादी कृष्णानन्द भट्टले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरेको वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट भएको मिति २०७३ ।८ ।२० को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल असार ४ गते रोज ६ शुभम् ।

## ४४

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७४-CR-०४८०, डाँका, नेपाल सरकार वि. रोसन भन्ने राकेश कुमार यादवसमेत*

जाहेरवाला फूलोदेवी यादवले जाहेरीमा नगद रू. १ लाख, कम्बल, साडी, सुनको तिलहरी ७ आनाको र १ आनाको नथिया डाँका गरी लगेको भनी लेखाएको देखिन्छ भने निजले अदालतसमक्ष बकपत्र गर्दा १ तोला सुन, ४० तोला चाँदी र १,५०,०००।– नगद डाँका गरी लुटपाट गरी लगेको भनी खुलाएको देखिन्छ । त्यसैगरी अर्का जाहेरवाला बसन्त कुमार यादवले जाहेरीमा १ लाख २५ हजार नगद, विदेशी कम्बल, साडी, सुनको ३ आनाको नथिया डाँका गरी लगेको भनी लेखाएको देखिन्छ भने निजले अदालतसमक्ष गरेको बकपत्रमा १ लाख रूपैयाँ, सात आना सुन, आसिका कोएन र एउटा विदेशी टर्च डाँका गरी लुटपाट गरी लगेको भनी खुलाएको देखिन्छ । जाहेरवाला चन्द्र यादवले जाहेरीमा रू.१,५०,०००।– नगद डाँका गरेको भनी जाहेरी दिएको देखिन्छ भने निजले अदालतसमक्ष गरेको बकपत्रको स.ज. ५ मा रू.३३,०००।– डाँका लुटपाट गरी लगेको भनी लेखाएको देखिन्छ । जसबाट यी जाहेरवालाहरूले जाहेरीमा डाँका गरेको भनी लेखाएको रकम र अदालतमा बकपत्र गर्दा डाँका भएको भनेको रकममा धेरै नै अन्तर भएको अवस्था देखियो । यसरी किटानी रूपमा आफ्नो यो यो धनमाल लुटी लगेको भनी बकपत्र गर्न सकेको नदेखिँदा जाहेरवालाहरूको कथनलाई विश्वासयोग्य मान्न नसकिने ।

तसर्थ बरामदी मुचुल्कामा उल्लेख भएको सामानसँग जाहेरी दरखास्तमा लेखिएको सामान मेल नखाएको, प्रतिवादीहरूको घरबाट दशीको सामान बरामद हुन नसकेको एवम् जाहेरवालाहरू स्वयम्ले डाँका भएका सामानको स्पष्टता देखाउन नसकेको अवस्थासमेतबाट प्रतिवादीहरू रोशन भन्ने राकेशकुमार यादव, मनोजकुमार यादव, जीतनारायण यादवलाई मुलुकी ऐन चोरीको १४(४) नं. बमोजिम सजाय गर्ने गरी सुरू धनुषा जिल्ला अदालतबाट मिति २०७१।२।२७ मा भएको फैसलालाई उल्टी गरी प्रतिवादीहरू रोशन भन्ने राकेश कुमार यादव, मनोजकुमार यादव, जीतनारायण यादवले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरेको पुनरावेदन अदालत

जनकपुरको मिति २०७३।१।८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल असार ४ गते रोज ६ शुभम्।

**४५**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७२-CR-०२७०, ०७२-CR-०६०५, ०७२-CR-०६०८, भ्रष्टाचार, मोहनबहादुर रसाइली वि. नेपाल सरकार, अग्नीबहादुर शाही वि. नेपाल सरकार, नेपाल सरकार वि. हिरण्यप्रसाद ढुंगानासमेत*

राजस्वको रूपमा उठेको रजिस्ट्रेसन दस्तुर आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६४ बमोजिम करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्व रकम दैनिक रूपमा राजस्व खातामा जम्मा गर्नुपर्ने छ। दैनिक रूपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी ७ दिनभित्र नगद बैंक दाखिला गर्नुपर्ने छ भन्ने व्यवस्था भएकोमा यी प्रतिवादीहरूले बिनाकारण महिनौंसम्म रजिस्ट्रेसनबापत उठेको रकम बैंक दाखिला नगरी बदनियत मनभाव राखी सो रकम आफूले चलाई पछि जम्मा गरी समयमै खातामा जम्मा नगरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको पुष्टि हुन आएकोले कसुरदार होइन भन्न सकिने अवस्था नदेखिने ।

प्रतिवादीहरूउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७(ग) बमोजिमको कसुर गरेको भन्ने आरोप मागदाबी भएकोमा उक्त ऐनको दफा ७(ग) मा भएको व्यवस्था हेर्दा "उठाएको राजस्व प्रचलित कानूनबमोजिम दाखिला नगरी हिनामिना गरेको" अवस्थामा यो दफा आकर्षित हुने देखिन्छ । प्रस्तुत मुद्दामा राजस्व दाखिला नै नभएको अवस्था नभई बदनियतपूर्वक राजस्व रकम ढिलो जम्मा गरी एक निश्चित अन्तरालसम्म सो रकम चलाएको र हाल सबै रकम जम्मा गरी बिगो बाँकी नरहेको अवस्थासम्म देखिँदा प्रस्तुत प्रतिवादीहरूको कसुर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) को व्यवस्था अनुसार "उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक अन्य कुनै काम गरी सरकारी वा सार्वजनिक सम्पत्ति बदनियतपूर्वक कुनै किसिमले हानि नोक्सानी गरे वा गराएमा कसुरको मात्रा अनुसार दुई वर्षसम्म कैद वा बिगोबमोजिम जरिवाना वा दुवै सजाय हुन सक्ने छ" भन्ने व्यवस्था भएको देखिँदा यी प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५७ को दफा ८(३) बमोजिमको कसुर गरेको मान्नुपर्ने अवस्था देखिने।

तसर्थ, प्रतिवादीहरूउपर भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ७(ग) को कसुरमा ऐ को दफा ३(१) र ३(१) (ज) को सजायको मागदाबी लिई अभियोगपत्र पेस हुन आएकोमा यी प्रतिवादीहरूले कोष तथा लेखा नियन्त्रक कार्यालय, धनगढीले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई मिति २०६९।१२।२७ मा दिएको प्रतिवेदन तथा प्रतिवादीहरूले सोही रकमको सम्बन्धमा मालपोत कार्यालय, टिकापुर, कैलालीमा पेस गरेको विवरणसमेतका आधारमा रू.२२,४०,६२५।- (बाइस लाख चालिस हजार छ सय पच्चिस रूपैयाँ) समयमा राजस्व दाखिला नगरी केही समयको अन्तरालपछि मात्र जम्मा गरी हिसाब मिलान गरी फरफारक गरेको देखिएको अवस्थामा यी प्रतिवादीहरूले बदनियत राखी सो रकम आफूले चलाई ढिलो गरेर राजस्व जम्मा गरेकोसम्म कसुरलाई उक्त दफा ७(ग) को कसुर भन्न मिल्ने अवस्था नभई उपर्युक्तबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) को कसुर मान्नुपर्ने अवस्था रहेकोले निज प्रतिवादीहरू मोहन बहादुर रसाइली, अग्नी बहादुर शाही र हिरण्य प्रसाद ढुंगानालाई सोही ऐनको दफा ८(३) बमोजिम जनही ४(चार) महिनाका दरले कैद हुने ठहर्छ भन्ने विशेष अदालत काठमाडौंको मिति २०७१/११/२५ को फैसलाको मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सोनी श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७७ साल चैत्र १७ गते रोज ३ शुभम्।

**इजलास नं. ८**

**४६**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री सपना प्रधान मल्ल,** *०७७-WH-००७४, बन्दीप्रत्यक्षीकरण, करबहादुर सार्की वि. उच्च अदालत दिपायल, महेन्द्रनगर इजलास, महेन्द्रनगरसमेत*

निवेदक मिति २०६६।७।५ मा बसाइँसराइ गरेको भन्ने बेहोरा राखी जुम्ला जिल्ला, कनकासुन्दरी गाउँपालिका, वडा नं. ८(साबिक पाण्डुगुफा गा.वि.स., वडा नं.५) बाट मिति २०७७।५।२९ मा मात्र सिफारिस लिएको र जिल्ला बर्दिया, बढैयाताल गाउँपालिका, वडा नं.८ बाट मिति २०७७।५।१७ मा बसाइँसराइको दर्ता प्रमाणपत्र लिएको मिति हेर्दा बसाइँसराइ गरेको मितिभन्दा झण्डै ११ वर्षको अन्तरालमा निवेदकका विरूद्ध ठगीको अभियोग दर्ता भइ म्याद तामेल भई फैसला भएपछि निवेदक फैसला कार्यान्वयनको क्रममा पक्राउ परेपश्चात् पेस गरेको उल्लिखित सिफारिस र प्रमाणपत्र विश्वसनीय देखिँदैन। साथै निवेदकले म्याद तामेली भएको मिति २०७१।८।१ देखि ४ वर्ष पछि सन् २०१८ अर्थात् वि.सं. २०७५ सालमा सवारी चालक अनुमतिपत्र लिँदा सोमा निवेदकको ठेगाना जिल्ला जुम्ला, पाण्डुगुफा गा.वि.स. वडा नं. ५ भनी स्पष्टरूपमा उल्लेख भएको देखिँदा निवेदन जिकिर ग्राह्य नदेखिने।

जिल्ला जुम्ला, कनकासुन्दरी गाउँपालिका, वडा नं.८ (साबिक पाण्डवगुफा गाउँपालिका, वडा नं.५) को वडा कार्यालयको च.नं.५९ मिति २०७७।५।९ को पत्रमा  जिल्ला जुम्ला, साबिक पाण्डवगुफा गा.वि.स., वडा नं.५ र हाल कनकासुन्दरी गाउँपालिका वडा नं.८ निवासी जयधन सार्कीको जेठो छोराको नाम नेपाली नागरिकताको प्रमाणपत्रमा करबहादुर सार्की र गाउँघरमा बोलाउने नाम थर करी सार्की भए तापनि यी दुवै नामथर भएको व्यक्ति एउटै हो भनी तथा जिल्ला दार्चुला, अपि हिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयको च.नं. १८० मिति २०७७।५।१२ को पत्रमा जुम्ला जिल्ला पाण्डुगुफा गाउँपालिका, वडा नं.८ घर बताउने जयधन सार्कीको छोरा करी सार्की भन्ने करबहादुर र कुमार रोकाया भन्ने व्यक्ति यिनै हुन् भनी निवेदकद्वयले गाउँपालिकाको कार्यालयमा फोटो सनाखत तथा किटान गरेको प्रमाणित गरिन्छ भन्ने बेहोरा उल्लेख भएको पाइँदा मेरो नाम करबहादुर सार्की भएकोले अन्य व्यक्ति कुमार रोकाया भन्ने करी सार्कीको नाममा म्याद जारी भई कायम हुन आएको दण्डसजाय निवेदकले बेहोर्नुपर्ने होइन भन्ने निवेदन जिकिरसमेत तर्कसङ्गत नदेखिने।

तसर्थ निवेदकसमेतउपर चलेको ठगी मुद्दामा निजलाई सक्षम अदालतबाट कसुरदार ठहर गरी तोकिएको कैद सजायअनुसार नै थुनामा राखिएको देखिँदा निवेदकको थुनालाई गैरकानूनी भन्न मिलेन। निवेदकको थुना कानूनबमोजिमको नै देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था नदेखिने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७७ साल कार्तिक २५ गते रोज ३ शुभम्।

**४७**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** *०७३-WO-१२२१, उत्प्रेषणसमेत, हरिनारायण प्रसाद साह रौनियार वि. नेपाल नागरिक उड्डयन प्राधिकरण, काठमाडौंसमेत*

निवेदकले विपक्षी बोलपत्र आहवानकर्ताले बोलपत्रसम्बन्धी कागजातमा उल्लेख नभएको सर्तलाई आधार मानी धरौटी जफत गर्न पत्राचार गरेको विषयतर्फ दृष्टिगत गर्दा सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन, २०७३) को दफा १९(१) मा विद्युतीय सञ्चारको माध्यमबाट बोलपत्र पेस गरिने बाहेक कुनै बोलपत्रदाताले आफूले पेस गरेको फिर्ता लिन वा संशोधन गर्न चाहेमा बोलपत्र पेस गर्न तोकिएको अन्तिम समय समाप्त हुनुभन्दा चौबिस घण्टा

अगावै सिलबन्दी निवेदन दिनुपर्ने छ भन्ने व्यवस्था रहेको पाइन्छ। सो कानूनी व्यवस्थामा तोकिएबमोजिम निवेदकले संशोधन निवेदन दर्ता गर्दा बोलपत्र दर्ता गर्न तोकिएको अन्तिम समय समाप्त हुनुभन्दा ५ मिनेट बाँकी हुँदा ११:५५ बजे मात्र संशोधन पत्र दर्ता गरेको विषयमा निवेदक स्वयम्ले स्वीकार गरी बसेको अवस्था देखिन्छ। यद्यपि निज निवेदकले उक्त संशोधन पत्र दर्ता गर्न कम्पनीको आधिकारिक व्यक्तिले नभई अमुक व्यक्तिले दर्ता गराएको भन्ने जिकिर लिए तापनि उक्त अमुक भनिएको व्यक्ति जोनेश जोशीलाई आधिकारिक व्यक्ति सुमित रौनियारले बोलपत्र खोल्न अख्तियार पत्र प्रदान गरेको लिखित जवाफसाथ पेस भएको निवेदकको कम्पनीको पत्रको प्रतिलिपिबाट प्रस्ट हुन आउँछ । सोहीबमोजिम निज अख्तियार प्राप्त व्यक्ति जोनेश जोशीले बोलपत्र संशोधन पत्र दर्ता गरेबाट निवेदकको अमुक व्यक्तिले कारबाही गरेको भन्ने निवेदकको जिकिर तर्कसङ्गत नदेखिने।

निवेदकले नेपाल बंगलादेश बैंक लिमिटेड, कमलादी काठमाडौंले बिडबण्ड ग्यारेन्टीको भ्यालिडिटी पिरियड (validity period) मागभन्दा बढी समयको बनाएर दिएको भन्ने विषयमा प्रश्न उठान भएकोमा निवेदक स्वयम्ले उक्त बिडबण्ड ग्यारेण्टी बनाउन लगाई बैंकबाट बुझी लिई सम्बन्धित निकायमा बुझाएको देखिँदा उक्त बिडबण्ड ग्यारेण्टीको म्यादको विषयमा अनभिज्ञ रहेको भन्ने कुरा विश्वासयोग्य देखिँदैन। बैंक ग्यारेन्टी आफैँमा छुट्टै र स्वतन्त्र सम्झौता हुने र निश्चित तोकिएको कामको लागि मात्र जारी हुने प्रकृतिको हुनाले निवेदक र बैंकबिचमा स्वस्फूर्त रूपमा भएको बिडबण्ड ग्यारेन्टी सम्झौतालाई बदनियतपूर्ण मान्नुपर्ने अवस्था नदेखिने।

तसर्थ, निवेदक AMR India Limited Pappu Construction JV को निवेदन मागबमोजिम विपक्षी निकायहरूले जमानत जफतको लागि विपक्षी बैंकलाई गरेको पत्राचारहरूलाई गैरकानूनी भन्न नमिल्ने हुँदा निवेदन मागबमोजिम उत्प्रेषण परमादेशको आदेश जारी गर्न मिलेन । तसर्थ जारी भएको अल्पकालीन अन्तरिम आदेशसमेत निष्क्रिय भई प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः मन्दिरा शाही

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७६ साल असार २६ गते रोज ५ शुभम्।

## ४८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७४-CR-०५२५, कर्तव्य ज्यान, रेशम तामाङ (पाख्रिन) वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले भवितव्यतर्फको वारदात हो भन्ने जिकिर लिएको पाइँदा उक्त वारदात भवितव्य हो, होइन ? भन्नेतर्फ हेर्दा, प्रतिवादीले मृतकलाई बन्चरो जस्तो घातक हतियारले टाउकोमा प्रहार गरी मारेको भनी जाहेरी परेकोमा मौकाको बयानमा कसुरमा साबित रहेको भए पनि अदालतसमक्षको बयानमा मौकाको बयान मेरो स्वेच्छाले गरेको होइन। उक्त वारदातको दिन मृतक काकीको घरमा गई दाउरा चिर्न लाग्दा एक्कासि बन्चरो बिडबाट खुस्किएर काकीको टाउकोमा चोट लाग्न गएको हो। पछि उपचार हुँदाहुँदै मृत्यु भएको हो भनी बयान गरेको पाइन्छ। तर निजको उक्त बयान र घटनास्थल प्रकृति मुचुल्काबिच तादम्यता रहेको पाइँदैन। बन्चरो बिडबाट खुस्किएको भए बन्चरो र बिँड अलग अलग भएको अवस्था नरही बिँडसहितको बन्चरो फेला परेको देखिन्छ । त्यसैगरी प्रतिवादीले दाउरा चिरेको भनी अदालतको बयानमा उल्लेख गरे पनि घटनास्थलमा दाउरा बरामद भएको नदेखिने । प्रतिवादीले मौकामा बयान गर्दा काकीसँग रक्सी माग्दा गाली गरेकोले पिँढीमा रहेको बन्चरोले प्रहार गरेको हुँ भनी कसुरमा साबिती रही बयान गरेको पाइन्छ । यसैगरी मौकामा बुझिएका व्यक्तिहरू श्याम तामाङ, रणबहादुर तामाङ, चन्द्रसिंह तामाङसमेतले मृतकलाई प्रतिवादीले बन्चरोले हानी घाइते बनाएकोमा निजको उपचारको क्रममा मृत्यु भएको हो भनी कागज तथा बकपत्रसमेतले प्रतिवादीको मौकाको बयानलाई समर्थित गरेको पाइन्छ । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. मा "ज्यान लिई इवीलाग वा मनसाय

नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ ।" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्था अनुसार भवितव्यको वारदात हुन ज्यान मार्ने मनसाय रिसइवी केही नभई कसैले कुनै कार्य गर्दा त्यस्तो कार्यबाट मानिसको ज्यान जान सक्ने स्थिति पनि नदेखिएको कार्यबाट मर्न सक्नेसम्मको अवस्था नहुँदा नहुँदै पनि त्यही कार्यबाट केही भई मानिस मर्न गएको स्थिति हुनुपर्ने देखिन्छ । तर प्रस्तुत वारदातमा काकीसँग रक्सी माग्दा गालीगलौज गरेकोले प्रतिवादीले मृतकलाई प्रहार गरेको देखिएको छ । बन्चरोले टाउकोमा प्रहार गर्दा मानिसको ज्यान जान सक्ने अवस्था रहन्छ । यसप्रकार प्रतिवादीले कसुरमा साबित भई गरेको मौकाको बयान लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, मौकामा कागज गर्ने व्यक्तिहरूको बकपत्रसमेतबाट मृतकलाई प्रतिवादीले बन्चरोले प्रहार गरी कर्तव्य गरी मारेको तथ्य स्थापित भएको अवस्थामा भवितव्यको वारदात भएको हो भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको उच्च अदालत, पाटनको मिति २०७४।३।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । साथै प्रतिवादीले मृतकसँग रक्सी माग्दा जँड्याहा भनी गाली गर्दा सोही कारणबाट तत्काल उठेको रिस थाम्न नसकी नजिकै रहेको बन्चरोले मृतकलाई प्रहार गरेको र सोही कारण मृतकको मृत्यु भएको देखिन्छ । यसरी मृतकसँग प्रतिवादीको पहिले कुनै रिसइवी रहेको नदेखिएको, योजनाबद्ध तवरले हतियार पनि साथमा लिई नगएको र बन्चरोको प्रहारबाट वारदात घटेको कुरामा प्रतिवादी साबितसमेत रहेको अवस्थासमेतलाई विचार गर्दा प्रतिवादी रेशम तामाङलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्न जाने भएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई १५ वर्ष कैद सजाय कायम हुनुपर्ने गरी ठहर गरेको उच्च अदालत पाटनको रायसमेत मिलेकै देखिँदा उक्त राय सदर हुने । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: नवराज कार्की
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७६ माघ २८ गते रोज ३ शुभम् ।

**४९**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७५-CR-०२१४, कर्तव्य ज्यान, नेपाल सरकार वि. बिमला लोध*

मृतकको Death Certificate मा Diagnosis unknown poisoning भनी र शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Undetermined cause भनी उल्लेख पाइन्छ । Viscera sample को परीक्षणमा Positive test for organo-chlorine insecticide भन्ने देखिएकोमा वारदात स्थलबाट बरामद मिश्री र प्रसादको टुक्राको जाँचमा Negative tests for insecticides and phosphine gas भन्ने पाइन्छ । Viscera sample को परीक्षणमा देखिएको organo-chlorine insecticide भन्ने विषादी वारदात स्थलबाट बरामद मिश्री तथा प्रसादको टुक्राको जाँचमा देखिँदैन । यसरी प्रतिवादीले मृतकलाई खुवाएको भनिएको प्रसादमा कुनै किसिमको विष रहेको भन्ने वारदात स्थलबाट बरामद मिश्री तथा प्रसादको टुक्राको जाँचबाट नदेखिएको र छोरा रामचन्द्र लोधले आमाले हामी सबैलाई प्रसाद दिँदा सोही प्रसाद बुबालाई पनि दिनुभएको हो भनी बकपत्रमा उल्लेख गरेको पाइन्छ । सो प्रसाद खाने रामचन्द्र लोधसमेतलाई बान्ता हुनेलगायत बिरामी परेको भन्ने देखिँदैन । प्रतिवादीले नै प्रसादमा विष खुवाइ कर्तव्य गरी हत्या गरेको भनी मौकामा तथा अदालतमा बकपत्र गर्दा कसैले पनि किटानीसँग भन्न सकेको पाइँदैन । प्रतिवादी कसुरमा इन्कार रहेको देखिन्छ । शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण खुलेको पाइँदैन । यस्तो अवस्थामा प्रतिवादीले विष खुवाएको कारण

निजको पतिको मृत्यु भएको भनी कसुर कायम गर्न ठोस प्रमाणको अभाव देखिन्छ। तसर्थ, ठोस प्रमाणको अभावमा प्रतिवादीलाई सफाइ दिने गरी भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसलालाई अन्यथा मान्न मिलेन। प्रतिवादीलाई सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादी बिमला लोधले मृतकलाई विष खुवाई कर्तव्य गरी मारेको भन्ने वस्तुनिष्ठ प्रमाणको अभावमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने सुरू रूपन्देही जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादी बिमला लोधलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७४।६।३० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मेघनाथ चापागाँई

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७६ साल माघ १ गते रोज ४ शुभम्।

### ५०

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-RC-०१२४, ०७६-RC-०१४०, कर्तव्य ज्यान, नेपाल सरकार वि. गुनिसा थापामगर, नेपाल सरकार वि. सोमबहादुर थापामगर*

प्रतिवादी सोमबहादुर थापाको हकमा विचार गर्दा, निजले अदालतमा बयान गर्दा उक्त जन्मिएको बच्चा आफ्नै भएको, तर बच्चा जन्मेपछि मार्ने मराउने कुरामा वचन दिएको थिइनँ भनी इन्कारी बेहोरा लेखाए तापनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा भाउजू गुनिसाकै सहमतिमा निजसँग पटक पटक शारीरिक सम्पर्क भएको र बच्चा जन्मिने बेला भयो भनेपछि कसैले थाहा नपाउने गरी जन्माई मारेर फालिदिनु भनेको थिएँ भनी कसुर स्वीकार गरी बयान गरेको पाइन्छ। यी प्रतिवादीले अदालतमा इन्कारी बयान गरे तापनि सो इन्कारी बयानलाई आफ्नो साक्षी प्रमाणद्वारा पुष्टि गर्न सकेको देखिँदैन। निज प्रतिवादीले बच्चा मार्नलाई वचन दिएको भन्ने कुरा अर्का प्रतिवादी गुनिसा थापाको अदालतसमेतको बयानबाट पुष्टि भइरहेको देखिन्छ। भाउजूसँगको अवैध सम्बन्धको परिणाम स्वरूप गर्भ रहन गएबाट त्यसबाट भविष्यमा देखिने परिणाम र लोकलाजसमेतलाई दृष्टिगत गर्दै निजले गुनिसा थापालाई बच्चा मार्नु भनी वचन दिन सक्ने कुरा स्वाभाविक नै देखिन आउँछ। यसर्थ प्रतिवादी सोमबहादुर थापाले भाउजू गुनिसा थापालाई बच्चा जन्मिएपछि मारी फालिदिनु भनी वचन दिई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं.को कसुर गरेको पुष्टि भएको देखिएकोले सुरू जिल्ला अदालतबाट यी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिएको फैसला सो हदसम्म उल्टी गरी निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं.बमोजिम जन्मकैद हुने भनी उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुंगाबाट भएको फैसलालाई अन्यथा मान्न नसकिने।

प्रतिवादी गुनिसा थापालाई भएको जन्मकैदको सजाय चर्को पर्ने भनी सुरू जिल्ला अदालतले अ.बं.१८८ नं. बमोजिम ५ वर्ष कैद हुन मनासिब हुने भनी लगाएको राय सदर गरेको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाको फैसलातर्फ विचार गरी हेर्दा, प्रतिवादी गुनिसा थापामगरले आफ्नै देवरसँगको अवैध गर्भबाट जन्मेको नवजात शिशु समाजको लोकलाजको कारण फालेको, निज प्रतिवादीले पालन पोषण गर्नुपर्ने अर्को सानो छोरी पनि रहेको देखिएको, वारदात हुँदा निजको उमेर २२ वर्ष रहेको, यी प्रतिवादीको पति विदेशमा रहेको देखिएको र अवैध गर्भबाट जन्मेको नवजात शिशु नरोएको, नचलेको हुँदा फालेको भन्ने बेहोरा अदालतसमक्षको बयानमा उल्लेख गरी कसुरमा साबित भई न्यायिक प्रक्रियालाई सहयोगसमेत गरेको सन्दर्भमा यी प्रतिवादी गुनिसा थापामगरलाई जन्मकैद हुने गरी फैसला भए तापनि उल्लिखित कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा ३ वर्ष ६ महिना कैद गर्दा पनि न्यायको मकसद पूरा हुने नै देखिँदा निज प्रतिवादी गुनिसा थापामगरलाई ३ वर्ष

६ महिना मात्र कैद सजाय हुने राय कायम गरी साधक सदर हुने ।

प्रतिवादी सोमबहादुर थापाको हकमा सुरू जिल्ला अदालतले अभियोग दाबीबाट सफाइ दिएको फैसला उल्टी गरी जन्मकैदको सजाय गरी ५ वर्ष कैदको सजाय मनासिब हुने भनी उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाबाट लगाइएको रायतर्फ विचार विचार गर्दा वारदात हुँदाको समयमा यी प्रतिवादी १९ वर्षको अपरिपक्व उमेरको भएको, यौवनावस्थामा रहेका यी प्रतिवादी विपरीत लिङ्गसँग आकर्षित हुने क्रममा आफ्नो भाउजूसँग शारीरिक सम्बन्ध हुन गएको देखिएको र भाउजूसँगको अवैध सम्बन्धबाट जन्मिएको बच्चा आफ्नो हो भनी स्वीकार गरेको पाइएको, यी प्रतिवादीले मौकामा बयान गर्दा नवजात शिशु फालिदिनु भनी वचन दिएको भनी उल्लेख गरे तापनि अदालतसमक्षको बयानमा आफूले मार्ने वचन नदिएको भन्ने उल्लेख भएको सन्दर्भमा सामाजिक लोकलाजको कारण भाउजूसँगको अवैध सम्बन्धबाट गर्भ रहेको कुरा प्रकाश गर्न नसक्ने अवस्था र परिस्थितिलाई समेत विचार गर्दा यी प्रतिवादीलाई भएको जन्मकैदको सजाय चर्को पर्न जाने भएकोले माथि उल्लिखित कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा ३ वर्ष ६ महिना कैद गर्दा पनि न्यायको मकसद पूरा हुने नै देखिँदा निज प्रतिवादी सोमबहादुर थापामगरलाई ३ वर्ष ६ महिना मात्र कैद सजाय हुने राय कायम गरिदिई अरूमा साधक सदर हुने ।

इजलास अधिकृतः मानबहादुर बिष्ट

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७७ साल साउन १५ गते रोज ५ शुभम् ।

**५१**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७६-RC-०११३, चोरी, अपहरण तथा शरीर बन्धक, जबरजस्ती करणी र कर्तव्य ज्यान, नेपाल सरकार वि. बालकिशोर चौरसिया*

प्रतिवादी बालकिशोर चौरसियाले आफ्नै घर कोठामा सुतेकी वर्ष ६ की सिलाकुमारीलाई रातको समयमा अपहरण गरी अन्दाजी २ कि.मि. दक्षिण लगी जबरजस्ती करणी गरेको र सो ठाउँदेखि १.५ कि.मि. दक्षिणपूर्व लालबकैया नदीको पुलमा हात र खुट्टाको हड्डी भाँची पुलको माथिबाट तल पानीमा फालेको तथ्य स्वीकार गरी मौकामा तथा अदालतमा समेत बयान बेहोरा लेखाएको एवम् बालिका सिलाकुमारीलाई जबरजस्ती करणी भएको र निजको दुवै हात र दुवै खुट्टाको हड्डीसमेत भाँचिएको अवस्थामा मिति २०७३।५।९ गते सो पुलदेखि अन्दाजी ८ कि.मि. दक्षिण लालबकैया नदीको पानीमा निज सिलाकुमारीको मृतक लास फेला परेको तथ्य स्वयम् यी प्रतिवादीले अदालतसमेतमा गरेको बयानसमेतबाट देखिने ।

अतः प्रतिवादी बालकिशोर चौरसियालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिमको कर्तव्य ज्यानसमेतका आरोपित कसुरमा कसुरदार ठहर गरी सर्वस्वसहित जन्मकैद गर्ने गरेको हदसम्मको सुरू रौतहट जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी बालकिशोर चौरसियालाई जन्मकैदको सजाय गर्ने गरेको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७६।१।२५ को फैसला मिलेकै देखियो । रातको समयमा आमासँग सुतिरहेकी वर्ष ६ की अवोध बालिकालाई अपहरण गरी लगी जबरजस्ती करणी गरी न्यूनतम मानवीय संवेदनासम्म नराखी क्रूर, पाशविक एवम् बर्बर ढंगबाट दुवै हातखुट्टा भाँची कर्तव्य गरी मारी खोलामा फाली मानव सभ्यता नै लज्जित र कलंकित हुने जघन्य र अक्षम्य अपराध प्रतिवादीले गरेको देखिँदा प्रतिवादी बालकिशोर चौरासियालाई जन्मकैदको सजाय हुने ठहर गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट भएको फैसला न्यायोचित नै भएकोले साधक सदर हुने ।

इजलास अधिकृतः केदार प्रसाद गौतम

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७६ साल चैत्र ३ गते रोज २ शुभम् ।

**५२**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा. श्री मनोजकुमार शर्मा,** *०७४-CR-१५३०, डाँका चोरी, नेपाल सरकार वि. कालु पुनसमेत*

प्रतिवादीहरू कमल योगी, दीपप्रसाद पुन, विनोद घर्ती र ओविलाल बुढाले अदालत तथा अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा पूर्ण इन्कार रही बयान गरेको, निजहरूका साक्षीहरूले निजहरूको बयानलाई समर्थन गरी बकपत्र गरिदिएको, जाहेरवालाहरूले चोरी गर्ने को को हुन् थाहा भएन भनी आफ्नै जाहेरी बेहोरा खण्डित हुने गरी अदालतमा बकपत्र गरेको, वादी पक्षले चोरी भएको यकिन हुने कुनै दशी प्रमाण प्रतिवादीहरूको साथबाट बरामद गरी पेस गर्न नसकेको र घटना विवरण कागजलगायतका मिसिल संलग्न अन्य प्रमाणहरूबाट यी प्रतिवादीहरूले डाँका चोरीको कसुर गरेको भन्ने पुष्टि हुन नसकेको अवस्था देखिएबाट उल्लिखित प्रतिवादीहरूको हकमा सुरू अदालतको फैसला उल्टी गरी निज प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी उच्च अदालत तुलसीपुरबाट भएको फैसला मिलेकै देखिने।

प्रतिवादीहरूमध्ये कालु पुन र सञ्जय नेपालीको हकमा विचार गर्दा, निजहरूले अदालत तथा मौकामा बयान गर्दा हामी तीन जना सञ्जय नेपाली, सुरजप्रताप परियार र कालु पुन भई फुरूङ्ग बजारमा गई ३ वटा पसलमा पसी लुटपाट गरेका हौं । ३ वटा पसलबाट जम्मा रू.९,०००।- खुद्रा पैसा चोरी गरी ३ जनाले तीन/तीन हजार बाँडेका हौं। दुई डिब्बा चुरोट र ३ वटा बियर पनि खाएका हौँ। सोभन्दा बढी डाँका चोरी गरेका होइनौँ भनी आरोपित कसुरलाई आंशिक रूपमा स्वीकार गरेको पाइन्छ । दशीको रूपमा कुनै नगद धनमाल यी प्रतिवादीहरूबाट बरामद भएको नदेखिए तापनि जाहेरवालाहरूको पसल तोडफोड भएको भन्ने घटनास्थल मुचुल्काबाट देखिएको छ । जाहेरवालाहरूको पसल तोडफोड बिगो गरी बिगो रू.९,०००।- बराबरको मात्र नगद चोरी गरेका हौँ, अभियोग दाबीको चोरी गरेका होइनौँ, वारदातमा हामी तीन जनाको मात्र संलग्नता छ भनी अन्य प्रतिवादीहरूलाई पोल नगरी यी प्रतिवादीहरूले बयानको क्रममा वारदात स्वीकार गरी बयान गरेको, दीपप्रसाद पुनसमेत अन्य चार जना प्रतिवादीहरू अदालत तथा अधिकार प्राप्त अधिकारीसमक्ष कसुरमा इन्कार रही बयान गरेको, डाँका चोरीको वारदातमा ४ जनाभन्दा बढीको जमात हुनुपर्नेमा सो नदेखिएको र निजहरूउपरको अभियोग दाबी पुष्टि हुन नसकेको अवस्था रहेकोसमेतका आधार प्रमाणबाट यी प्रतिवादीहरू कालु पुन र सञ्जय नेपालीले डाँका चोरीको वारदात नघटाएको भए पनि नकबजनीको रीतबाट चोरी गरेको पुष्टि हुन आउने।

अतः सुरू अदालतको फैसला केही उल्टी गरी यी प्रतिवादीहरूलाई मुलुकी ऐन, चोरीको महलको १४(२) नं.बमोजिम जनही डेढ महिनाका दरले कैद र बिगोको डेढी रू.१३,५००।- का दरले जरिवाना हुने ठहऱ्याई उच्च अदालत तुलसीपुरबाट मिति २०७४।०१।११ मा भएको फैसलामा प्रतिवादीहरू कालु पुन र संजय नेपालीलाई नकबजनी चोरीको कसुरदार ठहर भएको र नकबजनी चोरीमा सजाय गर्दा मुलुकी ऐन, चोरीको महलको १४(१) नं. उल्लेख हुनुपर्नेमा मुलुकी ऐन, चोरीको महलको १४(२) नं. उल्लेख हुन गएको देखिँदा उक्त सामान्य त्रुटि सच्याई मुलुकी ऐन, चोरीको महलको १४(१) नं. कायम गरिदिएको छ। निज प्रतिवादीहरूलाई रू.६,७९,३५०।- जरिवाना हुने ठहऱ्याएको सुरू फैसला केही उल्टी गरी जनही रू.१३५०० ।- का दरले जरिवाना हुने तथा मुलुकी ऐन, चोरीको महलको ३ नं. बमोजिमको नकबजनी चोरीको कसुरदार ठहऱ्याई ऐ.ऐनको १४(१) बमोजिम जनही डेढ महिना कैद हुने सुरू फैसला सदर गरी प्रतिवादीहरू दिपप्रसाद पुन, विनोद घर्ती, ओवीलाल बुढा र कमल योगीलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको उच्च अदालत तुलसीपुरको मिति २०७४।०१।११ को फैसला मिलेकै देखिँदा

सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: मुना अधिकारी ढकाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७७ साल जेठ २६ गते रोज २ शुभम् ।

५३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७६-WH-०२१४, बन्दीप्रत्यक्षीकरण, धिरिन्द्राकुमारी उपाध्यायसमेत वि. जिल्ला प्रहरी कार्यालय, दैलेखसमेत*

निवेदकहरू समेतउपर सुनसरी जिल्ला अदालतमा राज्य विरूद्धको कसुर, हातहतियार खरखजाना र सङ्गठित अपराध निवारण ऐनअन्तर्गतको कसुर मुद्दा दर्ता भई मिति २०७६।११।४ मा यी निवेदकहरूसमेतलाई पुर्पक्षका लागि तारेखमा राख्ने आदेश भएको पाइन्छ । यसैगरी यी निवेदकहरूउपर कालिकोट जिल्ला अदालतमा दायर भएको बम विस्फोट र विस्फोटक पदार्थ राखेको मुद्दामा उक्त अदालतको मिति २०७६।११।१२ मा भएको आदेशानुसार निवेदकहरूलाई पुर्पक्षका लागि तारेखमा राख्ने आदेश भएको पाइन्छ । तत्पश्चात् सोही मिति २०७६।११।१२ मा सार्वजनिक शान्ति विरूद्धको कसुरमा यी निवेदकहरूलाई जिल्ला प्रहरी कार्यालय, कालिकोटबाट पक्राउ गरी च.नं. १४६९ मिति २०७६।११।१३ को पत्रबाट अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय, दैलेखमा पठाएको देखिन्छ । यसरी निवेदकहरूलाई लागेको अभियोगमा तारेखमा छोड्ने आदेश अदालतबाट भए पनि निवेदकहरूलाई थुनामुक्त नगरी निरन्तर रूपमा थुनामा राख्ने श्रृङ्खलाअन्तर्गत अनुसन्धानको नाममा प्रवृत्त भएर थुनामा राखेको देखिने ।

अतः उल्लिखित कसुरमा अनुसन्धानको लागि जिल्ला प्रशासन कार्यालय, दैलेखबाट यी निवेदकहरूको हकमा म्याद थप गर्दाको औचित्य पुष्टि गर्ने कारण र आधार उल्लेख गरेको नदेखिएको र निवेदकहरूलाई फरक विचार र आस्था राखेकै आधारमा प्रवृत्त भावना लिई बिनाकारण र आधार निरन्तर रूपमा निवेदकहरूलाई थुनामा राखेको देखिँदा निज निवेदकहरूको थुनालाई कानूनसम्मत मान्न मिलेन । तसर्थ सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) र (ख) का आधारमा निवेदकहरूको थुना गैरकानूनी देखिएकाले निवेदकहरू धिरिन्द्राकुमारी उपाध्याय र नविन विश्वकर्मालाई यस अदालतका रजिस्ट्रारको रोहबरमा थुनाबाट मुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः केदारप्रसाद गौतम

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७६ साल चैत्र ३ गते रोज २ शुभम् ।

## इजलास नं. ९

५४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-WO-०८५७, उत्प्रेषण, बद्रीनरसिंह अधिकारी वि. नेपाल सरकार वाणिज्य मन्त्रालय, काठमाडौंसमेत

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको पदपूर्ति समितिको मिति २०७३।६।२९ गते बसेको ८६ औँ बैठकको निर्णयबमोजिम मिति २०७३।०६।३० गतेको गोरखापत्रमा प्रकाशित विज्ञापनबाट तह १ देखि ९ सम्मको बढुवा प्रक्रिया प्रारम्भ भएको देखिन्छ । निवेदकले तह ९ को लागि दरखास्त पेस गरेकोमा मिति २०७३।०८।१५ को बढुवा सूचना अनुसार यी निवेदकको बढुवा नभएकोले निजले वाणिज्य मन्त्रालयका सचिव तथा व्यापार तथा निकासी प्रवर्द्धन समितिसमक्ष सुपरिवेक्षक तथा पुनरावलोकनकर्तासमेतले आफूलाई बदनियतपूर्वक आधार र कारण नखुलाई न्यून अङ्क प्रदान गरी तथा श्रेणी नखुलेको शैक्षिक योग्यतालाई द्वितीय श्रेणीसरहको अङ्क दिई अरूको बढुवा गरेको भनी मिति २०७३।९।१४ मा उजुरी गरेको देखिन्छ । व्यापार तथा निकासी प्रवर्द्धन विकास समितिको मिति

२०७३।१०।१९ गतेको सयौँ बैठकले निवेदकको माग दाबी पुग्ने आधार नदेखिएको भनी गरेको निर्णय अनुसार 'निजले दाबी गरेजस्तो तृतीय श्रेणीको शैक्षिक योग्यतालाई द्वितीय श्रेणीको अङ्क प्रदान गरेको नदेखिँदा पदपूर्ति समितिले गरेको बढुवा सिफारिश मिलेकै देखियो' भनी च.नं. २२ मिति २०७३।११।०४ को पत्रबाट निवेदकलाई जानकारी गराएको मिसिल संलग्न उल्लिखित निर्णय र पत्रबाट देखिने।

यस अदालतको मिति २०७५।०६।१४ को आदेशबमोजिम झिकाई आएका बढुवासम्बन्धी सक्कल फाइल हेर्दा, व्यापार तथा निकासी केन्द्रको कर्मचारी सेवा, , सर्त र सुबिधासम्बन्धी नियमावली, २०६४ को नियम २७ अनुसार आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र सम्बन्धित कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी निर्णयअनुसार सुपरिवेक्षकसमक्ष पठाउने र निजले नियम २७(१) अनुसार पुनरावलोकनकर्तासमक्ष पठाउने कार्यसमेत गरेको देखिन्छ। त्यसै गरी निवेदक र ९ तहमा बढुवा भएका कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन फारामहरू हेर्दा कार्य सम्पादनबापत नम्बरहरू दिँदा 'आफूलाई दिएका कार्य समयमै सम्पन्न गरेको एवम् व्यापारीहरूसँग राम्रो सम्बन्ध कायम गरेको', 'उच्च चरित्र तथा गुणका साथ कार्य गरेको, 'उत्कृष्ट कार्य गरेको' जस्ता आधार र कारण खुलाइएको देखिने।

व्यापार तथा निकासी केन्द्रको कर्मचारी सेवा, , सर्त र सुबिधासम्बन्धी नियमावली, २०६४ को नियम २९ को उपनियम (१) मा शैक्षिक योग्यताको प्रमाणपत्रमा प्राप्त प्रथम, द्वितीय र तृतीय श्रेणीलाई कार्य सम्पादन मूल्याङ्कनको आधारमा गरिने बढुवा प्रयोजनका लागि फरक फरक अङ्क निर्धारण गरिएको र सोही नियमको उपनियम (२) मा श्रेणी नखुलेको शैक्षिक योग्यतालाई द्वितीय श्रेणीसरह अङ्क दिइने व्यवस्था रहेको पाइन्छ। साथै बढुवा भएका कर्मचारीहरूद्वारा पेस भएको शैक्षिक योग्यताका प्रमाणपत्रहरू र सोका आधारमा कार्य सम्पादन मूल्याङ्कनमा दिइएको अङ्क हेर्दा, उल्लिखित नियमको पूर्ण रुपमा पालना भएको देखिँदा निवेदकले दाबी गरे अनुसार कम अङ्क प्राप्त गर्नुपर्ने उम्मेदवारललाई बढी अङ्क वा बढी अङ्क प्राप्त गर्नुपर्ने उम्मेदवारलाई कम अङ्क प्रदान गरिएको पाइँदैन। यसरी कानूनसम्मत भएको मूल्याङ्कन प्रक्रियाबाट उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूलाई सोही नियमावलीको नियम ३१ बमोजिम बढुवाको सिफारिस गरी बढुवा भएको देखियो। पदपूर्ति समितिद्वारा मिति २०७३।८।१५ मा प्रकाशित बढुवा सूचना अनुसार बढुवा हुने कर्मचारीहरू मिति २०७३।११।५ मा नियुक्त भई आ-आफ्नो पदीय जिम्मेवारी सम्हाली कार्यरत रहिसकेको अवस्था तथा आजै यसै इजलासबाट ०७३-WO-०८६८ रिट निवेदन खारेज गरी दिइएकोसमेतबाट निवेदकको निवेदनको औचित्यसमेत कायम रहन सक्ने नदेखिने।

तसर्थ, उत्प्रेषण परमादेशसमेतको आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा तथा प्रस्तुत रिट निवेदनको औचित्यसमेत समाप्त भइसकेको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कमलकुमार आचार्य / विकाश कुमार रजक

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७७ पौष १५ गते रोज ४ शुभम्।

## ५५

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७३-WO-०८६८, उत्प्रेषणसमेत, देवेन्द्रमान प्रधान वि. नेपाल सरकार, वाणिज्य मन्त्रालय, काठमाडौंसमेत*

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको पदपूर्ति समितिको मिति २०७३।६।२९ गते बसेको ८६ औँ बैठकको निर्णयबमोजिम मिति २०७३।०६।३० गतेको गोरखापत्रमा प्रकाशित विज्ञापनबाट तह १ देखि ९ सम्मको बढुवा प्रक्रिया प्रारम्भ भएको देखिन्छ। निवेदकले तह ८ को लागि दरखास्त पेस गरेकोमा मिति २०७३।०८।१५ को बढुवा सूचना अनुसार यी निवेदकको बढुवा नभएकोले निजले वाणिज्य मन्त्रालयका सचिव तथा व्यापार

तथा निकासी प्रवर्द्धन समितिसमक्ष सुपरिवेक्षक तथा पुनरावलोकनकर्तासमेतले आफूलाई बदनियतपूर्वक आधार र कारण नखुलाई न्यून अङ्क प्रदान गरी तथा श्रेणी नखुलेको शैक्षिक योग्यतालाई द्वितीय श्रेणीसरहको अङ्क दिई अरूको बढुवा गरेको भनी मिति २०७३।९।१७ मा उजुरी गरेको देखिन्छ । व्यापार तथा निकासी प्रवर्द्धन विकास समितिको मिति २०७३।१०।१९ गतेको सयौँ बैठकले निवेदकको माग दाबी पुग्ने आधार नदेखिएको भनी गरेको निर्णय अनुसार 'पदपूर्ति समितिबाट मिति २०७३।१०।१९ गते सञ्चाचालक समितिम प्राप्त बढुवा उजुरीको प्रतिक्रिया र आवश्यक कागजातहरू प्राप्त गरी अध्ययन गर्दा केन्द्रको कर्मचारी सेवा, सर्त र सुविधासम्बन्धी नियमावली, २०६४ (संशोधनसहित) को व्यवस्थाअनुसार कार्यसम्पादन मूल्याङ्कन भरेको देखिएको हुँदा पदपूर्ति समितिले गरेको बढुवा सिफारिश मिलेकै देखियो' भनी च.नं. २३ मिति २०७३।११।०४ को पत्रबाट निवेदकलाई जानकारी गराएको मिसिल संलग्न उल्लिखित निर्णय र पत्रबाट देखियो । यसरी नियमावलीको व्यवस्था अनुसार तथा रीतपूर्वक गरिएको पदपूर्तिको कार्यले कुनै कानूनी व्यवस्थाको उल्लङ्घन गरेको वा निवेदकको कुनै हकमा प्रतिकूल असर पारेको नदेखिने।

यसरी व्यापार तथा निकासी केन्द्रको कर्मचारी सेवा, सर्त र सुविधासम्बन्धी नियमावली, २०६४ अनुसार कानूनसम्मत भएको मूल्याङ्कन प्रक्रियाबाट उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूलाई सोही नियमावलीको नियम ३१ बमोजिम बढुवाको सिफारिस गरी बढुवा भएको देखियो । पदपूर्ति समितिद्वारा मिति २०७३।८।१५ मा प्रकाशित बढुवा सूचना अनुसार बढुवा हुने कर्मचारीहरू मिति २०७३।११।५ मा नियुक्त भई आ-आफनो पदीय जिम्मेवारी सम्हाली कार्यरत रहिसकेको तथा निवेदकका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहसको क्रममा उमेर हदको कारणले निवेदक अवकाश भइसकेको भन्ने कुरा उल्लेख गरेको अवस्थामा अवकाश प्राप्त निवेदकको निवेदन मागबमोजिमको आदेशको औचित्यसमेत समाप्त भइसकेको देखिन्छ । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र कर्मचारी सेवा, सर्त र सुविधासम्बन्धी नियमावली, २०६४ र सोको संशोधन तथा सोबमोजिम गरिएको पदपूर्तिसम्बन्धी सम्पूर्ण काम कारबाही बदर हुनुपर्छ भन्ने निवेदन दाबी तथा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, उत्प्रेषण परमादेशसमेतको आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा तथा प्रस्तुत रिट निवेदनको औचित्यसमेत समाप्त भइसकेको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कमलकुमार आचार्य/विकाश कुमार रजक

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७७ साल पौष १५ गते रोज ४ शुभम्।

**५६**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७१-WO-०७९९, उत्प्रेषणसमेत, डम्बरप्रसाद पोखरेल वि. नेपाल विद्युत् प्राधिकरण, पदपूर्ति महाशाखा, काठमाडौं*

नेपाल विद्युत् प्राधिकरण, नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ बमोजिम संस्थापित कानूनी निकाय (statutory Entity ) हो । यस ऐनको दफा ४(१)(३)(४) बमोजिम प्राधिकरण स्वशासित सङ्गठित संस्था हो । नेपाल विद्युत् प्राधिकरणको आफ्नो कर्मचारी सेवा विनियमावली, २०६२ (स.स.) बनाई लागु रहे भएको अवस्था छ। यो विनियमावलीको विनियम ४३ क बमोजिम जेष्ठता र कार्यसम्पादनको आधारमा बढुवा गरी पूर्ति गर्नुपर्ने भएकाले दरखास्त दिने अन्तिम मितिसम्ममा बढुवा हुने पद भन्दा एक तह मुनिको सम्बन्धित सेवा समूह उपसमूहको पदमा विनियमावलीमा तोकिएको सेवा अवधि पूरा गरेका र विनियम ४६ बमोजिम आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको उम्मेदवारहरूबाट सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र योग्यता पुगेका कर्मचारीले

मात्र फाराम भर्न पाउने कानूनी ब्यवस्था रहेकोमा रिट निवेदकले विनियम ४६ बमोजिम आवश्यक न्यूनतम शैक्षिक योग्यता कुनै मान्यता प्राप्त विश्वविद्यालयको डिग्री हासिल गरेको नभई CTEVT बाट सिप तह-३ को तालिम लिएको मात्र देखिन्छ । उक्त विनियमावलीको तेइसौँ संशोधन (मिति २०७१।०३।३२) ले अनुसूची-७ को खण्ड (ख) प्राविधिक सेवा तर्फ तह-७ को इलेक्ट्रिकल समूह इलेक्ट्रिकल उपसमूहमा बढुवा हुनको लागि 'इलेक्ट्रिकल इन्जिनियरिङमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण' भएको हुनुपर्ने भनी योग्यता निर्धारण गरेको पाइन्छ । विपक्षीले तह-६ बाट तह-७ मा बढुवा पाउन विनियमबमोजिम सम्बन्धित इलेक्ट्रिकल विषयमा प्रमाणपत्र पास नगरेको हुँदा कर्मचारी आन्तरिक बढुवातर्फ तह-७ मा बढुवा गर्न नसकिने भनी निवेदकको आवेदन फाराम जेष्ठता र कार्य सम्पादन बढुवाको लागि दरखास्त फाराम पदपूर्ति महाशाखा (हाल पदपूर्ति विभाग)ले नबुझेको देखिने ।

जहाँसम्म तह ५ तह ६ सम्म त्यही प्रमाणपत्रको आधारमै योग्यताको मान्यता भएको हुँदा सोहीबमोजिमको मान्यताको आधारमा सातौँ तहको बढुवालाई योग्य भएको भन्ने दाबीको सम्बन्धमा विचार गर्दा, विनियमको अनुसूची ७ मा प्राविधिक सिप तथा व्यावसायिक तालिम परिषद्बाट प्राप्त गरेको सम्बन्धित विषयको सिप परीक्षणको प्रमाणपत्रलाई देहायबमोजिम न्यूनतम शैक्षिक योग्यता मानिने छ भनी उल्लेख गरेको छ, जसमा छैठौँ तहसम्म मात्र उम्मेदवार हुन पाउने व्यवस्था रहेको ।

नेपाल विद्युत् प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०६२ (स.स.) को विनियम १९ को उपविनियम १ को खण्ड (घ) मा "कुनै योग्यता विषयसँग सम्बन्धित भए नभएको यकिन गर्ने, तालिमको मान्यता स्थापित गर्ने, योग्यता निर्धारण गर्ने र योग्यतासम्बन्धी विवाद निरूपण गर्ने" काम कर्तव्य बढुवा सिफारिस समितिलाई तोकिएको पाइन्छ । बढुवा सिफारिस समितिले सोही विनियम १९ को उपविनियम १ को खण्ड (घ) अनुसार निवेदकले पेस गरेको योग्यताको प्रमाणपत्र तह-७ मा बढुवा हुनको लागि योग्यता नपुगेको यकिन गरी निवेदकलाई उक्त बढुवाको प्रक्रियामा सामेल नगराई बढुवा प्रक्रिया सम्पन्न गरेको देखिन्छ । निवेदकले विनियमावलीको तेइसौँ संशोधन (मिति २०७१।०३।३२) ले निर्धारण गरेको बढुवाको योग्यता सम्बन्धमा कुनै चुनौती दिएको देखिएन । यसै सन्दर्भमा चन्द्र दर्शन आचार्यसमेत वि. कृषि सामाग्री संस्थान, कुलेश्वरसमेत भएको उत्प्रेषणको निवेदन (ने.का.प. २०५३, अङ्क ५, नि.नं. ६२०४) मा "संस्थानको विनियम बनाउन पाउने अधिकारलाई चुनौती नदिएको अवस्थामा विनियम बनाउन पाउनेले साबिक व्यवस्था खारेज गरी नयाँ व्यवस्था लागु गरेकोलाई यस अदालतले अन्यथा भनी खारेज भएको व्यवस्थालाई पुनर्जीवित बनाई निवेदकको जिकिर अनुसार गरी दिन मिल्ने देखिन नआउने" भनी यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको पाइन्छ । यसर्थ विनियमावलीले गरेको संशोधित व्यवस्थाबमोजिमको योग्यता निवेदकले प्राप्त नगरेको र विनियमावलीको भइरहेको व्यवस्थासमेत उपर निवेदकले कुनै चुनौती नगरी स्वीकार गरेको तर सोही व्यवस्थाबाट नि:सृत हुन गएको निज बढुवा प्रक्रियामा सामेल हुन नपाउने परिणाम अर्थात् बढुवा समितिको बढुवाको सूचना तथा पुनरावलोकन समितिको सूचनामात्र बदर गरिपाउँ भन्ने निवेदन दाबी तथा निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, योग्यता नपुगेको आधारमा निवेदकको निवेदन दर्ता नगरी निजको बढुवा सिफारिस नगरेको कार्य कानून विपरीत देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: कमलकुमार आचार्य/विकाश कुमार रजक

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७७ पौष १५ गते रोज ४ शुभम् ।

५७

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७३-WO-०४९६, उत्प्रेषणसमेत, देवेन्द्रमान प्रधान वि. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, पुल्चोकसमेत*

नेपाल सरकार मन्त्रिपरिषद्द्वारा व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति गठन आदेश जारी भई केन्द्रको नामबाट प्रचलन हुने गरी केन्द्रको कर्मचारी सेवा, सर्त र सुविधासम्बन्धी नियमावली, २०६४ नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०६४/५/२५ को निर्णय अनुसार स्वीकृत भइसकेको मिसिल संलग्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं. ५८ मिति २०६४।५।२६ को पत्रबाट देखिन्छ । त्यसै गरी नियमावलीको पहिलो संशोधन २०६६ मिति २०६६/६/१ मा र दोस्रो संशोधन २०६७ मिति २०६७/१०/३ मा स्वीकृत भएको मिसिल संलग्न वाणिज्य तथा आपूर्ति मन्त्रालयको क्रमशः च.नं. ४४५ मिति २०६६।६।२२ र च.नं. १७४ मिति २०६७।१०।०४ को पत्रबाट देखिने।

गठन आदेश २०६३ अनुसार यो संस्था नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको अविच्छिन्न उत्तराधिकारी सङ्गठित संस्था रहने देखिन्छ । त्यसैगरी विकास समिति ऐन, २०१३ को दफा ३ को अधिकार प्रयोग गरी जारी भएको गठन आदेश केन्द्रको हकमा मुख्य कानून हुने हुँदा गठन आदेश, २०६३ को दफा १८ को अधिकार प्रयोग गरी बनेको केन्द्रको कर्मचारी सेवा, सर्त र सुविधासम्बन्धी नियमावली, २०६४ कर्मचारी प्रसाशन सञ्चालनको मुख्य आधार रहे भएको देखिने।

व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति (गठन) आदेश २०६३ को दफा १२ बमोजिम कर्मचारीको व्यवस्था गर्ने सन्दर्भमा केन्द्रको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनलाई अर्थ मन्त्रालयको मिति २०७१।१२।०१ को मन्त्रीस्तरको निर्णयबाट सहमति प्रदान भएको अर्थ मन्त्रालयको च.नं. २६० मिति २०७१।१२।०३ को पत्रबाट देखिन्छ । उक्त सहमतिअनुसार वाणिज्य तथा आपूर्ति मन्त्रालयले मिति २०७२।०६।१९ को निर्णयले प्रस्तावित दरबन्दी विवरणलाई अनुमोदन गरी केन्द्रलाई च.नं. ३७२ मिति २०७२।०६।२० को पत्रमार्फत जानकारी गराएको पाइन्छ । केन्द्रको सङ्गठन संरचना-२०७२ वाणिज्य मन्त्रालयबाट मिति २०७२।०९।०२ को निर्णयअनुसार प्रमाणित गरिएको मन्त्रालयको च.नं. १०६० मिति २०७२।०९।१३ को पत्रबाट देखिन्छ । सो स्वीकृत भएको एवम् अर्थ मन्त्रालयबाट समेत सहमति प्राप्त भएको दरबन्दीको रिक्त पदहरूमा लोक सेवा आयोगको मिति २०७३।०६।२० को निर्णयानुसार सहमति प्राप्त भएको आयोगको च.नं. ६५ मिति २०७३।०६।२८ को पत्रबाट देखिन्छ। तत्पश्चात् केन्द्रले पदपूर्ति समितिको निर्णय अनुसार मिति २०७३/६/३० मा खुला तथा आन्तरिक बढुवाको विज्ञापन गरी रिक्त दरबन्दीमा पदपूर्तिको कारबाही अगाडि बढाएको देखिन्छ । उक्त विज्ञापन सूचनाअनुसार निवेदक देवेन्द्रमान प्रधान बरिष्ठ अधिकृत सातौं तहबाट उपनिर्देशक आठौं तहका लागि प्रतिस्पर्धामा सामेल भई असफल भएको र सफल उम्मेदवारहरूको मिति २०७३/८/१५ मा बढुवाको लागि सिफारिस भएको देखिन्छ। यसरी नियमावलीको व्यवस्था अनुसार तथा रीतपूर्वक गरिएको पदपूर्तिको कार्यले कुनै कानूनी व्यवस्थाको उल्लङ्घन गरेको वा निवेदकको कुनै हकमा प्रतिकूल असर पारेको नदेखिने।

त्यसै गरी रिट निवेदक कर्मचारी सेवा, सर्त र सुविधासम्बन्धी नियमावली, २०६४ को आधारमा साबिक व्यापार प्रवर्द्धन केन्द्र हालको व्यापार तथा निकासी प्रर्वद्धन केन्द्रको निर्णय अनुसार मिति २०४३/१/७ मा उप सहायक पदमा सेवा प्रवेश गरी समय समयको बढुवाका आधारमा बरिष्ठ अधिकृतमा पदोन्नती प्राप्त गरी उक्त विबन्धित भई आएको अवस्था देखिन्छ। निवेदकका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहसको क्रममा उमेर हदको कारणले निवेदक अवकाश भइसकेको भन्ने कुरा उल्लेख

गरेको अवस्थामा अवकाश प्राप्त निवेदकको निवेदन मागबमोजिमको आदेशको औचित्यसमेत समाप्त भइसकेको देखिन्छ । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र कर्मचारी सेवा, सर्त र सुविधासम्बन्धी नियमावली, २०६४ र सोको संशोधन तथा सोबमोजिम गरिएको पदपूर्तिसम्बन्धी सम्पूर्ण काम कारबाही बदर हुनुपर्छ भन्ने निवेदन दाबी तथा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, निवेदकको मागबमोजिम विपक्षीहरूका नाममा उत्प्रेषण परमादेशको आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता नरहेको तथा निवेदनको प्रयोजनसमेत समाप्त भइसकेको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कमलकुमार आचार्य / विकाश कुमार रजक

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७७ पौष १५ गते रोज ४ शुभम्।

५८

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-CR-१४२१, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. हरिकुमार मगरसमेत*

प्रतिवादीउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिमको कसुर पुष्टि हुनका लागि आपराधिक मनसाय, पूर्वतयारी वा ज्यानै मार्नेसम्मको कार्य प्रतिवादीहरूबाट भएको भन्न सक्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको देखिएन । पीडितहरू र प्रतिवादीहरूबिच मादलको निहुँमा विवाद भई आवेगमा आई कुटपिटसमेत भएको भन्ने वारदातको प्रकृतिबाट देखिन आएको र पीडितहरूले पनि सो कुरालाई समर्थन हुने गरी अदालतमा बकपत्रसमेत गरेको तथा स्वास्थ्य परीक्षण प्रतिवेदनको रिपोर्टबाट पनि धारिलो हतियारको प्रयोग गरी ज्यानै मर्न सक्ने अवस्था देखिन नआएकोले प्रस्तुत मुद्दामा ज्यान मार्न आवश्यक तत्त्वहरूको अभाव देखिएकोले अभियोग मागदाबीबमोजिमको कसुर प्रतिवादीहरूबाट भएको भन्ने पुष्टि हुन सकेको देखिन आएन । तथापि प्रस्तुत मुद्दाको जाहेरी दर्खास्त, घटनास्थल मुचुल्का, पीडितको घा-जाँच केस फाराम, पीडितहरूको बकपत्र, प्रतिवादी हरिकुमार मगर र रेणुका मगरलाई जाहेरवालाले नै मुक्काले हानी भुइँमा लडाएको भन्ने घटना विवरण कागज गर्ने व्यक्तिको भनाइ, पीडितहरूले नसाको सुरमा मादलको निहुँ गरी मलाई र मेरो श्रीमान् हरिकुमार मगरलाई कुटपिट गरी लडाएको भन्ने प्रतिवादी रेणुका मगरको अदातसमक्ष गरेको बयान, सहप्रतिवादीहरूले यी प्रतिवादीलाई पीडितहरूले नै विवाद गरी मुक्कासमेतले हानी लडाएकोले सहयोगको लागि हारगुहार गरी बोलाएकोले गएको भन्ने अदालतमा गरेको बयानसमेतबाट वारदातमा प्रतिवादीहरू र घाइतेहरूका बिचमा कुटपिट भएको तथ्यलाई अन्यथा मान्न मिल्ने अवस्था नदेखिँदा यी प्रतिवादीहरूलाई ज्यान मार्ने उद्योगको कसुरमा सजाय नगरी प्रस्तुत मुद्दालाई कुटपिटमा परिणत गरी सबै प्रतिवादीहरूलाई सफाइ दिएको उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गाको फैसला मिलेको नै देखिन आउने।

अतः वारदातको प्रकृतिबाट पीडितहरू र प्रतिवादीहरूबिच रातको समयमा मादलको निहुँमा विवाद भई कुटपिट भएको भन्ने मिसिल प्रमाणबाट देखिन आएको, पीडितहरूको बकपत्र बेहोरासमेतबाट पीडितहरू र प्रतिवादीहरूबिच पूर्वरिसइवी रहेको नदेखिएको, ज्यानै मार्ने मनसायका साथ कुटपिट गरेकोसमेत नदेखिएको अवस्थामा ज्यानसम्बन्धी महलको १५ नं.को कसुर स्थापित हुन नसक्नेमा प्रतिवादीहरू पारस मगर, बुद्ध मगर र सुजन मगरको हकमा अ.बं. १९० नम्बरबमोजिम मुद्दा मुल्तबीमा राखिएको छ । प्रतिवादीहरू हरिकुमार मगर, रेणुका मगर र शम्भु मगरले अभियोग मागदाबीबमोजिम ज्यान मार्ने उद्योग गरेको तथ्य शंकारहित तवरबाट पुष्टि हुन सकेको नदेखिँदा अभियोग मागदाबीबाट सफाइ पाउने ठहर्छ भन्ने ओखलढुंगा जिल्ला अदालतको मिति २०७२/१२/०८ को फैसला र प्रतिवादीहरूले

ज्यान मार्ने उद्देश्यले जाहेरवालाहरू तथा पीडित व्यक्तिहरूलाई प्रहार गरेकोमा पीडितहरूसँग रहेका राजिव राईलगायतका व्यक्तिहरूको हस्तक्षेप र उद्धारको कारणबाट ज्यान मर्न नपाएको भन्ने कुरा प्रस्ट भएकोले प्रतिवादीहरूले अभियोग पत्र अनुसारको कसुर अपराध गरेकै देखिन आएकोले प्रतिवादीहरू पारस मगर, बुद्ध मगर र सुजन मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिमको कसुर गरेकोमा सोही नम्बरबमोजिम जनही कैद वर्ष ५ (पाँच) सजाय हुने ठहर्छ भन्ने ओखलढुंगा जिल्ला अदालतको मिति २०७४/०९/२० को फैसला उल्टी भई प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत हुने गरी प्रतिवादीहरूले ज्यानसम्बन्धी महलको १ र १५ नं बमोजिमको अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाको मिति २०७५।०३।३२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हिरा माया अवाल

इति संवत् २०७७ साल जेष्ठ २८ गते रोज ४ शुभम्।

## इजलास नं. १०

### ५९

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७५-CR-१०२१, ०७५-CR-२०२१, लागु औषध हेरोइन, नेपाल सरकार वि. सन्दिप सेन, पदमबहादुर घर्ती क्षेत्री वि. नेपाल सरकार*

प्रतिवादीले भिरेको झोलाबाट ३१ ग्राम लागु औषध ब्राउन सुगर प्रहरी टोलीले फेला पारी बरामद गरी लिएको भन्ने बरामदी खानतलासी मुचुल्काबाट देखिन्छ। बरामदित लागु औषधलाई परीक्षण गर्दा सो मा अफिम पाइएको छ भन्ने केन्द्रिय प्रहरी विधिविज्ञान प्रयोगशालाबाट प्राप्त परीक्षण प्रतिवेदनबाट खुलेको देखिन्छ। यी प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा, जिल्ला रूपन्देही, देवदह-२ ढिकारमा प्रहरीले मेरो शरीर खानतलासी गर्दा ३१ ग्राम हेरोइन लागु औषध फेला पारी बरामद गरी मलाई पक्राउ गरी लगेका हुन् भनी कसुरमा साबित भई बयान गरेको देखिन्छ। प्रतिवादीले अदालतसमक्ष कसुरमा पूर्ण इन्कार रही सेवन गर्नको लागि मात्र हेरोइन लिई हिँडेको हुँ भनी बयान गरेपनि भारत सुनौली बजारबाट रू.३१,०००।- मा लागु औषध खैरो हेरोइन नै भनेर खरिद गरेको हुँ। काठमाडौंमा बसी सेवन गर्न ल्याएको हो। यसमा सहप्रतिवादीको कुनै संलग्नता छैन। मैले सहप्रतिवादीको लु.२२ प १६१५ नं. को स्कुटी लिई चलाई बुटवल बसपार्कमा जाँदा उक्त लागु औषध प्रहरीले मेरो साथबाट फेला पारी बरामद गरी मलाई पक्राउ गरी लगेको भनी उक्त कुरा स्वीकार गरेको देखिन्छ र निजबाट उक्त लागु औषध बरामद भएको देखिन्छ, उक्त लागु औषध अरू कसैको हो भनी प्रतिवादीले खुलाउन सकेकोसमेत देखिँदैन। प्रतिवेदक प्र.ना.नि. हरिनारायण श्रेष्ठले मौकाको प्रतिवेदन बेहोरा समर्थित हुने गरी अदालतमा उपस्थित भई बकपत्र गरिदिएको आधार प्रमाणसमेतबाट प्रतिवादी पदमबहादुर घर्ती क्षेत्रीले अभियोग दाबीबमोजिम कसुर गरेको भन्ने पुष्टि हुन आएकोले खानतलासी बरामदी मुचुल्का, प्रतिवेदकको प्रतिवेदन र सो प्रतिवेदनलाई समर्थन हुने गरी अदालतमा उपस्थित भई निज प्रतिवेदकले गरिदिएको बकपत्र र पुनरावेदक/प्रतिवादी पदमबहादुर घर्ती क्षेत्रीले अनुसन्धान अधिकारीसमक्ष कसुरमा साबित भई गरेको बयान, परीक्षण प्रतिवेदनसमेतका आधार प्रमाणबाट यी पुनरावेदक/ प्रतिवादी पदमबहादुर घर्ती क्षेत्रीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ)(ङ) र (च) को कसुरमा ऐजनको दफा १४(१)(छ)(२) बमोजिम १२ (बाह्र) वर्ष कैद र रू.९०,०००।- जरिवाना हुने ठहऱ्याई सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७४।०२।१७ मा भएको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७५।३।१८ को फैसला कानूनसम्मत मिलेको देखिन्छ। आफूले सेवनको लागि लागु औषध खरिद गरी ल्याएकोले खरिद

बिक्रीको कसुरमा गरेको सजाय नमिलेकोले उल्टी गरिपाउँ भन्ने निजको पुनरावेदन जिकिरसँग बरामदित लागु औषधको परिमाणसमेतको कारण सहमत हुन नसकिने ।

प्रतिवादी सन्दिप सेन प्रतिवादी पदमबहादुर घर्ती क्षेत्रीसँग मौकामा एकसाथ पक्राउ परेको देखिए पनि निजको सँगसाथबाट लागु औषध बरामद भएको देखिँदैन । प्रतिवादी सन्दिप सेनले मौकामा र अदालतमा बयान गर्दासमेत कसुरमा इन्कार रही लागु औषधको सम्बन्धमा आफूलाई केही थाहा नभएको भनी बयान गरेको देखिन्छ । प्रतिवादी सन्दिप सेनका साक्षीले सन्दिप सेन लागु औषध कारोबार गर्ने व्यक्ति होइनन् भनी प्रतिवादी सन्दिप सेनले गरेको बयान बेहोरालाई पुष्टि हुने गरी अदालतमा समेत बकपत्र गरेको पाइन्छ । मुख्य प्रतिवादी पदमबहादुर घर्ती क्षेत्रीले बयान गर्दा आफूसँगबाट बरामद भएको हेरोइन सम्बन्धमा सन्दिप सेनलाई केही थाहा जानकारी नभएको भन्ने बेहोरा खुलाई अनुसन्धान अधिकारी र अदालतसमक्ष समेत बयान गरेको देखिन्छ । यी प्रतिवादी सन्दिप सेनउपर लिएको दाबी पुष्टि गर्ने गरी वादी पक्षले वस्तुनिष्ठ आधार प्रमाणसमेत पेस गर्न सकेको पाइँदैन । प्रतिवादी सन्दिप सेन उपरको दाबी पुष्टि हुने गरी वादी पक्षबाट भरपर्दो र वस्तुनिष्ठ प्रमाण पेस गर्न नसकेको अवस्थामा अभियोग दाबीको आधारमा मात्र कसैलाई कसुरदार ठहर गर्न न्यायोचित नहुने हुँदा निज प्रतिवादी सन्दिप सेनलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७४/२/१७ मा भएको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७५।३।१८ को फैसला निजको हकमा समेत कानूनसम्मत भई मिलेको देखिन्छ । प्रतिवादी सन्दिप सेनले अर्काको स्कुटी मागेर प्रतिवादी पदमबहादुर घर्ती क्षेत्रीलाई पुऱ्याउन गएकोले उक्त स्कुटी लागु औषध ओसार पसारको कार्यमा प्रयोग भएको नदेखिएको, प्रस्तुत मुद्दाको मुख्य प्रतिवादीसँगै एउटै स्कुटीबाट दुबै जना समातिएको र प्रतिवादी सन्दिप सेन मुख्य प्रतिवादीलाई लिन स्कुटी लिई गएकोले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम निजलाई सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकीर, निजको साथबाट लागु औषध बरामद नभएको स्थिति, मौका र अदालतमा समेत निजको इन्कारी बयान रहेको र निजको हकमा मुख्य प्रतिवादीले नै निजको लागु औषधको वारदातमा संलग्नता छैन भनी गरेको बयानसमेतका आधार कारणबाट अभियोग माग दाबीको आधारमा मात्र कसुरदार ठहऱ्याई सजाय गर्नु न्यायोचित नहुने हुँदा वादी नेपाल सरकारले लिएको समग्र पुनरावेदन जिकिरसँग समेत सहमत हुन नसकिने ।

तसर्थ, पुनरावेदक/प्रतिवादी पदमबहादुर घर्ती क्षेत्रीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ)(ङ) र (च) को कसुरमा ऐजनको दफा १४(१)(छ)(२) बमोजिम १२ (बाह्र) वर्ष कैद र रू.९०,०००।- जरिवाना हुने, अर्काको नामको लु.२२प १६१५ नं. को स्कुटी लागु औषध ओसार्नको लागि प्रयोग भएको नदेखिँदा जफत गर्न नमिल्ने, बरामद भएको रू.८,०००।- जफत हुने तथा अर्का प्रतिवादी सन्दिप सेनले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०७४।२।१७ मा भएको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत तुल्सीपुर, बुटवल इजलासको मिति २०७५।३।१८ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक/प्रतिवादी तथा वादी नेपाल सरकार दुवै पक्षको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत (उपसचिव): सुरेश के.सी.

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७९ साल वैशाख ४ गते रोज १ शुभम् ।

## ६०

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७५-CR-०८१०, ०७५-CR-०८११, जबरजस्ती करणी, राजकुमार यादव वि. नेपाल सरकार, विनोद यादव वि. नेपाल सरकार*

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट

निजको योनिको कन्याजाली च्यातिएको भन्ने देखिएको छ भने मौकामा पीडितले, प्रतिवादीहरूले आफूलाई चिया बगानमा लगी पालैपालो जबरजस्ती करणी गरेको घटनालाई सरल रूपमा सिलसिलाबद्ध गरी लेखाई आफ्नो स्वेच्छाले हस्ताक्षर गरी मौकामा कागज गरेको देखिन्छ । जाहेरवालाले अदालतमा आई बकपत्र गर्दा प्रतिवादीहरूले आफ्नो छोरीलाई जबरजस्ती करणी नगरेको भनी जाहेरी बेहोरा खण्डित हुने गरी बकपत्र गरेको देखिए तापनि प्रतिवादीहरूले पीडित तथा निजको भाइलाई वारदातको दिन सिटी रिक्सामा चढाई दिनभर घुमाएको, होटलमा लगी नास्ता खुवाएको, बेलुका चिया बगानको बाटो हुँदै लिएर गएको, रिक्साको चार्ज सकिएकोले घर पुऱ्याउन नसकी चिया बगानको नजिकै छोडेको, पीडितको मौकाको कागज बेहोराबाट प्रतिवादीहरूले पीडितलाई ललाइ फकाइ प्रलोभनमा पारी पालै पालो जबरजस्ती करणी गरेको तथ्य स्पष्ट रूपमा खुल्न आएको, मौकामा बुझिएका, पीडितका भाइले प्रतिवादीहरूले दिदीलाई पालैपालो जबरजस्ती करणी गरेको मैले हेरिरहेँ भनी मौकामा लेखाएको र अदालतमा बकपत्र गर्दासमेत सोही बेहोरा समर्थन हुने गरी बकपत्र गरेको, वारदातको दिन निज प्रतिवादीहरूले मेरो पसलमा पीडितालाई लिई आएका थिए र निजहरूले मेरो पसलमा चाउमिन खाई केही बेर बसी गए, निजहरूको साथमा एक जना सानो केटोसमेत थिए भनी देउराली होटल एण्ड लजका सञ्चालक इन्द्र बहादुर वनले मौकामा गरेको घटना विवरण कागज बेहोरा, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा योनिको कन्याजाली च्यातिएको भन्ने उल्लेख भएकोसमेतका मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादीहरूको मौकाको तथा अदालतसमक्षको इन्कारी बयान र जाहेरवाला र पीडितको अदालतसमक्षको प्रतिवादीहरूले जबरजस्ती करणी गरेका होइनन् भन्ने भनाइ खण्डित भएको देखिन्छ । प्रतिवादीहरूले पीडिता तथा निजको भाइलाई सिटी रिक्सामा राखी धेरै बेरसम्म घुमाउने, फिल्म हेराइदिने भनी प्रलोभन दिनु, होटलमा लगी नास्ता खुवाउनु, साँझपख घर पुऱ्याइदिन्छु भनी चिया बगानको बाटो हुँदै रिक्सामा राखी लैजानु जस्ता घटनाक्रमहरू र व्यवहार हेर्दा निजहरूको आपराधिक मनसाय रहेनछ भनी मान्न मिल्ने अवस्था देखिएन । पीडिताले प्रतिवादीलाई कसुरबाट उन्मुक्ति दिन मनसायले अदालतको बकपत्रमा पीडिताले प्रतिवादीलाई कसुरमा पोल नगरे पनि पीडिताको योनिको कन्याजाली च्यातिएको भन्ने चिकित्सक परीक्षण प्रतिवेदनले पीडिता विरूद्धको कसुरलाई पुष्टि गरिरहेको अवस्थामा पीडिताले प्रतिवादीलाई कसुरबाट उन्मुक्ति दिने गरी अदालतमा गरिदिएको बकपत्र गौण रहन जान्छ । प्रतिवादीहरूको वारदातको दिनको क्रियाकलापले पीडिताको मौकाको कागज बेहोरासँग मेल खाएको देखिँदा प्रतिवादीहरूबाट पीडितालाई जबरजस्ती करणी भएको होइन होला भन्न सकिने अवस्था नहुँदा उच्च अदालत विराटनगर, इलाम इजलासको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

अतः प्रतिवादी विनोद यादव र राजकुमार यादवलाई मुलुकी ऐन, जबरजस्ती करणीको १ नम्बर अनुसारको कसुरमा सोही महलको ३(२) नम्बर बमोजिम ८ वर्ष कैद र सोही महलको ३ क बमोजिम थप ५ वर्ष कैद सजायसमेत हुने र सोही महलको १० नं. बमोजिम प्रतिवादीहरूबाट जनही रू. १०,०००।– का दरले पीडितलाई क्षतिपूर्तिसमेत भराइदिने ठहऱ्याएको सुरू झापा जिल्ला अदालतको मिति २०७३।११।८ को फैसला सदर गर्ने ठहऱ्याएको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७४।५।२० को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत (उपसचिव): हेमराज तिमिल्सैना/ शोभा पाठक

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७९ साल वैशाख ४ गते रोज १ शुभम् ।

**६१**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाश कुमार ढुंगाना,** *०७६-CR-१५११, मानव बेचविखन तथा ओसारपसार, कृष्णबहादुर तामाङ वि. नेपाल सरकार*

प्रतिवादी कृष्णबहादुर तामाङले अनुसन्धानका क्रममा बयान गर्दा आफूले समुन्द्रटार (घ) अर्थात् पीडितलाई ललाइ फकाइ मिति २०७१/७/१५ गते आफ्नो घरमा लगी राखेको र सो को भोलिपल्ट काठमाडौं काभ्रेस्थलीमा पुर्‍याई सो दिन त्यहाँ बसी भोलिपल्ट मिति २०७१/७/१७ गते रात्री बसबाट झापाको काँकडभिट्टा लगी मिति २०७१/७/१८ गते बिहान याकर तामाङको जिम्मा लगाई सोबापतमा निजबाट रू.१,००,०००।- लिइ जाहेरवालाको बुहारीलाई बिक्री गरी आफू त्यहाँबाट फर्केको हो भनी घटनाबारे सिलसिलेवार खुलाई लेखाइदिएको पाइन्छ । निज प्रतिवादीले अदालतको बयानमा आफूले पीडितलाई बिक्री गर्न नभई घुम्नलाई काँकडभिट्टासम्म लिई गएको हो भने पनि पीडितलाई काँकडभिट्टा पुर्‍याएर अर्का प्रतिवादी याकर तामाङको जिम्मा लगाई निजबाट रू.१,००,०००।- बुझिलिएको तथ्यलाई अन्यथा भन्न नसकेको।

पीडितलाई राम्रो काम दिने प्रलोभन देखाई बिक्री गरी भारतको कलकत्तास्थित बेश्यालयमा पुर्‍याएको भनी प्रतिवादीहरूउपर मौकामा किटानी जाहेरी परेको र उक्त जाहेरी बेहोरालाई समर्थन हुने गरी जाहेरवाला परिवर्तित नाम समुन्द्रटार (M) ले अदालतमा आई बकपत्रसमेत गरिदिएको देखिन्छ। यसैगरी घटना विवरण कागज गर्ने यमबहादुर तामाङ, हर्कमान तामाङ, जितबहादुर तामाङसमेतले आफूहरूले मौकामा कागज गर्दा कृष्णबहादुर तामाङले जाहेरवालाको बुहारीलाई ललाइ फकाइ काँकडभिट्टासम्म पुर्‍याएको र सो ठाउँबाट याकर तामाङले रू. १,००,०००।- मा खरिद गरी भारतको कलकत्तास्थित अन्तरी तामाङले सञ्चालन गरेको वेश्यालयमा लगि वेश्यावृत्तिमा लगाई आर्थिक सङ्कलन गरी खाएको हो भनी लेखाएको बेहोरा र उक्त कागजमा परेको सहीछापसमेत आफूहरूको भएको भनी अदालतमा बकपत्र गरिदिएका छन् । पीडितले अदालतमा बकपत्र गर्दा स.ज.८ मा प्रतिवादी कृष्णबहादुर तामाङलाई चिन्दिन भने पनि आफूलाई याकर तामाङले राम्रो काम दिने प्रलोभन देखाइ भारतको कलकत्ता लगेको, त्यहाँ अन्तरी तामाङको घरमा काम गरी बसेको अवस्थामा प्रहरी आई छापा मार्दा आफू उम्किन सफल भएको भनी लेखाई दिएको पाइन्छ । यी प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा गरेको बयानमा समेत आफूले पीडितलाई काँकडभिट्टासम्म पुर्‍याएर अर्का प्रतिवादी याकर तामाङको जिम्मा लगाई निजबाट रू.१,००,०००।- बुझी लिएको भनी पीडितलाई एक लाखमा बिक्री गरेको कुरा स्वयम्ले स्वीकार गरेको र निजको स्वीकारोक्तिलाई जाहेरी दरखास्त एवम् जाहेरवालाको बकपत्र, मौकामा कागज गर्ने यमबहादुर तामाङ, हर्कमान तामाङ, जितबहादुर तामाङसमेतले अदालतमा गरेको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणहरूले पुष्टि गरेको देखिन्छ। पीडितलाई काठमाडौंबाट काँकडभिट्टासम्म पुर्‍याई रू.१,००,००० ।- मा बिक्री गरी आर्थिक प्रतिफलसमेत प्राप्त गरिसकेको अवस्थामा प्रतिवादीको पुनरावेदन जिकिरबमोजिमको ऐ. ऐनको दफा १५(१)(ङ)(२) को कानूनी व्यवस्था प्रस्तुत कसुरमा आकर्षित नहुने।

तसर्थ, मानिस बिक्री गरेतर्फ पुनरावेदक प्रतिवादी कृष्णबहादुर तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(१)(क) बमोजिमको कसुर ठहर गरी ऐजन ऐनको दफा १५(१)(क) बमोजिम बिस (२०) वर्ष कैद र रू २,००,०००।– (दुई लाख रूपैयाँ) जरिवाना हुने एवम् ऐजन ऐनको दफा १७ बमोजिम प्रतिवादीबाट पीडितलाई रू.२,००,०००।– (दुई लाख रूपैयाँ) क्षतिपूर्ति भराइदिने र सो बाहेकका अन्य अभियोग दाबीको अन्य कसुरबाट निज प्रतिवादीलाई सफाइ दिने गरी मिति २०७६/६/६ मा उच्च अदालत पाटनबाट भएको फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने

ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: मनोज बराल/शोभा पाठक

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७९ साल वैशाख ४ गते रोज १ शुभम् ।

## ६२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७८-WO-०२४५, उत्प्रेषणसमेत, गौतम भण्डारीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

नेपालको संविधानको धारा ३०२ बमोजिम सङ्घीय निजामती सेवा तथा सरकारी सेवामा कार्यरत राष्ट्रसेवकलाई नेपाल सरकारले कुनै तहमा समायोजन गर्न कर्मचारी समायोजन ऐन, २०७५ जारी भएको, उक्त कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ बमोजिम कर्मचारी समायोजन गर्ने प्रयोजनका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने सङ्गठन संरचना तथा दरबन्दी नेपाल सरकारले स्वीकृत गर्नुपर्ने व्यवस्थाबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको सङ्गठन संरचना नेपाल सरकारबाट स्वीकृतसमेत भई सो स्वीकृत सङ्गठन संरचना र दरबन्दीभित्र सरकारी सेवाका कर्मचारीलाई सङ्घमा समायोजन गर्नुपर्दा ऐनको दफा ८(१) बमोजिम क्रमशः कार्यरत पदको जेष्ठता, कार्यरत पदभन्दा तल्लो श्रेणी वा तहको पदको जेष्ठता, उमेरको जेष्ठता जस्ता प्राथमिकताका आधारमा समायोजन गर्नुपर्ने र सोही दफाको उपदफा (२) बमोजिम प्रदेश वा स्थानीय तहका पदमा समायोजन गर्नुपर्दा क्रमशः कार्यरत पदको जेष्ठता, कार्यरत पदभन्दा तल्लो श्रेणी वा तहको पदको जेष्ठता, कर्मचारी हाल कार्यरत रहेको प्रदेश वा स्थानीय तह, हालको स्थायी बसोबासको ठेगाना, नागरिकताको प्रमाणपत्रमा उल्लिखित ठेगाना, उमेरको जेष्ठताका आधारमा समायोजन गर्नुपर्नेका साथै सो दफाको उपदफा (३) बमोजिम प्रदेश वा स्थानीय तहको सेवामा कर्मचारी समायोजन गर्दा सम्भव भएसम्म पति पत्नीलाई एकै जिल्लामा पर्ने गरी समायोजन गर्नुपर्ने व्यवस्थाका आधार र प्रक्रियाबमोजिम निवेदकहरूको प्रदेश तथा स्थानीय तहको कार्यालयमा समायोजन भएको देखिन्छ । सङ्घमा दरबन्दी रिक्त भएसम्म प्रदेश वा स्थानीय तहमा समायोजन हुन नसक्ने हो भने प्रदेश र स्थानीय तहमा सेवा सञ्चालनमा बाधा व्यवधान उत्पन्न हुन सक्ने कुरालाइ नकार्न सकिँदैन । निवेदकहरूको प्रदेश वा स्थानीय तहमा समायोजन भए पनि सेवा सर्त प्रतिकूल देखिँदैन । संविधानबमोजिमको सङ्घीयता कार्यान्वयनका लागि गरिएको कर्मचारी समायोजन प्रक्रिया नै अवरूद्ध हुने गरी दायर गरिएको रिट निवेदनको मूल दाबी कानूनसम्मत मान्न नमिल्ने ।

तसर्थ, विपक्षी लोकसेवा आयोगबाट सङ्घको लागि हामी निवेदकहरू नियुक्ति भएको सेवा, समूह र पदमा मिति २०७६।०८।२५ मा विज्ञापन नं.१६६९४-१६७००/०७६-७७ बाट ५६० जना र मिति २०७७।०८।२४ मा विज्ञापन नं. १६६९५-१६७०१/०७७-७८ बाट ११४ जनाको सिट गरी पटकपटक विज्ञापन गरी पदपूर्ति गर्ने गरिएको विज्ञापनलगायत हामी निवेदकहरूमध्ये खगेन्द्र राज जोशीको मिति २०७६।१।१३ को निर्णय र बाँकी निवेदकहरूको मिति २०७५।११।५ को निर्णयद्वारा प्रदेश र स्थानीय तहमा गरेको समायोजन र सोसम्बन्धी सम्पूर्ण कामकारबाही नेपालको संविधानको धारा ४६ र धारा १३३ (२), (३)समेत बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी नेपालको संविधान जारी भइसकेपछि सङ्घको लागि गरिएको विज्ञापन अनुसार सङ्घमा नियुक्ति भएका हामी निवेदकहरूले पहिलो प्राथमिकतामा सङ्घ माग गरेको तथा सङ्घमै रही काम गर्ने इच्छा रहेका हामी निवेदकहरूलाई सङ्घको दरबन्दीमा समायोजन पदस्थापन गरी बाँकी रहेको दरबन्दीमा मात्र लोक सेवा आयोगबाट विज्ञापन गरी पदपूर्ति गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशलगायत अन्य जो चाहिने उपयुक्त आदेश जारी गरिपाउँ भन्ने निवेदन मागबमोजिमको उत्प्रेषण एवम्

परमादेशको आदेश जारी हुन सक्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत (उपसचिव) : सुरेश के.सी.

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७८ साल फाल्गुण १६ गते रोज २ शुभम्।

- यसै लगाउका ०७८-WO-०३५९, उत्प्रेषणयुक्त परमादेश, विजयकुमार यादवसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

### ६३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ,** *०७८-WH-०१७७, बन्दीप्रत्यक्षीकरण, सुमित भण्डारी वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

कुनै कसुरको अभियोग लागेको व्यक्तिका नाममा समाह्वान जारी गर्नुको मतलब निजका विरूद्धमा लागेको अभियोगका सम्बन्धमा सुनुवाइको मौका दिनु रहेको हुन्छ। आफू विरूद्ध लागेको कसुरको अभियोगका सम्बन्धमा सुनुवाइको मौका पाउनु प्राकृतिक न्यायको सिद्धान्त पनि हो । न्यायिक प्रक्रियामा यो सिद्धान्तको पालनालाई अनिवार्य तत्त्वको रूपमा लिने गरिन्छ । कुनै कानूनमा व्यवस्था भएको रहेन छ भने पनि यो सिद्धान्तको पालनाबिना भएको कारबाहीले न्यायिक मान्यता पाउने स्थिति रहँदैन । त्यसैले सुनुवाइको मौका पाउने र दिनेसम्बन्धी कानूनी व्यवस्था भएको रहेछ भने त्यस्तो व्यवस्थाको अक्षरश: पालना गरिनुपर्ने हुन्छ । यो सैद्धान्तिक मान्यता र मुलुकी फौजदारी कार्यविधि ऐन, २०७४ को दफा ६१(४) मा भएको व्यवस्थालाई आधार मान्दा निवेदनमा उल्लिखित कसुरको अभियोगका सम्बन्धमा यी निवेदकलाई सुनुवाइको मौका स्वरूप निजका नाममा समह्वान जारी भएको र निजको घर दैलोमै तामेल भएको देखिएको भए पनि यसरी तामेल गर्दा रोहबरमा स्थानीय तहको सम्बन्धित वडाको सदस्यलाई राखेको हुनुपर्नेमा सोबमोजिमको रीत पुगेको देखिँदैन । यसरी बेरितपूर्ण तामेल भएको समाह्वानबाट वास्तविक अर्थमा प्रतिवादीले सुनुवाइको मौका पाएको भनी मान्न पनि मिल्ने नदेखिने ।

यस प्रकार मिति २०७७।६।१४ मा तामेल भएको म्यादलाई रीतपूर्वकको मान्न मिल्ने नदेखिएको र बेरितपूर्ण तवरले तामेल भएको म्यादलाई आधार मानी उच्च अदालत पाटनबाट मिति २०७७।९।१३ मा भएको फैसला प्राकृतिक न्यायको सिद्धान्तअनुरूप भएको मान्न मिल्ने नदेखिएकोले उक्त मुद्दाको काम कारबाही उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निज निवेदकलाई अभियोगबमोजिम बैंकिङ कसुर मुद्दामा उपस्थित गराई अदालतको रोहबरमा म्याद बुझाई थुनछेकको आदेशदेखि नै मुद्दाको कारबाहीमा संलग्न गराई पुनः कानूनबमोजिम गर्नु गराउनु होला भनी परमादेशको आदेशसमेत जारी हुने ठहर्छ। यी रिट निवेदक प्रतिवादी रहेको उक्त बैंकिङ कसुर मुद्दामा पुनः कारबाही चलाई निवेदकको हकमा फैसलाबमोजिम हुने नै हुँदा हाल बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृत: सुरेश के.सी./शोभा पाठक

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७९ साल वैशाख ०६ गते रोज ३ शुभम्।

### ६४

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७६-CR-०९४८, लागु औषध खैरो हेरोइन, प्रविण भण्डरी वि. नेपाल सरकार*

अनुसन्धान अधिकारीसमक्षको बयानलाई अस्वीकार गरी अदालतमा इन्कारी बयान गरेकै आधारमा मात्र अनुसन्धान अधिकारीसमक्ष भएको बयानको प्रामाणिक मूल्य शून्य हुने होइन । प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) मा उल्लेख भएबमोजिम निजलाई यातना दिई वा निजलाई आफ्नो इच्छा विरूद्ध बयान दिने स्थितिमा पारी बयान दिनुपरेको स्थिति प्रमाणित भएको अवस्थामा मात्र अनुसन्धान अधिकारीसमक्ष भएको बयानको प्रामाणिक मूल्यमा प्रश्न

उठ्ने हो । तर प्रस्तुत मुद्दामा सोबमोजिम अनुसन्धान अधिकारीसमक्षको आफ्नो बयान स्वेच्छा विरूद्धको हो भनी प्रमाणित हुने कुनै प्रमाण प्रतिवादीले पेस गर्न सकेको देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा ९(१) ले कुनै पक्षले व्यक्त गरेको कुरा निजका विरूद्धमा प्रमाण लाग्ने व्यवस्था गरेको देखिन्छ तर जसले व्यक्त गरेको हो उसैको पक्षमा प्रमाणमा लिइने व्यवस्था गरेको देखिँदैन । किनभने कसुरमा साबित हुन्छ भने साँचो सही नभई आफ्नै हितविपरीत हुने गरी साबित हुने कल्पना गर्न सकिँदैन भन्ने मान्यतामा यो व्यवस्था भएको पाइन्छ। तर कसुरमा इन्कार रहनु अस्वाभाविक हुँदैन । यहाँनिर एउटा विचारणीय कुरा के हुन्छ भने अनुसन्धान अधिकारीसमक्षको साबितीलाई प्रमाणमा लिँदा स्वेच्छा, धम्की वा आश्वासन तत्त्वको प्रभावको सम्भावनालाई सधैँ र सबै अवस्थामा इन्कार गर्न सकिने अवस्था नहुने भएकोले अनुसन्धान अधिकारीसमक्षको साबितीलाई प्रमाणमा लिँदा जहिले पनि त्यस्तो साबिती अन्य स्वतन्त्र प्रमाणहरूबाट पनि समर्थित हुनुपर्ने आवश्यकतालाई प्रमाण कानूनको सन्दर्भमा स्थापित मान्यता बनेको देखिन्छ । यो सैद्धान्तिक मान्यताको सन्दर्भमा हेर्दा पनि यी प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयान बरामदी मुचुल्का र बरामदी मुचुल्कामा बस्ने व्यक्तिहरूले अदालतमा उपस्थित भई गरिदिएको बकपत्रबाट समर्थित भइरहेको देखिँदा निजको पुनरावेदन जिकिरलाई मान्यता दिन सकिने अवस्था नदेखिने ।

बरामदी लागु औषध आफ्नो साथबाट बरामद भएको नभई प्रतिवादीमध्येका दिनेश भण्डारीले फाली छाडेको अवस्थामा बरामद भएकोमा त्यस्तो बरामदी मुचुल्कालाई आफ्नो विरूद्धमा प्रमाण ग्रहण गरेको भन्ने जिकिर पनि प्रतिवादीले आफ्नो पुनरावेदनमा लिएको देखिन्छ। प्रथमत: बरामदी मुचुल्का र बरामदी मुचुल्कामा बस्ने तथा बरामदी मुचुल्काको काम तामेल गर्ने व्यक्तिहरूको बकपत्र बेहोराबाट निजको यो भनाइ बेहोरा खण्डित भएको अवस्था देखिएको छ । निजै प्रतिवादीले देखाए चिनाएको आधारमा अर्का प्रतिवादी हेमन्तराज ढुङ्गाना पक्राउ परेको अवस्था देखिन्छ । यी प्रतिवादीले आफ्नो बयानमा आफूले लागु औषध हेमन्तराज ढुङ्गानासमेतलाई बिक्री गर्ने गरेको भनी बयान गरेकोमा प्रतिवादी हेमन्तराज ढुङ्गानाले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा यी प्रतिवादी कै बयान बेहोरा पुष्टि हुने गरी प्रविण भण्डारीबाट ३।४ पटक लागु औषध खरिद गर्ने गरेको हो भनी बयान गरेको देखिन्छ। प्रतिवादी प्रविण भण्डारी र हेमन्तराज ढुङ्गानाबिच पटक पटक फोन सम्पर्क हुने गरेको तथ्य निजहरूबिच हुने गरेको कल डिटेल अभिलेखबाट पुष्टि भएको छ । हेमन्तराज ढुङ्गानाले अदालतमा बयान गर्दा पनि आफ्नो मौकाको बयान बेहोरालाई समर्थन गरी बयान गरेको देखिन्छ। निजलाई कसुरदार ठहराई भएको फैसलाउपर निजले चित्त बुझाई बसेको अवस्था देखिन्छ। यी प्रतिवादीले अदालतमा बयान गर्दा आफ्नै बिहेको क्याटरिङ्गको सम्बन्धमा आफू र दिनेश कुरा गर्दा गर्दैको अवस्थामा प्रहरीहरू आएको थाहा पाई दिनेशले लागु औषधको पोका फालेर भागेको र सोही लागु औषध प्रहरीले बरामद गरेको हो भनी बयान गरेको देखिएको छ। तर बिहेको क्याटरिङ्गको विषयमा सल्लाह गर्न गएको दिनेशले किन लागु औषध बोकेर गएको होला ? भन्ने प्रश्न छ। यदि निजहरूबिच लागु औषधको कारोबार नहुने गरेको भए बिहेको कुरा गर्न जाँदा लागु औषध बोकेर गएको कुरा विश्वसनीय छैन। तर बरामदी मुचुल्कालगायतका माथि उल्लिखित प्रमाणहरूबाटै बरामद भएका लागु औषधहरू यी प्रतिवादीकै साथबाट बरामद भएको प्रमाणित भएको अवस्था हुँदा बरामदी लागु औषध दिनेशको साथबाट बरामद भएको भन्ने निजको जिकिरलाई मान्यता दिन नसकिने।

यस प्रकार प्रतिवादी प्रविण भण्डारीले लागु औषध खैरो हिरोइन खरिद गर्ने, ओसारपसार गर्ने, सञ्चय गर्ने तथा बिक्री वितरण गरेको तथ्य पुष्टि हुन आएकोले प्रतिवादी प्रविण भण्डारीलाई अभियोग माग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ), (ङ) र (च) को कसुरमा सोही ऐनको

दफा १४ को उपदफा (१) को खण्ड (छ) को देहाय (२) अनुसार एघार वर्ष कैद र एक लाख रूपैयाँ जरिवाना हुने ठहराई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७५/१/५ मा भएको फैसलालाई सदर हुने ठहर्‍याई उच्च अदालत पाटनबाट मिति २०७६।०२।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: देवी चौधरी

इति संवत् २०७९ साल वैशाख ०६ गते रोज ३ शुभम्।

**६५**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७८-RC-००३७, कर्तव्य ज्यान, नेपाल सरकार वि. बुलेन्द्र यादव*

मृतकका भाइ राज कुमार बस्नेतले प्रतिवादीकै कर्तव्यबाट मृतकको मृत्यु भएको भनी किटानी जाहेरी दिए अनुसार अनुसन्धान तहकिकातको कार्य सम्पन्न भई प्रतिवादीउपर प्रस्तुत अभियोग पत्र दायर भएको देखिन्छ। जाहेरवालाले जाहेरी दिँदा मृतक दाजुसँग निजको लास भेटिनुभन्दा १ दिन अगाडि सम्पर्क हुँदा अब म बाँच्दिन होला, मलाई अब मेरो साथीले नै मार्ने भए, भेट हुन गाह्रो छ तर भाउजूलाई नभन्नु भन्नुभएको र भोलिपल्ट झुण्डिई मरेको अवस्थामा लास भेटिएको, लास हेर्दा आफैँ झुण्डिएको नभई झुण्ड्याइएको देखिएको, उक्त राति मृतक र प्रतिवादी सँगै सुतेका, सुतेको कोठा र घर अगाडिको आँगन निजै प्रतिवादीले लिपपोत गरेको, पासो घाँटीमा नरही चिउँडोमा रहेको, लास भेटिएको ठाउँमा प्रतिवादीलाई सङ्केत गरी यसैले मारेको हुनुपर्छ भन्नासाथ भाग्न सफल भएकोले निजैले घाँटी थिची मारी रूखमा झुण्ड्याएको हुँदा कारबाही गरिपाउँ भनी उल्लेख गरेको देखिन्छ। मृतकको लास जाँच प्रकृति मुचुल्का हेर्दा घाँटीमा १ से मि चौडाइ भएको निलोकालो डाम देखिएको, सो डाम बायाँ कानमुनिदेखि चिउँडो मुनिसम्म १ फिट लामो गोलाइ रहेको, चिउँडोमुनिदेखि रूद्र घण्टीको भागसम्म ६ से. मि कोतरिएको जस्तो चोट रहेको, घाँटीको डाम यु आकारको रहेको देखिन्छ। मृतकको शव परीक्षण हुँदा मृत्युको कारणमा Asphyxia due to strangulation भनी उल्लेख भएको देखिन्छ। शव परीक्षण गर्ने चिकित्सकहरू डा. रामदेव चौधरी र डा. अवधेशकान्त झाले अदालतमा बकपत्र गर्दा मृतकको शरीरको घाँटीको अगाडि भागमा दाहिनेतिर एउटा बुढीऔँलाको डाम देखिएको र देब्रेभागमा ४ वटा औँलाको डाम देखिएको हो, मृतकको घाँटी थिचिएर निसास्सिएर मृत्यु भएको हो भनी खुलाइदिएको देखिन्छ। यसरी लास जाँच मुचुल्काबाट घाँटीमा डाम देखिएको, शव परीक्षण हुँदा पनि घाँटीको अगाडि दाहिने भागमा एउटा बुढी औँलाको डाम र देब्रे भागमा ४ वटा औँलाको डाम देखिएको तथा मृत्युको कारणमा Hanging उल्लेख नभएर Strangulation भन्ने उल्लेख भएकोबाट मृतकको मृत्यु कर्तव्यबाट भएको भनी प्रमाणित भएको देखिने।

प्रतिवादीको कर्तव्यले मारिएको अवस्था देखिन्छ वा देखिँदैन भनेर बिचार गर्दा निजउपर किटानी जाहेरी परेको देखिन्छ। जाहेरवालाको भनाइमा एकदिन अगाडि मृतकसँग सम्पर्क हुँदा साथीले मार्ने भए भनी भनेको बेहोरा लेखाएको देखिएको छ। निजले अदालतमा बकपत्र गर्दा पनि उक्त बेहोरालाई समर्थन गरी लेखाइदिएको देखिन्छ। मौकामा कागज गर्ने पिताम्वर बस्नेत, खोप बहादुर खड्का, निर बहादुर बस्नेत, उषा बस्नेत र मुना बस्नेतले मौकामा कागज गर्दा र अदालतमा बकपत्र गर्दासमेत प्रतिवादीउपर कर्तव्यवाला देखाई आ-आफ्नो बेहोरा लेखाइदिएको देखिन्छ। स्वयम् प्रतिवादीले बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको भए पनि वारदातको राति प्रतिवादी र आफू सँगै सुतेको तथ्यलाई स्वीकारेको पाइन्छ। मृतकको लास झुण्डिएको देखी हल्ला गर्ने पहिलो व्यक्ति पनि निज प्रतिवादी नै रहेको देखिन्छ। मृतकको घाँटीमा निल डाम कसरी परेको हो सोका सम्बन्धमा अन्य कारण दर्शिने तथ्ययुक्त बेहोरा निज प्रतिवादीले लेखाउन सकेको देखिँदैन। मौकामा कागज गर्ने अधिकांश मानिसहरूले परिस्थितिजन्य

आधारमा निज प्रतिवादीलाई नै दोषी देखाई आ-आफ्नो बेहोरा लेखाएको देखिन्छ तर यी व्यक्तिहरूसँग प्रतिवादीको कुनै रिसइवी रहेको भन्ने देखिँदैन । कुनै रिसइवी नरहेका व्यक्तिहरूले बिनाकारण प्रतिवादीलाई दोष लगाउनुपर्ने कुनै अवस्था पनि देखिँदैन । यो स्थितिमा यी प्रतिवादीबाहेक अरू कसैको कर्तव्यले निज मृतकको मृत्यु भएको भनेर भन्न सकिने अवस्था नदेखिने।

अतः निज प्रतिवादी बुलेन्द्र यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको महोत्तरी जिल्ला अदालतको मिति २०७६।९।८ को फैसला साधक सदर हुने ठहऱ्याएको उच्च अदालत जनकपुरको मिति २०७७।१०।१४ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत (उपसचिव): हेमराज तिमिल्सैना/ शोभा पाठक

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७९ साल वैशाख ६ गते रोज ३ शुभम्।

## ६६

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७६-CR-०५१७, जबरजस्ती करणी, वीरेन्द्रनगर A वि. नेपाल सरकार*

जबरजस्ती करणीको मुद्दामा पीडितको भनाइ बेहोरा र निजको शारीरिक परीक्षण प्रतिवेदनबाट देखिएको बेहोराले महत्त्वपूर्ण स्थान राख्ने हुन्छ । प्रस्तुत मुद्दामा पीडित परिवर्तित नाम ६४ बीरेन्द्रनगर 'च' ले मौकामा कागज गर्दा र अदालतमा बकपत्र गर्दासमेत प्रतिवादीउपर किटानी पोल गरी निजले आफूलाई जबरजस्ती करणी गरेको भनी लेखाएको देखिएको छ । निज पीडितको शारीरिक परीक्षण भएकोमा Hymen not intact भन्ने बेहोरा उल्लेख भएको देखिएको छ । जबरजस्ती करणीबाहेक अन्य कारणले निजको कन्याजाली च्यातिएको भन्न सकिने कुनै प्रमाण मिसिलमा पेस हुन आएको देखिँदैन । जन्मदिने बाबुलाई छोडी आमाको साथ लागी आएकी यी पीडित निजै प्रतिवादीको सहारामा रही बसी आएको स्थिति देखिँदा बिनाकारण निजले प्रतिवादीउपर यस्तो कसुरको आरोप लगाउनुपर्ने कुनै कारण पनि रहेको देखिँदैन । निज पीडितको उमेर हेर्दा १४ वर्ष पनि नपुगेकी अवस्थाको देखिएको छ । यो स्थितिमा प्रतिवादीले अभियोग माग दाबीबमोजिमको जबरजस्तीको करणीको कसुर नगरेको भन्न सकिने अवस्था नदेखिने।

पीडितले आफूलाई बताएको आधारमा जाहेरी दिएको भनी जाहेरी दिने जाहेरवालाको किटानी पोल रहेको छ । जसुदा वि. क र कमला बुढाले पनि प्रतिवादीउपर किटानी पोल गरी कागज गरिदिएको देखिएको छ । स्वयम् प्रतिवादीकी श्रीमती परिवर्तित नाम G२ ले पनि मौकामा कागज गर्दा पीडितको भनाइ बेहोरालाई समर्थन गर्दै प्रतिवादीले कसुर गरेको पुष्टि हुने गरी आफ्नो बेहोरा लेखाएको देखिएको छ। मौकामा कागज गर्ने कमला बुढाले अदालतमा उपस्थित भई बकपत्र गर्दा पनि मौकाको आफ्नो भनाइ बेहोरालाई समर्थन गरी लेखाइदिएको देखिएको छ । प्रमाण ऐन, २०३१ को दफा १०(१) को (क)(ख) बमोजिम घटनाका सम्बन्धमा पीडितले वा त्यस्तो घटना थाहा पाउने व्यक्तिले व्यक्त गरेको यी भनाइ बेहोराहरूलाई प्रमाणमा लिनुपर्ने व्यवस्था भएको देखिने।

प्रतिवादीले वारदात भएको भनी देखाइएको मिति २०७५।१।१५ गते आफू घरमै नरहेको र रामेछापमा रहेको भनी अन्यत्र रहेको जिकिर लिएको कुरा छ, सो सम्बन्धमा विचार गर्दा निजले अनुसन्धान अधिकारीसमक्षको बयानमा यो जिकिर लिएको देखिँदैन । अनुसन्धान अधिकारीसमक्षको यो बयान बेहोरा आफ्नो स्वेच्छा विरूद्धको हो भनी प्रमाणित गर्न सकेको पनि देखिँदैन । अदालतमा बयान गर्दा रामेछापबाट मिति २०७५।१।२३ मा मात्र घर फर्केको भनी बयान गरेको र निजकी श्रीमतीले पनि अदालतमा बकपत्र गर्दा सोही बेहोरा लेखाएको देखिएको भए पनि पीडित, जाहेरावालाको जाहेरी र मौकामा कागज गर्ने कमला बुढासमेतको बकपत्र बेहोराबाट प्रतिवादीको

उक्त जिकिर खण्डित भएको देखिएको छ । प्रतिवादीको जिकिरबमोजिम रामेछापमा रहेको देखिने अन्य कुनै आधिकारिक लिखत प्रमाण पेस भएको देखिँदैन । पीडितका अनुसार मिति २०७५।१।१५ गतेको दिनमा मात्र जबरजस्ती करणीको कसुर गरेको नभई पाँच पटकसम्म गरेको भनी लेखाएको देखिएको सन्दर्भमा उक्त मितिमा घरमा नरही रामेछापमा रहेको भन्ने जिकिरले खासै अर्थ राख्ने स्थिति पनि देखिने ।

यसप्रकार प्रस्तुत मुद्दामा प्रतिवादीउपर जबरजस्ती करणी गरेको कसुरमा किटानी जाहेरी परेको, पीडित, जाहेरवाला तथा अन्य मौकामा कागज गर्ने मानिसहरूसमेतले मौकामा गरेको कागज बेहोरालाई समर्थन हुने गरी अदालतमा आई बकपत्र गरेको, प्रतिवादीले मौकामा र अदालतमा समेत कसुरमा इन्कारी बयान गरेको भए पनि उक्त इन्कारी बेहोरालाई ठोस एवम् विश्वसनीय प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिएकोसमेतको अवस्थामा उच्च अदालत सुर्खेतबाट मिति २०७५/११/२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: मनोज बराल/शोभा पाठक

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७९ साल वैशाख ६ गते रोज ३ शुभम् ।

## इजलास नं. ११

### ६७

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७८-WH-०१२२, बन्दीप्रत्यक्षीकरण, निशुङ लामाको नाउँमा निर्मला लामा तामाङ वि. काठमाडौं जिल्ला अदालतसमेत*

बालिका निशुङ लामाको जन्म मितिबाट निज बालिकाको उमेर गणना गर्दा हाल निज बालिका ६ (छ) वर्ष पूरा भएको देखियो । आमा निर्मला लामा तामाङले अर्को विवाह गरेको देखिएन । प्राकृतिक एवम् स्वाभाविक रूपमै आमा आफ्नो बच्चासँग नजिक हुन्छ । बालिकाकी बुवा ज्ञानेन्द्र लामाले निज बालिका आफ्नो साथमा राखिपाउँ भनी दाबी लिएको पनि देखिँदैन । मुलुकी देवानी संहिता, २०७४ को दफा ११५(१)(ख) मा "कानूनबमोजिम पति पत्नीको वैवाहिक सम्बन्ध अन्त्य भएकोमा निजहरूबाट जन्मिएको नाबालक पाँच वर्षभन्दा माथिको नाबालक भए आमाले अर्को विवाह गरेकोमा बाहेक निजले चाहेमा निजको जिम्मामा रहने छ" भन्ने व्यवस्था रहेको छ । प्रस्तुत विवादमा निज बालिकाको उमेर पाँच वर्षभन्दा माथिको नाबालिग भएको देखिएको तथा निज निवेदिकाले अर्को विवाह गरेको भन्ने लिखित जवाफ तथा बहसको क्रममा पनि उल्लेख भएको नदेखिँदा र निज निवेदिकाले बच्चालाई आफ्नो जिम्मा लगाइपाउँ भनी माग गरेको देखिन्छ । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६ बमोजिमसमेत हेर्दा निज नाबालिका कानूनी रूपमा निवेदिका आमाले नै जिम्मा पाउने देखिने ।

निज बालिकालाई हालसम्म ममतापूर्वक पालनपोषण गर्ने हजुरबुवा, हजुरआमा तथा फुपुलगायतका परिवारले भेटघाट गर्न पाउने सम्बन्धमा यस अदालतको ने.का.प.७३८९ अङ्क ६ नि.नं.७३८९ नाबालक विवेक चालिसेसमेत विरूद्ध सत्यवती चालिसेसमेतको बन्दीप्रत्यक्षीकरण मुद्दामा "नाबालक छोराछोरीको आमा मन्जु चालिसे निजहरूको संरक्षक देखिन आएको स्थितिमा आमा हुँदाहुँदै हजुरआमा सत्यवती चालिसेलाई संरक्षकत्वको अधिकार भएको भन्न नमिल्ने । संरक्षकत्व प्रदान गर्न पाउने अधिकार भएकी त्यस्ता नाबालकरूको आमा मन्जु चालिसेको मन्जुरीबेगर हजुरआमा सत्यवती चालिसेले नाबालकहरूलाई निजहरूको आमासँग भेटघाट गर्नसमेत नदिई आफ्नो घरमा लगिराखेको क्रियालाई गैरकानूनी कार्य मान्नुपर्ने" भनी सिद्धान्त प्रतिपादन भएको पाइने ।

त्यसैगरी, ने.का.प.२०७६ अङ्क ११ नि.नं.१०३९१ हरिकृष्ण सुवेदी विरूद्ध श्रीजया कार्कीसमेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा

"सामान्यतया अदालत वा न्यायाधीशले बालबालिकाको सर्वोत्तम हित हेर्दा बच्चाको विशिष्ट परिस्थिति, उसको व्यक्तिगत अवस्था र परिवेशलाई मूल्याङ्कन गर्नुपर्दछ । त्यस्तै यस्तो निर्णयमा पुग्दा बुबा, आमा, हजुरबुबा, हजुरआमा, कुनै पनि नातेदार वा अन्य सङ्घ संस्थाको परिस्थिति वा अवस्था होइन निज बालकको परिस्थिति र इच्छासहितको वस्तुगत दृष्टिकोण महत्त्वपूर्ण हुने। बाबु वा आमालाई प्रत्यक्ष भेट गर्न नदिने भन्ने विषयले सम्बन्धित बालबालिकालाई गम्भीर खतरा सिर्जना गर्न सक्छ। बालिकाका बाबुले आफूले राख्न पाउने भन्ने दाबी पनि नगरेको र हजुरबुबा हजुरआमाले दाबी गरेको प्रसङ्गमा स्वाभाविक रूपमा आमाले अर्को विवाह नगरेको अवस्थामा निजले नै राख्न पाउनुपर्ने भन्ने प्रसङ्ग तार्किक देखिने। एक नवजात सन्तानलाई संसारसँग साक्षात्कार गराई स्तनपानको माध्यमद्वारा आहारा र आफ्नै आँचलमा साहारा दिई ममतापूर्वक हुर्काउने जननीको यो प्राकृतिक देनलाई उनको प्रजनन अधिकारको सामिप्यतासँगसमेत जोडेर हेरिनुपर्ने। बालिका आफ्नो आमाको साथमा रहनु स्वभावैले प्राकृतिक र प्राथमिक विषय हो" भनी उल्लेख भएको छ । प्रस्तुत रिट निवेदनमा बालिका निशुङ लामालाई आफ्नी आमा बुबा विदेश रहेबसेको समयमा निजकी हजुरबुवा, हजुरआमा, फुपूहरूले पालनपोशण गरी आफ्नो कर्तव्य पूरा गरेको देखिन्छ। आमा निर्मला लामा तामाङले अर्को विवाह नगरेको र निज नेपाल फर्की आई आफ्नी छोरी जिम्मा लिई साथमा लाने भनेको हुँदा माथि उल्लिखित ऐन कानून तथा नजिर सिद्धान्तबमोजिम समेत हेर्दा निज नाबालिका कानूनी रूपमा निवेदिका आमाले नै जिम्मा पाउने देखिने ।

तसर्थ, काठमाडौं जिल्ला अदालतको मिति २०७८।९।२३ मा भएको आदेश बदर गरी तत्काल निज बालिकालाई अदालतमा हाजिर गराई निजको अधिकारको संरक्षण गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी नाबालिग निशुङ लामालाई यस अदालतको मुद्दा महाशाखा प्रमुखको रोहमा आमा निवेदिका निर्मला लामा तामाङको जिम्मा लगाई निज बालिकाको पासपोर्टलगायतका कागजात निवेदिका आमालाई जिम्मा दिने।

इजलास अधिकृत: अनु याकामी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७८ साल माघ ५ गते रोज ४ शुभम्।

## इजलास नं. १६

### ६८

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री नहकुल सुवेदी,** *०७६-RB-०२८१, बैंकिङ कसुर, नेपाल सरकार वि. उपेन्द्र प्रसाद चौधरी*

जाहेरवालाले प्रतिवादीबाट के कति रकम भराई लिन पाउने हो र बिगो के कति कायम हुने हो भन्नेतर्फ हेर्दा जाहेरवालाले सुरू जाहेरीमा प्रतिवादीबाट चेकमा उल्लिखित रकम रू.१०,००,०००।– (दश लाख रूपैयाँ) भराइपाउँ भन्ने बेहोरा उल्लेख गरेको भए तापनि सुरू उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जमा मिति २०७६।०७।२९ मा जाहेरवालाले दिएको द.नं. २६९८ को निवेदनमा भुक्तान हुन नसकेको चेकबमोजिमको रकम मिति २०७६।०७।२८ मा प्रतिवादीबाट प्राप्त गरी भरपाइसमेत गरिदिएको छु भन्ने बेहोरा उल्लेख रहेको देखिन्छ । जाहेरवालाले प्रतिवादीलाई गरिदिएको उक्त मिति २०७६।०७।२८ को भरपाइको प्रतिलिपि र मिति २०७६।०७।२९ मा दर्ता गरेको निवेदनमा निज जाहेरवालाले सुरू अदालतमा उपस्थित भई सनाखतसमेत गरिदिएको सुरू सक्कल मिसिलबाट देखिन आउँछ । यसरी प्रतिवादीउपर अभियोगपत्र दायर भइसकेको अवस्था भए तापनि जाहेरवालाले प्रतिवादीबाट पाउनुपर्ने रकम प्राप्त गरिसकेको तथ्य उक्त मिति २०७६।०७।२९ मा सुरू अदालतमा जाहेरवालाबाट दर्ता गराइएको निवेदन र सोसाथ पेस भएको भरपाइको प्रतिलिपिसमेतबाट पुष्टि भइरहेको अवस्थामा सो तथ्यलाई अन्यथा मान्नुपर्ने अवस्था नदेखिने ।

यस सम्बन्धमा यस अदालतको पूर्ण

इजलासबाट पुनरावेदक प्रतिवादी निर्मला सोडारी विरूद्ध नेपाल सरकार भएको बैंकिङ कसुर मुद्दा (०७६-NF-००११) मा "खातामा पर्याप्त रकम नरहेको जानी जानी चेक काटेको अवस्थामा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को व्यवस्थाले कसुर मानिएको भए पनि बैंक तथा वित्तीय संस्थाबाट त्यस्ता चेकबापत रकम भुक्तानी नलिएको रकमको लेनदेन चेक जारीकर्ता र चेकधारकबिचको आपसी आर्थिक सम्बन्धसँग सरोकार राख्ने विषय भएको हुँदा त्यस्तो विषयमा नेपाल सरकारबाट समेत पक्षहरूबिच छिटो छरितो र सरल प्रक्रियाबाट न्यायको अनुभूति दिलाउन मिलापत्र गराउन सकारात्मक धारणा राखिएको सन्दर्भमा प्रस्तुत फैसलाको कार्यान्वयन गर्दासमेत पक्षहरूको पहलमा नेपाल सरकारको तर्फबाट पनि हाल प्रचलित मिलापत्रको लागि स्वीकृत दिने प्रक्रिया अपनाउन सकिने" भनी गरेको व्याख्याबाट समेत सर्वसाधारणको बिगोको विवाद समावेश भएको बैंकिङ कसुरसम्बन्धी मुद्दामा चेकधारक पीडित र चेक जारीकर्ता प्रतिवादीहरूबिच विचाराधीन मुद्दा मिलापत्र गर्न सकिने दृष्टिकोण राखेको र तदनुरूप यस्ता मुद्दामा वादी नेपाल सरकारले जाहेरवाला र प्रतिवादीबिच मिलापत्र गर्न अनुमति दिने एवम् अदालतले मिलापत्र गराउने न्यायिक अभ्याससमेत रहेको सन्दर्भमा जाहेरवालाले प्रतिवादीबाट भुक्तानी हुन नसकेको चेकबमोजिमको रकम प्राप्त गरेको सन्दर्भलाई प्रतिवादीउपरको अभियोग दाबी स्थापित हुन नसक्ने परिस्थितिका रूपमा लिनुपर्ने भए तापनि सो सम्बन्धमा प्रतिवादीले सुरू फैसला स्वीकार गरी पुनरावेदन गरेको नदेखिँदा सो सम्बन्धमा थप बोलिरहनुपर्ने आवश्यकता देखिएन । उल्लिखित तथ्य प्रमाणबाट प्रतिवादीले जाहेरवालालाई बिगो बुझाउनुपर्ने अवस्था देखिने ।

अत: उल्लिखित आधार, कारण, कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा प्रतिवादी उपेन्द्र प्रसाद चौधरीलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ को देहाय (ग) को कसुरमा ऐ. ऐनको दफा १५(१) बमोजिम १ (एक) महिना कैद सजाय गरी बिगो र जरिवानाको हकमा जाहेरवालाले चेकबमोजिम पाउनुपर्ने रकम प्राप्त गरिसकेको भनी बिगो तिर्न नपर्ने र प्रतिवादीलाई जरिवाना सजायसमेत नहुने ठहऱ्याई भएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७६।०७।२९ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: विमल रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल आषाढ २२ गते रोज ४ शुभम्।

यसै लगाउका मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७६-RB-००२५, बैंकिङ कसुर, नेपाल सरकार वि. विष्णुप्रसाद आचार्य
- ०७८-RB-०३७८, बैंकिङ कसुर, शोभा गुरूङ वि. नेपाल सरकार
- ०७६-RB-०२३४, बैंकिङ कसुर, नेपाल सरकार वि. राजेश सुनुवार रसैली